सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१५ कात्तिक २०८१, बिहीबार (31 Oct 2024, Thursday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १८ ■ अंक १९७ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

■ ढकमक्क सयपत्री



सयपत्री फूल टिप्दै काठमाडौं इचंगु, कल्लाबारीमा किसान । इचंगु क्षेत्र अहिले सयपत्री र गोदावरी फूलले ढकमक्क छ । यमपञ्चक सुरु भएसँगै सयपत्री र गोदावरी फूलको माग बढ्ने गरेको छ । यहाँ उत्पादन भएका फूल काठमाडौं उपत्यकामा खपत हुने गरेको छ । तस्बिर : **संजित परियार**/नयाँ पत्रिका

दीपावलीको
शुभकामना
दीपावलीको
पावन अवसरमा
हाम्रा समस्त **पाठकवर्ग,**
विज्ञापनदाता
तथा **शुभेच्छुक**मा
शुभकामना



नयाँ पत्रिका परिवार
आगामी भेट २० कात्तिकमा

अन्त:शुल्क स्टिकर छपाइसम्बन्धी भ्रष्टाचार मुद्दामा विकल र सफल दोषी ठहर



विकल पौडेल
(सुरक्षण मुद्रण केन्द्रका तत्कालीन कार्यकारी निर्देशक)



सफल श्रेष्ठ
(राष्ट्रिय सूचना प्रविधि केन्द्रका तत्कालीन निर्देशक)

जनही तीन करोड ४२ लाख २२ हजार आठ सय बिगो कायम

निलम्बित मुख्यसचिव बैकुण्ठ अर्यालसहित नौजनालाई सफाइ

(विस्तृत पृष्ठ ३)

■ विद्युत् नियमन आयोगले पनि भन्यो–

पहिलो किस्ता तिरेपछि मात्रै उद्योगमा काटिएको लाइन जोड्नू

किस्तामा उद्योगीलाई दोब्बर सहुलियत, बक्यौता रकम थपघट भए बिलमा समायोजन हुने

मिलन विश्वकर्मा/नयाँ पत्रिका

विद्युत् नियमन आयोगले बक्यौताको पहिलो किस्ता नतिरेसम्म लाइन नजोड्न विद्युत् प्राधिकरणलाई निर्देशन दिएको छ । तर, आयोगले किस्तामा उद्योगीलाई सहुलियत दिने र पुनरावलोकनका क्रममा थपघट हुने रकमलाई पछिको बिलमा समायोजन गर्न सकिने गरी बाटो पनि खुला गरिदिएको छ ।

आयोगले बुधबार प्राधिकरणलाई पत्राचार गर्दै बक्यौताको पहिलो किस्ता तिरेपछि मात्रै उद्योगमा लाइन जोड्न निर्देशन दिएको छ । केही उद्योगीले लोडसेडिङमा डेडिकेटेड फिडर र ट्रंकलाइनको प्रिमियम महसुल तिर्न आनाकानी गरेको वेला आयोगले मध्यमार्गी विकल्पमा निर्णय लिएको हो ।

'नेपाल सरकार (मन्त्रिपरिषद्)को मिति २७ वैशाख ०८० निर्णयमा उल्लेख भएको माघ ०७२ देखि वैशाख ०७५ सम्मको अवधिको विवादित डेडिकेटेड फिडर र ट्रंकलाइनको बक्यौता विद्युत् महसुलको हकमा मात्र सम्बन्धित उपभोक्ताबाट आवधिक रूपमा असुल/फरफारक गर्ने गरी त्यहाँ प्राधिकरणबाटै उपयुक्त अनुपात (किस्ता) मा रकम तोकिदिने र यसअधि

» पृष्ठ २ मा क्रमशः

● **कुलमान घिसिङ**
कार्यकारी निर्देशक, विद्युत् प्राधिकरण

आयोग हाम्रो नियमनकारी निकाय हो । आयोगले पत्रबाटै उपयुक्त किस्ताको सुविधा उपलब्ध गराउन र पहिलो किस्ता नतिरेसम्म लाइन नजोड्नु भनेको छ । उद्योगीको सहजीकरणका लागि किस्ताको सुविधा पनि बढाउँदै छौं । त्यसको पहिलो किस्ता नतिरेसम्म उद्योगमा लाइन जोड्ने कुरा आउँदैन । किस्ता तिरेपछि उद्योगी साथीहरू प्राधिकरणकै प्रशासनिक प्रक्रियामा जानसमेत सक्नेछन् । त्यसमा बक्यौता रकम थपघट भएमा आगामी दिनको बिलमा समायोजन गरिनेछ ।



● **मनदेवी श्रेष्ठ**
प्रवक्ता, विद्युत् नियमन आयोग

बुधबार आयोगको बैठक भएको थियो । त्यसबाट प्राधिकरणलाई बक्यौता असुल गर्न उपयुक्त किस्ता तोकेर पहिलो किस्ता बुझाएपछि मात्रै उद्योगमा लाइन जोड्न भनेका छौं । अहिले प्राधिकरणले नै तोकेको किस्ताअनुसार उद्योगीले बक्यौता तिर्नुपर्नेछ । पुनरावलोकन प्रक्रियामा बक्यौता रकम थपघट देखिएमा पछिको बिलमा समायोजन गर्न पनि निर्देशन दिएका छौं ।

इजाजत निलम्बनपछि पनि युनिभर्सल टुर्सलाई जिएसएकै काम गर्न छुट

थाई एयर एसियाले क्यानको अनुमति नै नलिई नेपालमा उडान भरेपछि उसको नेपालस्थित जिएसए युनिभर्सल टुर्स एन्ड ट्राभल्स निलम्बनमा छ, तर निलम्बनको अवधिभर जिएसएले सम्बन्धित कुनै गतिविधि गर्न नपाउने कानुनी व्यवस्था भए पनि युनिभर्सललले मिलेमतोमा अन्य एयरलाइन्स कम्पनीहरूको जिएसएको काम निर्वाध गऱ्यो







● **ज्ञानेन्द्र भुल**, सहप्रवक्ता, नागरिक उड्डयन प्राधिकरण (क्यान)

अरू वायुसेवाले गल्ती गरेका होइनन्, गल्ती गर्ने थाई एयर एसिया हो, थाई एयर एसियाकै लोकल एजेन्टका रूपमा काम गर्न नपाउने गरी युनिभर्सलको जिएसए इजाजत निलम्बन गरिएको हो । कुन प्रकारको गल्तीमा कस्तो निर्णय लिने, कस्तो कारबाही गर्ने भनेर महानिर्देशकले विवेक प्रयोग गरेर निर्णय गर्ने हो ।

नवीन अर्याल/नयाँ पत्रिका

थाई एयर एसियाको विमान विनाअनुमति डेढ सय यात्रु बोकेर गत आइतबार (११ कात्तिक) नेपालमा अनधिकृत प्रवेश गरेपछि निलम्बनमा परेको उसको नेपालस्थित जनरल सेल्स एजेन्ट (जिएसए) 'युनिभर्सल टुर्स एन्ड ट्राभल्स'ले कानुनविपरीत अन्य एयरलाइन्स कम्पनीहरूको जिएसएको काम निर्वाध गरिरहेको छ । 'निलम्बन अवधिभर जिएसएलाई सम्बन्धित कुनै गतिविधि गर्न अनुमति दिइनेछैन' जनरल सेल्स एजेन्ट अनुमति र नियमनसम्बन्धी कार्यविधि, २०७७ को नियम १५ मा स्पष्ट व्यवस्था छ । तर, निलम्बनपछि पनि युनिभर्सलले अन्य तीन वायुसेवा कम्पनी कोरियन, फ्लाई दुबई र इमिरेट्सको जिएसएको टिकट बिक्री निरन्तर गरेको हो ।

नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान)ले मिलेमतोमै युनिभर्सललाई निलम्बनका वेला पनि अन्य एयर कम्पनीको जिएसएको भूमिकामा काम गर्न दिएको शृंखलाबद्ध गतिविधिले देखाउँछ । अनुमतिविना आएको जहाजलाई ल्यान्डिङ अनुमति दिनु, निलम्बनपछि विमानलाई 'विशेष चार्टर्ड उडान'को नाम दिएर यात्रुसहित फर्किन दिनु, भैरहवा-बैंकक-भैरहवा साताको दुई उडान भर्ने सर्तमा निलम्बन तीन दिनमै बुधबार हठात फुकुवा गर्नुजस्ता गतिविधिले मिलेमतोलाई स्पष्ट संकेत गर्छ ।

यसअघि भैरहवामा उडान गर्ने प्रतिबद्धता जनाएर पनि कार्यान्वयन नगरेपछि क्यानले थाई एयर एसियालाई गत आइतबारदेखि लागू 'विन्टर सिजन'को काडमाडौं-बैंकक-

» पृष्ठ २ मा क्रमशः

■ मिलेमतोका प्रशस्त आधार

क्यानले गत आइतबारदेखि 'विन्टर सेड्युल' लागू गरेको थियो । तर, त्यसमा अनुमति नै नलिई थाई एयर एसियाले नेपालका लागि उडान गऱ्यो । माथिल्लो तहमा मिलेमतो नभई कुनै पनि वायुसेवाले यो हदको आँट गर्न नसक्ने विज्ञहरू बताउँछन् । थाई एयर एसियाको जिएसए कम्पनी युनिभर्सल टुर्स एन्ड ट्राभल्सका सञ्चालक परासर प्रसाईं अनुमति नभए पनि जहाजलाई सहजै अवतरण गराउन सक्नेमा ढुक्क थिए । यसैले उनले बिहान फर्स्ट अपरेसन आवरसम्म अनुमति पाइसक्ने भन्दै थाई एयर एसियालाई विश्वस्त तुल्याउँदै उडान गर्न सुझाएका थिए । कारबाहीमा परेपछि थाई एयर एसियाले पत्र पठाउँदै भनेको छ, 'हाम्रो अधिकृत एजेन्ट युनिभर्सल टुर्सले बैंकक-काठमाडौं-बैंकक विन्टर सेड्युल २७ अक्टोबर २०२४ को फर्स्ट अपरेसन आवरमा उपलब्ध हुने जानकारी दिएको थियो, तसर्थ हामीले सोही तालिकाअनुसार उडान सञ्चालन आरम्भ गरेका थियौं ।' यात्रु बोकेर आइसकेको जहाज मानवीयताका आधारमा पनि अवतरण अनुमति दिनु जायज थियो । तर, अवतरणपछि उडान निलम्बन गरेको वायुसेवालाई क्यानले फेरि भरिभराउ यात्रु राखेर उडान गर्न दियो, चार्टर्ड उडानमार्फत । कारबाहीमा परिसकेको वायुसेवालाई यात्रु बोकेर फर्किन दिइनुमा मिलेमतोले नै काम गरेको स्रोतको भनाइ छ । यद्यपि, थाई एयर एसियाले माफी मागेपछि जहाज फिर्ता लैजान दिइएको क्यानको भनाइ छ । नियमित उडान र जिएसए इजाजत निलम्बन गरेपछि क्यानलाई पत्र पठाएरै माफी मागेको थियो । वायुसेवा कम्पनी र ट्राभल कम्पनीको बदमासीका कारण यात्रुले टिकट काटेर विमानस्थलमा आइसकेको अवस्थामा मानवीयताको आधारमा महानिर्देशकले स्वविवेक प्रयोग गरी उडान अनुमति दिन सक्ने पूर्वमहानिर्देशकहरूको भनाइ छ ।

■ निलम्बन गरेको तीन दिनमै पहुँचका आधारमा फुकुवाको निर्णय


गम्भीर लापरबाही गरेको नेपाल एजेन्ट युनिभर्सललाई सजग मात्रै गराइने

पहुँचका आधारमा थाई एयर एसियाको निलम्बन तीन दिनमै फुकुवा भएको छ । यद्यपि, भैरहवामा उडान गर्न तयार भएपछि निलम्बन फुकुवा गर्ने निर्णय गरिएको क्यानको भनाइ छ । थाई एयर एसियाको नेपाल एजेन्ट युनिभर्सल टुर्स एन्ड ट्राभल्सलाई सजग मात्रै गराउने निर्णय भएको छ । क्यान प्रवक्ता हंसराज पाण्डेले भने, '१८ कात्तिकदेखि भैरहवामा उडान भर्ने र काठमाडौंमा पनि उडान निरन्तरता दिने गरी थाई एयर एसियाको निलम्बन फुकुवा हुने भएको छ । जिएसए युनिभर्सल टुर्स एन्ड ट्राभल्सलाई भने आइन्दा यस्तो गल्ती नदोहोऱ्याउने र भैरहवा उडान सुनिश्चित गर्न प्रतिबद्ध गराउँदै सजग गराइने तयारी भएको छ ।' तर, हवाई सेवाजस्तो संवेदनशील क्षेत्रमा गरिएको बलजफ्तीमा सामान्य सचेत मात्रै गराउने कार्यले मिलेमतो पुष्टि हुने जानकारहरूको भनाइ छ । अनुमतिविना नै थाई एयर एसिया गत ११ कात्तिकमा नेपाली आकाशमा प्रवेश गरेको थियो । उसको नेपाल एजेन्ट युनिभर्सल र क्यानको मिलेमतोमा जहाजलाई अवतरण गर्न मात्रै दिइएन, यात्रुसहित त्यही साँझ फिर्ता पनि पठाइएको थियो ।

लामिछानेको संलग्नता पुष्टि भएन, अनुसन्धानको बहानामा निरन्तर हिरासतमा राख्नु प्रतिशोध : रास्वपा

नयाँ पत्रिका

राष्ट्रिय स्वतन्त्र पार्टीले सभापति एवं संसदीय दलका नेता रवि लामिछानेलाई अनुसन्धानको बहानामा निरन्तर हिरासतमा राख्नु प्रतिशोध भएको टिप्पणी गरेको छ ।



रास्वपाका कार्यवाहक प्रवक्ता मनीष झाले बुधबार विज्ञप्ति जारी गरेर संसदीय छानबिन समितिले नै लामिछाने सहकारीको बचत अपचलनमा संलग्न नरहेको र सहकारीबाट ऋणसमेत नलिएको प्रतिवेदन

» पृष्ठ २ मा क्रमशः

● **विज्ञप्तिमार्फत रास्वपाले भन्यो–**

अनुसन्धानको बहानामा निरन्तर हिरासतमा राखेर राज्यको चौथो ठुलो राजनीतिक दलको सभापतिको व्यक्तिगत प्रतिष्ठामा आँच पुऱ्याउन खोजिएको नियत स्पष्ट देखिन्छ । सभापति रवि लामिछानेलाई झुठा मुद्दा लगाएर थुन्नु राजनीतिक प्रतिशोध हो । सहकारी ठगीमा कुनै संलग्नता छैन भन्ने तथ्य पुष्टि भइरहेको अवस्थामा सोही जरियामा लामिछानेमाथि मुद्दा उठान हुन सक्दैन । सहकारी ठगी मुद्दामा पक्राउ गरी अनुसन्धानका लागि निरन्तर हिरासतमा राख्नु न्यायोचित हुँदैन ।

प्रधानमन्त्री ओली १७ देखि २० मंसिरसम्म चीन भ्रमणमा जाने

भारतबाट निमन्त्रणा नआएपछि प्रधानमन्त्री ओलीले कूटनीतिक च्यानलमार्फत रुचि प्रकट गरेपछि चीनबाट आयो निमन्त्रणा



प्रधानमन्त्री केपी ओलीको चीन भ्रमण तय भएको छ । आगामी १७ मंसिरदेखि उत्तरी छिमेकी मुलुक चीन जाने गरी प्रधानमन्त्री ओलीको भ्रमण मिति तय भएको हो । प्रधानमन्त्री कार्यालयका एक उच्च अधिकारीका अनुसार १७ देखि २० मंसिरसम्म मिति तय गरेर चीनले प्रधानमन्त्री ओलीलाई औपचारिक भ्रमणको निमन्त्रणा पठाएको छ । भ्रमणको गृहकार्य पूरा गरेर तिहारपछि बस्ने मन्त्रिपरिषद् बैठकले कार्यतालिका अनुमोदन गर्नेछ ।

ल्यान्डफिल साइट सञ्चालनमा आएको दुई वर्षसम्म फोहोर प्रशोधन हुन सकेन, मेसिनमा खिया

जथाभावी फोहोर फाल्दा ल्यान्डफिल साइटले फैलायो दुर्गन्ध



कुल १३ बिघा क्षेत्रफलमा रहेको ल्यान्डफिल साइट एसियाली विकास बैंक (एडिबी)को अनुदान सहयोगमा ३८ करोड ९३ लाख रुपैयाँ लागतमा निर्माण भएको हो । ल्यान्डफिल साइटमा रहेका लोडर, फोहोर बोक्ने इलेक्ट्रिक अटो रिक्सासमेत बेवारिसे बनेका छन् । महँगा मेसिन र उपकरण सञ्चालन नहुँदा खिया लागेर काम नलाग्ने अवस्थामा पुगेका छन् । नेपालगन्ज उपमहानगर वातावरण तथा सरसफाइ महाशाखा प्रमुख इन्जिनियर प्रकाश डिसीले कर्मचारी अभावका कारण मेसिनबाट फोहोर प्रशोधन गर्न नसकिएको बताए ।

बाँकेमा **विश्वराज पछ्लडङ्गया**

बाँकेको नेपालगन्ज उपमहानगरपालिका- १३ तेलियनपुरकी सीता चौधरीलाई भिँगाले हैरान पारेको छ । तीन वर्षदेखि घरमा भिँगा बढेपछि खानेकुरा जोगाउनै सकस छ । यी भिँगा चौधरीको घरबाट पाँच सय मिटर दक्षिणमा रहेको प्रविधियुक्त ल्यान्डफिल साइटको फोहोरको डंगुरबाट आएका हुन् ।

'भिँगाले हैरान पारिसके, खानेकुरा जोगाउन गाह्रो छ । ल्यान्डफिल साइटमा भिँगा मार्ने औषधि छर्किन भनिदिनुहोला,' चौधरीले भनिन् । उनले भिँगासँगै दुर्गन्धले सास्ती दिएको गुनासो गरिन् । दक्षिणतर्फको हावा बहनेबित्तिकै ल्यान्डफिल साइटमा थुपारिएको डंगुरको गन्धले सताउने गरेको उनको भनाइ छ । 'दुर्गन्धले खाँदै गरेको भातसमेत खान छाड्नुपर्ने हुन्छ,' उनले भनिन् ।

■ आठ वर्षमा भरिने सेल चार वर्षमै भरिए

दुर्गन्धले नेपालगन्ज उपमहानगरपालिकाका-२३ र १३ का अधिकांश सर्वसाधारणले हैरानी खेप्दै आएका छन् । भिँगा र दुर्गन्धले गाह्रो बनाएको नेपालगन्ज- २३

» पृष्ठ २ मा क्रमशः

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

तथ्य, प्रमाण भेटिए धनराज गुरुङमाथि पनि कारबाही हुन्छ : गृहमन्त्री लेखक

पोखरामा **रोहितराज पराजुली**

गृहमन्त्री रमेश लेखकले तथ्य, प्रमाण भेटिए कांग्रेस उपसभापति धनराज गुरुङमाथि पनि कारबाही हुने बताएका छन् । 'छानबिन गर्ने निकायले तथ्य प्रमाण भेटाए सरकारले यो, त्यो भनेर कसैको मुख हेर्दैन, तथ्य र प्रमाणका आधारमा दोषी देखिएका कसैलाई छोड्दैनौं,' बुधबार पोखरामा आयोजित पत्रकार सम्मेलनमा गृहमन्त्री लेखकले भने ।

पूर्वकानुनमन्त्री गुरुङ ललितपुरस्थित मितेरी बचत तथा ऋण सहकारीको १४ करोड ८१ लाख हिनाहिना प्रकरणमा जोडिएका व्यक्ति हुन् । गुरुङकी तत्कालीन पत्नी ज्योति मितेरीको व्यवस्थापक छँदा हिनामिना भए पनि 'उन्मुक्ति पाउन कागजी सम्बन्धविच्छेद गरेको' आरोप लाग्दै आएको छ ।

सहकारी ठगीमा जोडिएका कांग्रेस नेतामाथि कारबाही अघि नबढेको भन्दै प्रतिपक्षी दलहरूले आलोचना गरिरहेका वेला गृहमन्त्री लेखकले भने, 'सरकारले गहन अनुसन्धान गर्छ, अनुसन्धान गर्दा तथ्य, प्रमाण भेटिनुपर्‍यो । अनुसन्धानपछि कसैको पनि मुख हेरिन्न, कारबाही तथ्य, प्रमाण हेरेर हुन्छ, यो त्यो हुँदैन । दोषी भेटिए गुरुङमाथि पनि कारबाही हुन्छ ।' सहकारी अपचलनमा धेरैजनाको नाम जोडिएको बताउँदै गृहमन्त्री लेखकले कतिपय पक्राउ गरी अनुसन्धानमा रहेको र केहीको हकमा छानबिन भइरहेको बताए ।

हार्दिक समवेदना



जन्म
वि.सं. २०००/६/१५

स्वर्गारोहण
वि.सं. २०८१/७/७

स्व. विष्णुकुमारी तिमल्सिना

हाम्रा सहकर्मी कोमल तिमल्सिनाकी ममतामयी माता **विष्णुकुमारी तिमल्सिना**को असामयिक निधन भएकोमा हामी मर्माहत भएका छौँ । यस दुःखद घडीमा स्वर्गीय आमाप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

नयाँ पत्रिका
परिवार

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको

ऋणकर्जा चुक्ता भुक्तान गर्न जारी गरेको ३५ (पैंतीस) दिने सूचना

प्रकाशित मितिः २०८१/०७/१५

यस बैंकको शाखा कार्यालय भुमही, नवलपरासीबाट तपाई ऋणीहरुले उपभोग गर्नु भएको ऋणकर्जाको भुक्तानी सम्बन्धी सम्झौताका शर्त अनुसार तिर्न बुझाउन पर्ने साँवा, ब्याज आदि नियमानुसार लाग्ने रकम नतिरी नबुझाई बस्नु भएकोले कर्जा वापत तिर्न बुझाउन पर्ने साँवा तथा ब्याज तिर्ने सम्बन्धमा मौखिक तथा लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत उक्त ऋणकर्जा रकमको सम्पूर्ण साँवा, ब्याज तथा हर्जना रकम चुक्ता भुक्तान नगरी यस बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लङ्घन गर्नु भएकोले ऋणकर्जा सुविधा वापत बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्रमा पनि ऋणकर्जा सुविधा वापत तिर्न बुझाउन पर्ने साँवा, ब्याज र सो को हर्जना आदि सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अन्तर्गत यस बैंकलाई कर्जा सुरक्षण वापत लेखिदिएको चल/अचल सम्पत्ति लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकले आफ्नो लेना रकम असुल गरी लिने र प्रचलित नियम बमोजिम ऋणीहरु तथा जमानीकर्ताहरुलाई कर्जा सूचना केन्द्र लिमिटेडमा कालोसूचीमा समावेश गरिने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराईन्छ ।

तपसिल

१. ऋणीहरुको नाम र ठेगाना

१. श्री ठग प्रसाद डुम्रे/श्रीमती कृष्ण कुमारी डुम्रेकी बुहारी, श्री नन्द लाल अधिकारी/श्रीमती धनीसरा अधिकारीकी छोरी, श्री युवराज डुम्रेकी पत्नी, लुम्बिनी प्रदेश, नवलपरासी जिल्ला, तमसरीमा गा.वि.स. वडा नं. ०५ स्थाई ठेगाना भई हाल लुम्बिनी प्रदेश नवलपरासी (ब.सु.प.) जिल्ला, बर्दघाट न.पा वडा नं. ०४ बस्ने वर्ष ३७ की श्रीमती **पार्वती जैसी अधिकारी** (ना.प्र. नं.५२६७१, जारी मिति २०६३/०२/१७), जि.प्र.का. नवलपरासी)

२. श्री शर्मानन्द डुम्रे/श्रीमती गंगा देवी डुम्रेको नाती, श्री ठग प्रसाद डुम्रे /श्रीमती कृष्ण कुमारी डुम्रेको छोरा, श्रीमती पार्वती जैसी अधिकारीको पति, लुम्बिनी प्रदेश, नवलपरासी जिल्ला सुस्ता गा.बि.स. वडा नं.०१ स्थाई ठेगाना भई हाल लुम्बिनी.प्रदेश, नवलपरासी (ब.सु.प.) जिल्ला, बर्दघाट न.पा. वडा नं. ०४ बस्ने वर्ष ३९ को श्री **युवराज डुम्रे** (ना.प्र.प.नं. ८१२९१, जारी मिति बि. सं.२०६२/०३/२९, प्रथम प्रतिलीपी जारी मिति बि.सं.२०७४/०५/१९), जि.प्र.का. नवलपरासी)

जमानीकर्ताहरुको नाम र ठेगाना

१. श्री शिवलाल अधिकारी/श्रीमती मनीकर्मा अधिकारीकी बुहारी, श्री शिवलाल गौडेल/श्रीमती टोपला गौडेलकी छोरी, नन्दलाल अधिकारीकी पत्नी, लुम्बिनी प्रदेश, नवलपरासी जिल्ला तमसरीया गा.बि.स.वडा नं. ०५ स्थाई ठेगाना भई हाल गण्डकी प्रदेश, नवलपुर (ब.सु.पु.) जिल्ला, मध्यविन्दु न.पा. वडा नं.०८ बस्ने वर्ष ६८ की श्रीमती **धनिसरा अधिकारी** (ना.प्र.प.नं. २३२२९, जारी मिति बि.सं.२०५८/०७/०६, जि.प्र.का. नवलपरासी)

२. श्री रत्नाखर अधिकारी/श्रीमती पार्वती अधिकारीको नाती, श्री शिवलाल अधिकारी/श्रीमती मनीकर्मा अधिकारीको छोरा, श्रीमती धनिसरा अधिकारीको पति, गण्डकी प्रदेश, स्याङजा जिल्ला पेलाकोट गा.बि.स.वडा नं. ०५ स्थाई ठेगाना भई हाल गण्डकी प्रदेश, नवलपुर (ब.सु.पु.) जिल्ला, मध्यविन्दु न.पा. वडा नं.०८ बस्ने श्री **नन्दलाल अधिकारी** (ना.प्र.प.नं. ४००३, जारी मिति बि.सं.२०४४/०२/१३), जि.प्र.का. स्याङजा

२. ऋणीको नाम र ठेगाना

कम्पनी ऐन, २०६३ बमोजिम मिति बि.सं.२०७६/०४/०९, मा नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर काठमाण्डौमा प्रा. लि. नं./ली. नं. २१९५३८/०७६/०७७ अन्तर्गत दर्ता कायम भई, अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय, बुटवल बाट स्थायी लेखा नम्बर (PAN) ६०९५७९०५३ प्राप्त गरी नवलपरासी (ब.सु.प.) जिल्ला बर्दघाट न.पा./गा.पा. वडा नं. ०४ मा रजिष्टर्ड ठेगाना रहेको **रिजन इन्फोसिस प्रा.लि.** ।

कम्पनीको संचालकको नाम र ठेगाना

श्री शर्मानन्द डुम्रे /श्रीमती गंगा देवी डुम्रे को नाती, श्री ठग प्रसाद डुम्रे/श्रीमती कृष्ण कुमारी डुम्रेको छोरा, श्रीमती पार्वती जैसी अधिकारीको पति, लुम्बिनी. प्रदेश, नवलपरासी जिल्ला सुस्ता गा.बि.स. वडा नं.०१ स्थाई ठेगाना भई हाल लुम्बिनी प्रदेश, नवलपरासी (ब.सु.प.) जिल्ला, बर्दघाट न.पा. वडा नं. ०४ बस्ने वर्ष ३९ को श्री **युवराज डुम्रे** (ना.प्र.प.नं. ८१२९१, जारी मिति बि.सं.२०६२/०३/२९, प्रथम प्रतिलीपी जारी मिति बि.सं.२०७४/०४/१९), जि.प्र.का. नवलपरासी)

जमानीकर्ताहरुको नाम र ठेगाना

१. श्री ठग प्रसाद डुम्रे/श्रीमती कृष्ण कुमारी डुम्रेकी बुहारी, श्री नन्द लाल अधिकारी/श्रीमती धनीसरा अधिकारीकी छोरी, श्री युवराज डुम्रेकी पत्नी, लुम्बिनी प्रदेश, नवलपरासी जिल्ला, तमसरीमा गा.वि.स. वडा नं. ०५ स्थाई ठेगाना भई हाल लुम्बिनी प्रदेश नवलपरासी (ब.सु.प.) जिल्ला, बर्दघाट न.पा वडा नं. ०४ बस्ने वर्ष ३७ की श्रीमती **पार्वती जैसी अधिकारी** (ना.प्र. नं.५२६७१, जारी मिति २०६३/०२/१७), जि.प्र.का. नवलपरासी

२. श्री शिवलाल अधिकारी/श्रीमती मनीकर्मा अधिकारीकी बुहारी, श्री शिवलाल गौडेल/श्रीमती टोपला गौडेलकी छोरी, नन्दलाल अधिकारीकी पत्नी, लुम्बिनी प्रदेश, नवलपरासी जिल्ला तमसरीया गा.बि.स.वडा नं. ०५ स्थाई ठेगाना भई हाल गण्डकी प्रदेश, नवलपुर (ब.सु.पु.) जिल्ला, मध्यविन्दु न.पा. वडा नं.०८ बस्ने वर्ष ६८ की श्रीमती **धनिसरा अधिकारी** (ना.प्र.प.नं. २३२२९, जारी मिति बि.सं.२०५८/०७/०६), जि.प्र.का. नवलपरासी

३. श्री रत्नाखर अधिकारी/श्रीमती पार्वती अधिकारीको नाती, श्री शिवलाल अधिकारी/श्रीमती मनीकर्मा अधिकारीको छोरा, श्रीमती धनिसरा अधिकारीको पति, गण्डकी प्रदेश, स्याङजा जिल्ला पेलाकोट गा.बि.स.वडा नं. ०५ स्थाई ठेगाना भई हाल गण्डकी प्रदेश, नवलपुर (ब.सु.पु.) जिल्ला, मध्यविन्दु न.पा. वडा नं.०८ बस्ने श्री **नन्दलाल अधिकारी** (ना.प्र.प.नं. ४००३, जारी मिति बि.सं.२०४४/०२/१३), जि.प्र.का. स्याङजा

Citizens Bank

मुख्य कार्यालयः
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

इजाजत...

पृष्ठ १ बाट क्रमशः

काठमाडौं उडान अनुमति दिएको थिएन । शनिबार 'समर सिजन'को सेड्युल अन्त्य भएर 'विन्टर सिजन'को सेड्युल सुरु भए पनि सूचीमा नसमेटिएको थाई एयर एसिया अनुमतिविना नै यात्रुसहित नेपाल प्रवेश गरेको थियो । निलम्बन फुकुवापछि उसले विगतजस्तै काठमाडौं-बैंकक-काठमाडौं सातामा चार र १८ कात्तिकपछि भैरहवा-बैंकक-भैरहवा सातामा दुई उडान भर्ने भएको छ ।

स्रोतका अनुसार क्यान महानिर्देशकले जिएसए युनिभर्सलको प्रभावमा परेर अनधिकृत कार्य गर्न दिएका हुन् । कुनै पनि कम्पनी जतिसुकै वायुसेवाको एजेन्ट भए पनि जिएसए इजाजत एउटै हुने गर्छ । सोही इजाजतमा एक, दुई, तीन गरी वायुसेवा कम्पनीहरूको नाम उल्लेख हुन्छ । यसअनुसार एउटा वायुसेवाको जिएसए इजाजत निलम्बन हुँदा अन्य सबैको इजाजत स्वतः निलम्बन हुनुपर्ने हो । तर, क्यान सहप्रवक्ता ज्ञानेन्द्र भुलले थाई एयर एसियाको हकमा मात्रै कारबाही लागू भएको तर्क गरे । 'अरू वायुसेवाले गल्ती गरेका होइनन्, गल्ती गर्ने थाई एयर एसिया हो, थाई एयर एसियाकै लोकल एजेन्टका रूपमा काम गर्न नपाउने गरी युनिभर्सलको जिएसए इजाजत निलम्बन गरिएको हो,' उनले भने, 'कुन प्रकारको गल्तीमा कस्तो निर्णय लिने, कस्तो कारबाही गर्ने भनेर महानिर्देशकले विवेक प्रयोग गरेर निर्णय गर्ने हो ।'

तर, महानिर्देशकले विवेक प्रयोग गरेर युनिभर्सललाई अन्य वायुसेवा कम्पनीको जिएसएको भूमिका निरन्तर गर्न दिएको बताएका भुलले यसबारे स्पष्ट व्यवस्था भने नभएको बताए । 'जिएसए इजाजत निलम्बन भएपछि सम्बन्धित एयरलाइन्सको मात्र काम गर्न नपाउने हो कि अरू कुनै पनि वायुसेवाको काम गर्न नपाउने हो भन्ने स्पष्ट उल्लेख नहुँदा कन्फ्युजन छ । मुख्य गल्ती थाई एयर एसियाको भएकाले लोकल एजेन्टलाई सेकेन्डरी रूपमा कारबाही गरिएको हो,' सहप्रवक्ता भुलले भने ।

प्राधिकरणको जिएसए अनुमति र नियमनसम्बन्धी कार्यविधि २०७७ को नियम १६ मा कार्यविधिको व्याख्या र अवरोध हटाउने अधिकारको व्यवस्थाबारे उल्लेख छ । जसमा 'यस कार्यविधिको कार्यान्वयन प्रक्रियामा कुनै प्रकारको अस्पष्टता उत्पन्न भएमा महानिर्देशकलाई त्यसको व्याख्या गर्ने अधिकार हुनेछ र सो व्याख्यालाई सबै सम्बन्धित व्यक्तिहरूले पालना गर्नुपर्नेछ' उल्लेख छ । प्राधिकरण ऐन, २०५३ को दफा २० मा महानिर्देशकको काम, कर्तव्य र अधिकारबारे व्यवस्था गरिएको छ । जसको (ट) बुँदामा 'सञ्चालक समितिबाट प्रत्यायोजन गरिएका अधिकार तथा दिइएका निर्देशनबमोजिम कार्यहरू गर्ने' उल्लेख छ ।

संवेदनशील मानिने नागरिक उड्डयन क्षेत्रमा फटाफट निर्णय लिनुपर्ने हुनाले पनि महानिर्देशकलाई निर्णय प्रक्रियामा धेरै अधिकार दिइएको पूर्वमहानिर्देशकहरू बताउँछन् । तर, यही अधिकारलाई दुरुपयोग गरी महानिर्देशकले युनिभर्सललाई अनधिकृत काम गर्दा पनि 'विशेषाधिकार' दिएको आशंका गरिएको छ । 'प्राधिकरण बोर्ड वा महानिर्देशकले सम्बन्धित वायुसेवाको मात्र जिएसए इजाजत निलम्बन गर्न पनि सक्छ, कुनै पनि वायुसेवाको जिएसएको काम गर्न नपाउने गरी निर्णय गर्न पनि सक्छ, यसमा महानिर्देशकलाई स्वविवेक प्रयोग गर्न पाउने अधिकार हुन्छ,' एक पूर्वमहानिर्देशकले भने ।

थाई एयर एसियाका यात्रु बोकेर निगमको जहाज आज थाइल्यान्ड उड्दै

कारबाहीमा परेको थाई एयर एसियाका अग्रिम टिकट काटेका यात्रुहरू बोकेर नेपाल वायुसेवा निगम (नेवानि)को जहाज बिहीबार थाईल्यान्ड जाने भएको छ । युनिभर्सल टुर्स एन्ड ट्राभल्सले टिकेट काटिसकेका यात्रुहरूलाई गन्तव्यमा पुर्‍याउन बिहीबार र शुक्रबारका लागि नेवानिको न्यारोबडी जहाज चार्टर्ड गरेको हो ।

नेवानिले बिहान ११ बजे काठमाडौंबाट बैंककतर्फ उड्ने र साँझ ६:२५ बजे काठमाडौंमा अवतरण गर्ने गरी चार्टर्ड उडान अनुमति लिएको छ । बिहीबार काठमाडौंबाट बैंकक जाने र बैंककबाट काठमाडौं आउने यात्रुहरू समान डेढ/डेढ सयको संख्यामा रहेको युनिभर्सल टुर्सले निगमलाई जानकारी गराएको छ । शुक्रबार पनि सोही समयमा उडान हुने बताइएको छ ।

पहिलो किस्ता...

पृष्ठ १ बाट क्रमशः

महसुल नबुझाएको कारणबाट लाइन काटेको भए तापनि सम्बन्धित ग्राहकले त्यस्तो आवधिक रकम बुझाएपछि तत्कालै विद्युत् लाइन जोडिदिने,' आयोगले प्राधिकरणलाई पठाएको पत्रको पहिलो बुँदामै निर्देशन छ ।

गत ६ असारमा उद्योगमा प्राधिकरणले उद्योगमा लाइन काट्दा आयोगले ४ साउनमा लाइन जोड्न निर्देशन दिएको थियो । ६ उद्योगले दिएको उजुरीको आधारमा उक्त निर्देशन दिएको आयोगले पछि ३१ भदौमा प्राधिकरणलाई मन्त्रिपरिषद् निर्देशन, अदालतको निर्णयलगायतका आधारमा बक्यौता उठाउन भनेको थियो । अहिले स्पष्ट रूपमा प्राधिकरणले यस्तो बक्यौता उठाउन भनेको हो ।

लाल आयोगको प्रतिवेदनको आधारमा २७ वैशाखको मन्त्रिपरिषद्ले माघ ०७२ देखि वैशाख ०७५ सम्मको बक्यौता उठाउन भनेको थियो । सुरुको अवधि साउनदेखि पुस ०७२ सम्म कानुन नबनेकाले पछि अदालतबाट हुने फैसलाको आधारमा निर्णय गर्न भनिएको थियो । जेठ ०७५ देखि जेठ ०७७ को अवधिमा भने लोडसेडिङ अन्त्य भइसकेकाले महसुल नलिन भनिएको थियो ।

सोहीअनुसार अहिले आयोगले पनि माघ ०७२ देखि वैशाख ०७५ सम्मको बक्यौता असुल गर्न भनेको हो । योअनुसार अब प्राधिकरणले उद्योगीलाई बक्यौता तिर्न उपयुक्त किस्ता दिन सक्नेछ । त्यसको पहिलो किस्ता तिरेपछि उद्योगमा काटिएको लाइन जोडिनेछ । त्यसपछि उद्योगीहरू प्राधिकरण, आयोग र अदालतको प्रशासनिक प्रक्रियामार्फत पुनरावलोकनमा जान सक्नेछन् ।

पुनरावलोकनका क्रममा थपघट हुने रकमलाई पछिको बिलमा समायोजन गर्न पनि आयोगले बाटो खुला गरिदिएको छ । 'उक्त विद्युत् महसुलको परिमाण वा अन्य कुनै पक्षउपर पछि कुनै आधिकारिक निकायबाट जाँचबुझ भई रकम फरक परेको पुष्टि भएमा उक्त रकम असुल भइसकेको भए पनि त्यसपछिका बिलमा समायोजन गर्दै जाने' पत्रको दुई नम्बर निर्देशनमा भनिएको छ ।

योअनुसार अब उद्योगीहरू पहिलो किस्ता तिरेपछि प्रशासनिक पुनरावलोकनमा जान पनि सक्नेछन् । यद्यपि, किस्ता भने नियमित रूपमा तिर्नुपर्नेछ । यदि, पुनरावलोकनका क्रममा बक्यौता थपघट भएमा आगामी दिनमा जारी हुने बिलमा समायोजन गर्न सकिनेछ ।

यस्तै, बक्यौता असुल प्रक्रियामा भएको प्रगतिबारे प्राधिकरणले आयोगलाई नियमित रूपमा जानकारी गराउनुपर्नेछ । 'योबमोजिम भए-गरेको प्रगति विवरण आवधिक रूपमा यस आयोगलाई जानकारी गराउने' तेस्रो नम्बर निर्देशनमा भनिएको छ ।

आयोग समग्र ऊर्जा क्षेत्रको नियमन निकाय हो । आयोगले दिएको निर्देशन प्राधिकरणले अनिवार्य रूपमा मान्नुपर्नेछ । त्यसअनुसार अब उद्योगीले बक्यौताको पहिलो किस्ता बुझाएको अवस्थामा मात्रै प्राधिकरणले उद्योगमा लाइन जोड्नुपर्नेछ ।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले आयोगबाट आएको पत्रअनुसार नै बक्यौता असुलीको प्रक्रिया अघि बढ्ने बताए । 'आयोग हाम्रो नियमनकारी निकाय हो । आयोगले पत्रबाटै उपयुक्त किस्ताको सुविधा उपलब्ध गराउन र पहिलो किस्ता नतिरेसम्म लाइन नजोड्नु भनेको छ । उद्योगीको सहजीकरणका लागि किस्ताको सुविधा पनि बढाउँदै छौँ । त्यसको पहिलो किस्ता नतिरेसम्म उद्योगमा लाइन जोड्ने कुरा आउँदैन,' उनले भने, 'किस्ता तिरेपछि उद्योगी साथीहरू प्राधिकरणकै प्रशासनिक प्रक्रियामा जानसमेत सक्नेछन् । त्यसमा बक्यौता रकम थपघट भएमा आगामी दिनको बिलमा समायोजन गरिनेछ ।'

आयोगकी प्रवक्ता मनदेवी श्रेष्ठले बुधबार आयोगको आन्तरिक बैठकबाट प्राधिकरणलाई उक्त बक्यौता असुल गर्न थप सहजीकरण हुने गरी पत्र पठाएको बताइन् । 'बुधबार आयोगको बैठक भएको थियो । त्यसबाट प्राधिकरणलाई बक्यौता असुल गर्न उपयुक्त किस्ता तोकेर पहिलो किस्ता बुझाएपछि मात्रै उद्योगमा लाइन जोड्न भनेका छौँ । अहिले प्राधिकरणले नै तोकेको किस्ताअनुसार उद्योगीले बक्यौता तिर्नुपर्नेछ,' उनले भनिन्, 'पुनरावलोकन प्रक्रियामा बक्यौता रकम थपघट देखिएमा पछिको बिलमा समायोजन गर्न पनि निर्देशन दिएका छौँ ।'

बुधबार ऊर्जा मन्त्रालय, विद्युत् नियमन आयोग, प्राधिकरण र उद्योगीबिच अनौपचारिक छलफलमा विवाद समाधानबारे सहमति बनेको थियो । ऊर्जामन्त्री दीपक खड्काले मंगलबारको मन्त्रिपरिषद् बैठकमा पनि यो विषय प्रवेश गराएका थिए । तर, प्रधानमन्त्री केपी ओलीले मन्त्रालय र आयोगबाट निकास खोज्न भनेका थिए । त्यसपछि आयोगले बुधबार नै यस सम्बन्धमा नयाँ निर्देशन जारी गरेको हो ।

उद्योगहरूलाई लोडसेडिङका वेला डेडिकेटेड फिडर र ट्रंकलाइनमार्फत २४ सै घण्टा विद्युत् दिइएको थियो । सुरुमा ६१ उद्योगले यस्तो सुविधा लिएका थिए । त्यसमध्ये निजी ३५ उद्योगबाट बक्यौता असुल हुन बाँकी छ । पछिल्लोपटक बाँकी भएका ४९ उद्योगलाई गत ८ कात्तिकसम्मको अल्टिमेटम दिइएको थियो । त्यसमा अल्टिमेटम दिएको अन्तिम दिन ६ उद्योगले बक्यौताको पहिलो किस्ता तिरेका थिए । सरकारका दुई उद्योग र अदालतबाट 'स्टे अर्डर' पाएका सात निजी उद्योग गरी नौ उद्योगमा पनि लाइन काटिएको छैन । अहिले २८ उद्योगमा लाइन काटिएको छ । सरकारी उद्योगमा उदयपुर सिमेन्टले मंगलबार पहिलो किस्ता बुझाएको छ । सरकारी स्वामित्वकै हेटौँडा सिमेन्टले पनि कात्तिक महिनामा बक्यौताको पहिलो किस्ता तिर्ने गरी पत्र पठाएको छ ।

किस्तामा सुविधा, धरौटी सीमा घटाइने

आयोगबाट पत्र आएपछि बुधबार साँझ बसेको प्राधिकरणको सञ्चालक समिति बैठकले बक्यौता तिर्न उद्योगीलाई थप सुविधा दिने निर्णय गरेको छ । माइन्युट तयार भएर सञ्चालकहरूको हस्ताक्षर हुन भने बाँकी छ । सञ्चालक समितिका सदस्य कपिल आचार्यले उद्योगीलाई बक्यौता तिर्न ५६ किस्ताको सुविधा दिने निर्णय भएको बताए । पहिला यस्तो बक्यौता असुल गर्न २८ महिनाको किस्ता सुविधा दिने निर्णय थियो ।

यस्तै, प्रशासनिक पुनरावलोकन प्रक्रियामा जाँदा राख्नुपर्ने धरौटीको सीमा पनि घटाइएको छ । विद्युत् महसुलमा चित्त नबुझेमा पहिलोपटक प्राधिकरणकै प्रशासनिक प्रक्रियामा जानुपर्ने नीति छ । त्यसमा २५ प्रतिशत धरौटी राख्नुपर्ने नीतिगत व्यवस्था छ । तर, अब प्रशासनिक पुनरावलोकनमा जाँदा बक्यौताको पाँच प्रतिशत मात्रै धरौटी बुझाए हुने निर्णय गरिएको छ । त्यसमा धरौटी बैंक ग्यारेन्टीमा मात्रै बुझाए पनि हुने निर्णय गरिएको छ । पहिला यस्तो धरौटी नगदमै बुझाउनुपर्ने नीति थियो ।

ल्यान्डफिल...

पृष्ठ १ बाट क्रमशः

लोहरनपुर्वाका सफिक बेहनाले गुनासो गरे । उनले फोहोर व्यवस्थापन गर्न माग गरे पनि उपमहानगरले बेवास्ता गरेको बताए । 'गर्मीमा मात्र नभई चिसो समयमा समेत झिँगा लाग्छन् । झिँगाको समस्या त छँदै छ ल्यान्डफिल साइटबाट आएको दुर्गन्धले घरमा बस्न मुस्किल पर्छ,' उनले भने ।

कुहिने र नकुहिने वस्तु फरक-फरक ठाउँमा भण्डारण गरी कुहिने वस्तुबाट कम्पोस्ट मल र नकुहिने वस्तुलाई बिक्री गरी आर्थिक लाभ लिने उद्देश्यले नेपालगन्ज उपमहानगरले अत्याधुनिक ल्यान्डफिल साइट निर्माण गरेको हो । तर, कर्मचारी अभावको बहाना बनाएर कुहिने र नकुहिने वस्तु एउटै खाल्डोमा भण्डारण गर्दै आएको छ ।

नेपालगन्ज उपमहानगरले ०७९ मंसिरमा एकीकृत स्वास्थ्यजन्य फोहोरमैला व्यवस्थापन केन्द्रसमेत सञ्चालनमा ल्याएको थियो । त्यही प्रयोजनका लागि जिआइजेडले दुईवटा अटो क्लेब मेसिन र एउटा बेलर मेसिन उपलब्ध गराएको थियो । त्यसअघि नेपालगन्ज उपमहानगरबाट निस्कने फोहोर व्यवस्थापन गर्न ०७६ सा यो ल्यान्डफिल्ड साइट निर्माण गरिएको थियो ।

आठ वर्षमा भरिने सेल चार वर्षमै भरिए

ल्यान्डफिल साइटमा फोहोर थुपार्न चारवटा सेल बनाइएको छ । एउटा सेलमा करिब आठ वर्षसम्म नगरको फोहोर व्यवस्थापन गर्न सकिने अनुमान गरिएको थियो । तर, ती सेलमध्ये एउटा सेल चार वर्षमै भरिएको छ । कुहिने र नकुहिने वस्तु एउटै खाल्डोमा फाल्दा ल्यान्डफिल साइट दुर्गन्धित बनेको छ । 'एकपटक फोहोर फालेपछि माटो हालेर फोहोर पुर्ने र लोडर मेसिनले दबाउने सहमति स्थानीय र उपमहानगरबिच भएको हो,' स्थानीय ठग्गाराम थारूले भने, 'सहमतिअनुसार काम नहुँदा दुर्गन्ध मात्र फैलिएको छैन, झिँगाको आतंक पनि त्यत्तिकै छ ।'

फोहोर प्रशोधन मेसिनमा खिया

ल्यान्डफिल साइट सञ्चालनमा आएको दुई वर्ष पुगेको छ । तर, अहिलेसम्म फोहोर प्रशोधन गरिएको छैन, जसकारण फोहोर प्रशोधन गर्ने मेसिनमा खिया लागेको छ ।

कुहिने र नकुहिने वस्तु छुट्याउने र कुहिने वस्तुलाई पेलेर कम्पोस्ट मल बनाउन प्रयोग हुने मेसिन सञ्चालनमा आएका छैनन् । मेसिन नचलेकै कारण कामदारबाट फोहोर व्यवस्थापन र प्रशोधनका काम भइरहेका छन् । कुहिने र नकुहिने फोहोर छुट्याएर फोहोर प्रशोधन गरिनुपर्नेमा काम हुन नसकेको नेपालगन्ज उपमहानगर वातावरण तथा सरसफाइ महाशाखा प्रमुख इन्जिनियर प्रकाश डिसीले बताए । 'कर्मचारी अभावका कारण मेसिनबाट फोहोर प्रशोधन गर्न सकिएको छैन । प्रशोधन गर्न नसकेकै कारण कुहिने र नकुहिने वस्तु एकै ठाउँमा भण्डारण गर्नु परेको छ,' उनले भने, 'मेसिन बिग्रिन नदिन समय-समयमा चलाउने गरिएको छ । प्रशोधनको काम भने हुन सकेको छैन ।' ल्यान्डफिल साइटमा एक वर्षसम्म ६० जना कर्मचारी कार्यरत रहेकामा अहिले ३० जना मात्र कार्यरत छन् ।

ल्यान्डफिल साइटमा रहेका लोडर, फोहोर बोक्ने इलेक्ट्रिक अटो रिक्सासमेत बेवारिसे बनेका छन् । महँगा मेसिन र उपकरण सञ्चालन नहुँदा खिया लागेर काम नलाग्ने अवस्थामा पुगेका छन् । मेसिन र उपकरण यत्रतत्र छरिएका छन् । कतिपय मेसिन त काम नलाग्ने अवस्थामा पुगेकोस्थानीय अब्दुल कादिर शेखले बताए । कुल १३ बिघा क्षेत्रफलमा रहेको ल्यान्डफिल साइट एसियाली विकास बैंक (एडिबी)को अनुदान सहयोगमा ३८ करोड ९३ लाख रुपैयाँ लागतमा निर्माण भएको हो ।

सच्याइएको सूचना

२०८१ कार्तिक ४ गते नयाँ पत्रिका दैनिकमा प्रकाशित **जयश्री मता नवदुर्गा बचत तथा सहकारी संस्था लि.** को निक्षेपउपर हकदावी सूचनामा निधन भएको मिति २०८०/१०/२९ हुनुपर्नेमा अन्यथा हुन गएकोमा सच्याइएको छ ।

जयश्री माता नवदुर्गा बचत तथा ऋण सहकारी संस्था लि.
बालाजु-१६, बाईपास
काठमाडौं, ०१-४९५२३६६

लामिछानेको...

पृष्ठ १ बाट क्रमशः

दिएको, तर राजनीतिक प्रतिशोध साधेर बदनियत राखी सरकारले पक्राउ गरी हिरासतमा राखेको उल्लेख गरेका छन् ।

'यो पक्राउ प्रकरणमा राजनीतिक प्रतिशोध र बदनियत देखिएकाले पक्राउपश्चात् देशका विभिन्न क्षेत्रहरूमा राष्ट्रिय स्वतन्त्र पार्टीका सदस्य, शुभचिन्तक तथा न्यायप्रेमी नागरिकहरूले विरोध प्रदर्शन गरिरहेका छन् । उक्त विरोध र आन्दोलन कुनै आधार र कारण नै नभई गैर-कानुनी रूपमा निर्दोष व्यक्तिलाई पक्राउ गर्ने राजनीतिक पूर्वाग्रह र प्रतिशोधको खेलविरुद्ध हो भन्ने सबैमा स्पष्ट पार्न चाहन्छौँ,' विज्ञप्तिमा भनिएको छ ।

सहकारी ठगी प्रकरणमा लामिछानेलाई २ कात्तिकमा पार्टी केन्द्रीय कार्यालय वनस्थलीबाट पक्राउ गरेपछि रास्वपाका नेता-कार्यकर्ताले राजनीतिक प्रतिशोध भन्दै प्रदर्शन गर्दै आएका छन् । सुरुमा ६ दिन म्याद थपिएकामा लामिछानेलाई गत बिहीबार दोस्रोपटक सात दिनका लागि म्याद थपिएपछि रास्वपाले काठमाडौं केन्द्रित आन्दोलन गरिरहेको छ । लामिछाने हाल कास्की प्रहरी हिरासतमा छन् ।

रास्वपाले सहकारी ठगीमा लामिछानेको कतै पनि प्रत्यक्ष संलग्नता नदेखिए पनि संगठित अपराधसँग जोड्नु बदनियत भएको उल्लेख गरेको छ । 'सहकारीमा बचत रकम हिनामिना, अपचलन वा ठगी गर्न सक्ने भनेको केवल सहकारीका सञ्चालक, व्यवस्थापक, ठुला ऋणी र कर्मचारीको मिलोमतोमा मात्र हो,' विज्ञप्तिमा भनिएको छ, 'तर, रवि लामिछाने कुनै पनि सहकारीको सञ्चालक, व्यवस्थापक, ऋणी वा कर्मचारी नभएकाले सहकारीमा उहाँको पहुँच पुग्नै सक्दैन । यस विवादित विषयलाई संगठित अपराधसँग पनि जोडिएको छ ।'

रास्वपाले गोर्खा मिडिया नेटवर्कमा सहकारीको पैसा आएको सन्दर्भमा 'कम्पनी र कम्पनीको दायित्वसम्बन्धी प्रतिपादित विश्वव्यापी सिद्धान्तअनुसार कम्पनीका निर्देशक, सेयरधारक, कर्मचारी र एजेन्टहरू अलग कानुनी व्यक्ति मानिने र यसबाट उत्पन्न दायित्व निर्देशक, सेयरधारकको नभई कम्पनीको मात्र हुने'मा स्पष्ट हुनुपर्ने पनि भनेको छ । 'कम्पनीको साझेदार ठग, चोर, डाँका, ज्यानमारा हुँदा त्यसका आधारमा कम्पनीमा संलग्न सबै साझेदार अपराधी करार हुँदैन,' विज्ञप्तिमा भनिएको छ ।

कम्पनीको सिद्धान्तअनुसार पनि जुन व्यक्तिले गोर्खा मिडिया नेटवर्कमा सहकारीबाट पैसा लिई आफ्नो तर्फको ऋणस्वरूप गोर्खा मिडिया नेटवर्कमा दिने काम गर्‍यो, सोही व्यक्तिले सजाय पाउने भन्दै रास्वपाले सहकारीबाट पैसा ल्याउने काम जिबी राईले गरेको स्पष्ट रहेकाले उक्त अपचलनबापतको सजाय पाउने पनि राईले नै भएको जिकिर गरेको छ ।

Hupsekot Rural Municipality
Office Of Rural Municipal Executive
Jhayalbas, Nawalparasi (Bardaghat Susta East)
Gandaki Province

Invitation for Bids

First Date Of Notice Publication:- 2081/07/15 (31/10/2024)

Hupsekot Rural Municipality,Jhyalbas (East of Bardaghat Susta) invites Electronic Bids from eligible bidders for the Contracts name of below.

S. N.	Works Description	Contract Nos.	Price of Bid Document (Non refundable NRs.)	Minimum Bid Security Amount NRs.
1.	Rudrapur Water Supply Project (Scheme No 3)	Hup/Ncb/W/3/081/82	3,000.00	3,20,000/-

1. Bidders may obtains further information at the office of Hupsekot Rural Municipality, Jhayalbas, Tel:- 078-590700 or may visit PPMO e-GP System https://bolpatra.gov.np/egp.
2. Bidding Document available online and can be download from e-Gp System.
3. Bidder shall have the option of submitting their bids electronically only. Submission Of hard copy bids shall not be entertained.
4. Matters not covered in this notice shall be in accordance will prevailing Rules and regulation of GoN.
5. Any amendment in the tender notice will be posted in the notice board of offce and PPMO'S website www.bolpatra.gov.np/egp

अन्तःशुल्क स्टिकर छपाइसम्बन्धी भ्रष्टाचार मुद्दामा विकल र सफल दोषी ठहर

जनही तीन करोड ४२ लाख २२ हजार आठ सय बिगो कायम, निलम्बित मुख्यसचिव बैकुण्ठ अर्यालसहित नौजनालाई सफाइ

सुवास भट्ट/नयाँ पत्रिका

सुरक्षण मुद्रण केन्द्रका तत्कालीन कार्यकारी निर्देशक विकल पौडेल र राष्ट्रिय सूचना प्रविधि केन्द्रका तत्कालीन निर्देशक सफल श्रेष्ठ अन्तःशुल्क स्टिकर छपाइ खरिद प्रक्रियामा भ्रष्टाचार गरेको भन्दै दोषी ठहर भएका छन्। विशेष अदालतका अध्यक्ष टेकबहादुर कुँवर तथा सदस्यहरू खुसीप्रसाद थारू र रितेन्द्र थापाका संयुक्त इजलासले बुधबार भ्रष्टाचार मुद्दाको फैसला गर्दै आरोपितमध्ये दुईलाई मात्रै दोषी ठहर गरेको हो।

अन्तःशुल्क स्टिकर छपाइको खरिद प्रक्रियामा संलग्न आरोपित मुख्यसचिव डा. वैकुण्ठ अर्यालसहित नौजनाले भने सफाइ पाएका छन्। अन्तःशुल्क स्टिकर खरिदमा ३८ करोड ६७ लाख भ्रष्टाचार गरेको अभियोगमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गत ९ असारमा बहालवाला मुख्यसचिव अर्याल र दुई सहसचिवसहित ११ जना र एक कम्पनीविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको थियो। बहालवाला मुख्यसचिवविरुद्ध अख्तियारले दायर गरेको यो इतिहासकै पहिलो मुद्दा थियो। मुद्दासँगै उनी निलम्बनमा परेका थिए। मुद्दा दायरपछि मुख्यसचिवको दरबन्दी राष्ट्रिय योजना आयोगमा सारेर प्रधानमन्त्री कार्यालयमा नयाँ मुख्यसचिव नियुक्त गरिएको थियो। अर्यालको दरबन्दी अहिले योजना आयोगमा छ।

भ्रष्टाचारमा संलग्न आरोपमा अख्तियारले प्रतिवादी कायम गरेका अर्यालका अतिरिक्त आन्तरिक राजस्व विभागका तत्कालीन महानिर्देशक रितेशकुमार शाक्य र उपमहानिर्देशक टंकप्रसाद पाण्डेले पनि सफाइ पाएका छन्। यस्तै, विभागका उपसचिव गणेशविक्रम शाही र शाखा अधिकृत रवीन्द्रप्रसाद पौडेलले पनि सफाइ पाएका छन्। सफाइ पाउनेमा सुरक्षण मुद्रण केन्द्रका तत्कालीन लेखा अधिकृत हरिबल्लभ घिमिरे र शाखा अधिकृत विष्णुप्रसाद गौतम पनि छन्। परामर्शदाता शक्तिप्रसाद श्रेष्ठ, ठेकेदार कम्पनी प्रिन्ट सेल प्रालि तथा त्यसका निर्देशक केशव शर्माले पनि सफाइ पाएका छन्।

अन्तःशुल्क स्टिकर छपाइ सम्बन्धमा राज्यबाट विनियोजन बजेट निर्माण गर्दाको उद्देश्यविपरीत कानुनबमोजिम गर्नुपर्ने जिम्मेवारी वहन नगरी सुरक्षात्मक छपाइसम्बन्धी उद्योगमा दर्ता नभएको तथा त्यस्तो छपाइ गर्न अनुमति नै प्राप्त नगरेको निजी कम्पनीलाई महँगो दरमा छपाइ गर्न ठेक्का दिई सरकारी सम्पत्ति हिनामिना गरेको दाबी अख्तियारको थियो। यसरी ठेक्का लगाउँदा भ्याटसहित ३८ करोड ६७ लाख १७ हजार ६४० रुपैयाँमा सम्झौता गरिएको थियो। सम्झौतापत्रमा उल्लेख भएबमोजिम २० प्रतिशत पेस्कीबापत ६ करोड ८४ लाख ४५ हजार ६ सय रुपैयाँ भुक्तानी गरिएको थियो। तर, मुद्दा दायर गर्दाको अवधिसम्म कुनै परिणाम नदेखिएको, एकआपसमा मिलेमतो गरी प्रयोजनहीन र कसैले सो सम्झौता कसरी कार्यान्वयन गर्ने भन्ने कुनै जिम्मेवारी नै नलिएको अवस्था रहेको अख्तियारको दाबी थियो। उक्त सम्झौताबाट नेपाल सरकारको सम्पत्ति तथा रकम दुरुपयोग गरी भ्रष्टाचार गरेको आरोप अख्तियारको थियो।



पौडेल र श्रेष्ठले सुरक्षाका दृष्टिकोणले अति संवेदनशील अन्तःशुल्क टिकट छपाइ कार्यका लागि प्रिन्टसेलसँग सम्झौता गरी बदनियतपूर्वक नै अग्रिम पेस्की भुक्तानी गरेको देखिएकाले उक्त रकमको प्रयोजनहीन तवरले खर्च हुन गएको अवस्था देखिएको फैसलामा उल्लेख छ। पौडेल र श्रेष्ठले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर गरेको पुष्टि भएको भन्दै विशेषले प्रतिवादीउपर जनही बिगो तीन करोड ४२ लाख २२ हजार आठ सय रुपैयाँ कायम गर्दै दोषी ठहर गरेको छ।

■ सहायक भूमिकामा विभागका कर्मचारीमाथि मुद्दा चलाउनु अन्याय

अन्तःशुल्क छपाइ खरिदको निर्णय प्रक्रियामा महत्त्वपूर्ण भूमिका खेलेका तत्कालीन मन्त्रीसहित मन्त्रालयका कर्मचारीमाथि छानबिन नगरी सहायक भूमिकामा काम गरेका विभागका कर्मचारीमाथि मुद्दा चलाउनु अन्याय भएको विशेषको ठहर छ। समग्र मिसिल अध्ययनबाट आन्तरिक राजस्व विभागले अर्थ मन्त्रालयसँग अन्तःशुल्क स्टिकर छपाइको सैद्धान्तिक सहमतिका लागि मात्र अनुरोध गरिएकोमा मन्त्रालयबाट नै छपाइको लागत र खर्चको विषय उठान गरी पत्राचार गरेको देखिएको फैसलामा उल्लेख छ। तर, त्यस कार्यका लागि प्रक्रियामा संलग्न रहेका अर्थ मन्त्रालयका अधिकारीहरूउपर कुनै अनुसन्धान भएको नपाइएको फैसलामा उल्लेख छ। 'माननीय अर्थमन्त्रीको मिति २६ भदौ २०७९ को निर्णयअनुसार समग्र खरिद प्रक्रिया अघि बढाइएकोमा विवाद छैन। निर्णयाधिकारी रहेका माननीय मन्त्रीलाई अनुसन्धानमा बुझिएको भन्नेसम्म पनि मिसिलबाट देखिन आउँदैन। यस प्रकार हेर्दा अनुसन्धानकर्ता स्वच्छ र निष्पक्ष हुन सकेको देखिन आएन,' फैसलामा भनिएको छ। एउटै प्रक्रियामा आबद्ध रही महत्त्वपूर्ण भूमिका निर्वाह गरेका अर्थ मन्त्रालयका पदाधिकारीसँग बुझ्नुपर्ने वा अनुसन्धान नै गर्नु नपर्ने र उक्त प्रक्रियामा सहायक भूमिकामा रहेका अर्को निकायका पदाधिकारीउपर अभियोजन गरिनु अनुसन्धानको स्वच्छता र समानताको सिद्धान्तको मान्यताविपरीत हुन जाने फैसलामा लेखिएको छ।

सुरक्षण मुद्रण केन्द्रलाई अन्तःशुल्क स्टिकर निःशुल्क रूपमा छाप्न सर्तसहित प्रारम्भिक तयारीका लागि विभागले कार्यादेश दिएको देखिएको, स्टिकर छाप्ने कार्य केन्द्रकै बजेटबाट गरिने भएको र सो स्टिकर विभागलाई निःशुल्क रूपमा उपलब्ध हुने भएको देखिएकाले विभागका कर्मचारीको वित्तीय क्रियाकलापमा कुनै सहभागिता रहेको देखिन नआएको फैसलामा उल्लेख छ। स्टिकर निःशुल्क प्राप्त गर्ने कार्यमा अर्थ मन्त्रालयको सैद्धान्तिक सहमतिका लागि प्रक्रिया अगाडि बढाएकै आधारमा मात्र विभागका कर्मचारीको बदनियत र मिलेमतो रहेको भन्न नमिल्ने फैसलामा उल्लेख छ।

■ विकल र सफललाई दोषी ठहर गर्नुका कारण


विकल पौडेल


सफल श्रेष्ठ

- बदनियतपूर्वक झुटा कागजातका आधारमा केन्द्रले खरिद कार्यका लागि बढी मूल्य हुने गरी लागत अनुमान तयार गरेको
- खरिदका लागि आन्तरिक राजस्व विभागलाई जानकारी नै नदिई र सहमतिसमेत प्राप्त नगरी सोही लागत अनुमानका आधारमा बोलपत्र तयार गरी बोलपत्र पेस गर्ने सूचना निकालेको
- खरिद प्रक्रिया, सुरक्षा प्रबन्ध, छपाइ कार्यमा संलग्न हुने जनशक्तिसमेतका विषयमा सुरक्षण मुद्रण विकास समितिमा पेस नै नगरी मनोमानी रूपमा केन्द्रबाट निर्णय गरेको
- आन्तरिक राजस्व विभागसँग सम्झौता नै नगरी र खरिद आदेशसमेत प्राप्त नगरीकनै स्टिकर छपाइका लागि प्रिन्टसेल प्रालिसँग सम्झौतासमेत गरेको
- सबै काममा केन्द्रका कार्यकारी निर्देशक विकल पौडेल र लागत अनुमान तयार गर्ने सफल श्रेष्ठको आपसी मिलेमतो रहेको
- पौडेल र श्रेष्ठकै आपसी मिलेमतोमा सरकारी सम्पत्ति हानिनोक्सानी गर्ने बदनियतले कार्य गरी केन्द्रबाट ६ करोड ८४ लाख ४५ हजार ६ सय रुपैयाँ पेस्की भुक्तानी गरी केन्द्रलाई हानिनोक्सानी गरेको

■ यसकारण मुख्यसचिवलाई सफाइ



- अख्तियारको दाबी आरोपलाई स्पष्ट रूपमा प्रमाणबाट पुष्टि गर्न नसकेको
- प्रमाणको अभावमा अनुमान, शंका र मनोगत आधारमा कसुर ठहर गर्न नमिल्ने
- निर्णय प्रक्रियामा सामान्य त्रुटि भएकै आधारमा मात्र सार्वजनिक जवाफदेहितामा बसेको पदाधिकारीले असल नियतले गरेको निर्णयबाट भ्रष्टाचारजस्तो सामाजिक रूपमा समेत लाञ्छित हुने कसुर गरेको भनी निष्कर्ष निकाल्नु न्यायोचित नहुने
- प्रतिवादी डा. वैकुण्ठ अर्यालले सूचना तथा सञ्चार मन्त्रालयको सचिवको हैसियतमा गरेको निर्णय पूर्वाभ्यास र विनियमावली नबनेको भन्ने आधारमा गरेको देखिएको र सो निर्णय गर्दा मिलेमतो र बदनियत राखी आफूलाई लाभ वा सरकारलाई हानिनोक्सानी निजकै कारणबाट भएको भन्ने प्रमाणबाट पुष्टि नभएको

■ मुद्दा चलेकै आधारमा आयोजना अवरुद्ध नगर्नू

मुद्दा चलेकै आधारमा आयोजना अवरुद्ध नगर्न अदालतले सरकारका नाममा फैसलामार्फत निर्देशनात्मक आदेश जारी गरेको छ। 'कहींकतै कुनै राष्ट्रसेवकले बदनियत चिताई आर्थिक हिनामिना गरेको भन्ने आधारमा त्यस्ता कर्मचारीउपर कानुनबमोजिम मुद्दा चलेकै कारण राष्ट्रिय आवश्यकताका परियोजना अवरुद्ध गरिनु कदापि उपयुक्त हुँदैन,' फैसलामा भनिएको छ, 'तसर्थ विवादमा आएको उल्लिखित अन्तःशुल्क स्टिकर छपाइको परियोजना कानुनबमोजिम अविलम्ब अघि बढाउन आवश्यक व्यवस्था मिलाउनु र सुरक्षण मुद्रणसँग सम्बन्धित अन्य कार्य पनि क्रमिक रूपमा स्वदेशमै सम्पन्न गर्न सक्रियता लिनु भनी नेपाल सरकारका नाममा यो निर्देशनात्मक आदेश जारी हुने ठहर्छ,' फैसलामा भनिएको छ।

आत्मसमीक्षा गर्दै पुनः कम्युनिस्ट एकताको बहस



काठमाडौं/ कम्युनिस्ट पार्टीका नेताहरूले आत्मसमीक्षा गर्दै एकतासम्म पुग्नुपर्नेमा जोड दिएका छन्। कम्युनिस्टको बहुमत नआई देशमा केही नहुने भन्दै उनीहरूले विगतको समीक्षा र आत्मसमीक्षा गर्दै एकतासम्म पुग्नुपर्नेमा जोड दिएका हुन्। कम्युनिस्टहरू मिलेर मात्रै समाजवादको आधार तयार पार्न सकिने उनीहरूको ठम्याइ छ।

नेकपाका संस्थापक नरबहादुर कर्माचार्यको जन्मशताब्दीका अवसरमा माओवादीले राजधानीमा बुधबार आयोजना गरेको 'नेपाली कम्युनिस्ट आन्दोलनको ७५ वर्ष र आगामी कार्यभार' विषयक गोष्ठीमा एमाले, माओवादी, एकीकृत समाजवादी, क्रान्तिकारी कम्युनिस्ट पार्टी र नेकपा मसालका नेताहरूले आत्मसमीक्षा गर्दै कम्युनिस्ट एकतामा पुग्नुपर्नेमा जोड दिएका हुन्।

माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले कम्युनिस्ट आन्दोलनको एकता र रूपान्तरणका लागि गम्भीर आत्मसमीक्षा आवश्यक रहेको बताए। आत्मसमीक्षा तीन तहमा हुनुपर्नेमा उनले जोड दिए। 'कम्युनिस्ट आन्दोलनमा लागेका हरेक नेता-कार्यकर्ताले आफैँभित्र आत्मसमीक्षा गरौं। हरेक पार्टीभित्र इमानदार आत्मसमीक्षा गरौं। अनि बल्ल कम्युनिस्ट पार्टीहरूको बिचमा आत्मसमीक्षा गरौं,' प्रचण्डले भने।

हरेक कम्युनिस्ट नेता तथा कार्यकर्ता र पार्टीहरूले क्रान्तिलाई किन सही रूपले अघि बढाउन नसकेको र आममानिसमा निराशा बढिरहेको बारे आत्ममीक्षालाई संघर्षकै रूपमा अघि बढाउनुपर्ने उनले बताए। 'म देशभरका कम्युनिस्टहरूलाई गम्भीर आत्मसमीक्षाका लागि अपिल गर्न चाहन्छु,' प्रचण्डले भने, 'म आदर्शका रूपमा मात्र यसो भनिरहेको छैन, हाम्रो पार्टीभित्र गम्भीर आत्मसीक्षा सुरु गरेर मात्रै अरूलाई अपिल गर्न थालेको हुँ।' क्रान्तिकारीहरूले आफ्नो गल्ती स्वीकार गर्न सक्नुपर्ने उनले बताए। आत्मसमीक्षाले मात्रै कम्युनिस्ट पार्टीहरूमा एकता, रूपान्तरण र नयाँ क्रान्तिको प्रक्रिया सुरु हुने उनले बताए। एकीकृत समाजवादीका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले उपलब्धि र कमजोरीको समीक्षा गरेर जानुपर्ने बताए। कम्युनिस्ट आन्दोलनभित्र रहेको दक्षिणपन्थी र जडसूत्रीय चिन्तनका विरुद्ध संघर्ष गर्नुपर्नेमा उनले जोड दिए। जनवादी क्रान्तिको चरण सकिएकाले अब समाजवादी क्रान्तिको कार्यक्रम सुरु गर्नुपर्ने र नेपाली मोडलको समाजवादको खाकामा बहस गर्नुपर्ने आवश्यकता उनले औँल्याए।

एमाले उपाध्यक्ष युवराज ज्ञवालीले गणतन्त्र स्थापनामा कम्युनिस्ट आन्दोलनको नेतृत्वदायी भूमिका रहेकाले अब समाजवादी क्रान्तिको तयारी गर्नुपर्ने बताए। समाजवादी कार्यक्रमलाई कार्यनीति वा रणनीति के बनाउने बहसको आवश्यकता रहेको उनले बताए। पार्टीभित्र रूपान्तरण गर्दै श्रेष्ठता हासिल गर्ने अभ्यास गर्दै जाँदा पुनः कम्युनिष्टहरूबिच सुदृढ एकता कायम हुने विश्वास उनको छ।

संक्षेप

डढेलो र वायुप्रदूषणको जोखिम घटाउन सरकारको ध्यानाकर्षण

काठमाडौं/ नेपाल वातावरण पत्रकार समूह (नेफेज)ले डढेलो, आगलागी र वायुप्रदूषणको जोखिम घटाउने गरी प्रभावकारी कदम चाल्न सरकारको ध्यानाकर्षण गराएको छ। सुक्खायाम सुरु भएसँगै आगलागीका घटना बढ्नुका साथै वायुप्रदूषणको ग्राफ पनि उकालो लाग्न थालेपछि नेफेजले विज्ञप्ति जारी गरी संघ, प्रदेश र स्थानीय सरकारको ध्यानाकर्षण गराएको हो। 'राज्य संयन्त्रले डढेलोको जोखिम घटाउन र वायु प्रदूषण रोकथामका लागि समयमै कदम चाल्न नेफेज सम्बन्धित निकायको ध्यानाकर्षण गराउँदछ,' महासचिव कमलदेव भट्टराईद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'रोकथाम र क्षति न्यूनीकरणका लागि अहिले नै तयारी थाल्न हामी सरकारको ध्यानाकर्षण गराउन चाहन्छौं।' वन तथा वातावरण मन्त्रालय, वातावरण विभाग र सरोकारवाला निकायले 'वायु गुणस्तर व्यवस्थापन कार्ययोजना, २०७६' कार्यान्वयनमा चासो नदिएको र सवारीसाधनको प्रदूषण जाँच पनि मौसमी हुने गरेको विज्ञप्तिमा उल्लेख छ।

लुम्बिनीका मुख्यमन्त्रीको राजनीतिक सल्लाहकारमा ज्ञवाली

बुटवल/ लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यको राजनीतिक सल्लाहकारमा बर्दिया गुलरिया नगरपालिका- ४ का लक्ष्मणराज ज्ञवाली नियुक्त भएका छन्। एमाले बर्दिया इन्चार्ज तथा केन्द्रीय सदस्य ज्ञवालीलाई आचार्यले राजनीतिक सल्लाहकारमा नियुक्त गरेका हुन्। स्नातकसम्म अध्ययन गरेका ज्ञवालीले यसअघि पशुपति विकास समितिको सदस्य, गुठी संस्थानको अध्यक्ष र मितेरी साहित्यिक पत्रिकाको सम्पादकलगायत विभिन्न सामाजिक संघसंस्थामा काम गरेका छन्। अनेरास्ववियुको केन्द्रीय सदस्य हुँदै युवा संघको राजनीति गरेका ज्ञवालीले लुम्बिनी प्रदेशलाई सबै हिसाबले सफल बनाउने गरी प्राप्त जिम्मेवारीलाई कुशलतापूर्वक निर्वाह गर्ने बताएका छन्।

लुम्बिनी प्रदेश सरकारका सय दिनका उपलब्धि सार्वजनिक

बुटवल/ लुम्बिनी प्रदेशमा चेतनारायण आचार्य नेतृत्वको सरकारले सय दिन पूरा गरेको छ। सय दिनसम्मा पनि मन्त्रिपरिषद्लाई पूर्णता दिन नसकेका मुख्यमन्त्री आचार्य नेतृत्वको सरकारले सय दिनमा १०१ उपलब्धि हासिल गरेको भन्दै सार्वजनिक गरेको छ। बुधबार पत्रकार सम्मेलन गरी सार्वजनिक गरिएको उपलब्धिमा नागरिकमा बढ्दै गएको निराशालाई आशामा रूपान्तरण गर्न, प्रदेश सरकारको भूमिकालाई स्थापित गर्न, सेवा प्रवाहलाई चुस्त र प्रभावकारी बनाउन प्रदेश सरकार सफल भएको दाबी गरिएको छ। सय दिनमा सरकारले नीतिगत र कानुनी सुधार, शासकीय सुधार र सुशासन, विकास व्यवस्थापन, वित्तीय प्रबन्ध, शिक्षा, स्वास्थ्यलगायत सामाजिक क्षेत्र, कृषि र स्वरोजगारको क्षेत्र, पर्यटन, संस्कृति र पर्यावरण, सूचना प्रविधिको विकास र प्रयोग, गुनासो व्यवस्थापन, जनतासँगको संवादलगायतलाई प्राथमिकतामा राखेर कामकारबाही गर्दै आएको मुख्यमन्त्री आचार्यले बताए। प्रदेशको आन्तरिक आयस्रोत वृद्धि गर्न राजस्वको दायरा फराकिलो बनाउने, आर्थिक अनुशासनलाई कडाइका साथ कार्यान्वयन गर्ने, अघिल्लो वर्षको दायित्व भुक्तानीलाई अघि बढाउने आधार तयार गरिएको मुख्यमन्त्री आचार्यको भनाइ छ।

गुडिरहेको गाडीमा आगलागी

सल्यान/ **सल्यानमा** गुडिरहेको गाडीमा आगलागी भएको छ। बागचौर नगरपालिका- १ चोरखोलामा नेपालगन्जबाट रुकुम पश्चिम चौफा जाँदै गरेको भे.१ख ३७५० नम्बरको फोर्स गाडीमा बुधबार साँझ आगलागी भएको जिल्ला प्रहरी कार्यालय सल्यानले जनाएको छ। गाडीबाट धुँवा निसक्नेबित्तिकै सबै यात्रुलाई बाहिर निकालिएकाले मानवीय क्षति हुन नपाएको जिल्ला प्रहरी कार्यालय सल्यानका सूचना अधिकारी प्रहरी निरीक्षक रेशमबहादुर खत्रीले जानकारी दिए। गाडीमा २९ यात्रु सवार रहेको र सबै सकुशल रहेको उनको भनाइ छ। गाडीमा लागेको आगो अझै नियन्त्रणमा नआएको र नियन्त्रणको प्रयास भइरहेको खत्रीको भनाइ छ। आगोले यात्रुको सामान जलेर नष्ट भएको उनले बताए। विद्युत् सट भई आगो लागेको प्रहरीको अनुमान छ।

■ रोटेपिङमा बालबालिका



रोटेपिङ खेल्दै बालबालिका। चितवनको भरतपुर महानगरपालिका- ६ देवनगरमा दक्षिणकाली मध्यवर्ती सामुदायिक वन उपभोक्ता समूहले रोटेपिङ राखेपछि बालबालिका रमाउने गरेका छन्। फलामबाट बनेका पिङभन्दा काठैकाठले बनेका रोटेपिङले बालबालिकालाई खुसी थपेको छ। **तस्बिर : विवेक पोखेल**/नयाँ पत्रिका

खान अयोग्य चामल गायब पार्ने मंगलमय ट्रेडर्सलाई ७० हजार जरिवाना

मकवानपुर/ बजार अनुगमनका क्रममा खान अयोग्य पाइएपछि बिक्री र ओसारपसारमा रोक लगाएको चामल गायब पारेपछि मकवानपुरको मनहरी गाउँपालिकाले स्थानीय एक व्यापारीक फर्मलाई ७० हजार जरिवानासहित कारबाही गरेको छ।

पालिकाले वडा नम्बर ७ मनहरीको माथिल्लो बजारमा रहेको मंगलमय ट्रेडर्सलाई ७० हजार जरिवानासहित कारबाही गरेको गाउँपालिकाका शाखा अधिकृत शैलेश बाँस्कोटाले जानकारी दिए। उनका अनुसार उक्त व्यापारिक फर्मलाई गत ६ असोजमा खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयको नेतृत्वमा गएको अनुगमन टोलीलले गरेको ५० हजार जरिवानामा गाउँपालिकाले थप २० हजार जरिवाना गरेको हो।

खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयको नेतृत्वमा पुगेको अनुगमन टोलीले जाँच गर्दा उक्त व्यापारिक फर्मको गोदाममा रहेको ६० बोरा चामल प्रचलित मापदण्डअनुसार नभएको पाइएपछि ५० हजार जरिवाना गर्ने निर्णय भएको थियो। अनुगमन टोलीले जरिवाना गरेसँगै गोदाममा रहेको ओम कैलाश ब्रान्डको ५३ बोरा र लक्ष्मी राइस मिलको ७ बोरा चामल बिक्री र ओसारपसारमा प्रतिबन्ध लगाएको थियो।

१२ कात्तिकमा चामलको नमुना परीक्षणका लागि जाँदा चामल गोदाममा फेला नपारेपछि गाउँपालिकाले २० हजार जरिवाना थप गरी २४ घण्टाभित्र पालिकामा सम्पर्क गर्न निर्देशन दिएको थियो। गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत रमेश सुवेदीले उक्त फर्मलाई गाउँपालिकामा जरिवाना दाखिला गर्न र चामल फिर्ता ल्याउन भन्दै १४ कात्तिकमा पत्राचार गरेका छन्। व्यवसायीले भने चामलमा कैफियत पाएपछि प्याकिङ गर्ने सम्बन्धित राइस मिलमा नै फिर्ता पठाएको दाबी गरेका छन्।

भारतमा पाँच वर्ष बन्धक, उद्धारपछि पनि सम्पर्कविहीन

बैतडीमा लोकेश साउद

पाँच वर्षसम्म भारतमा बन्धक बनाइएकी बैतडीकी एक महिलालाई उद्धार गरेर नेपाल फर्काइए पनि दुई बालबालिकासहित पुनः सम्पर्कविहिन भएकी छिन्। रोजगारीको सिलसिलामा श्रीमान्सहित कर्नाटक राज्यको मन्डिया पुगेकी उनलाई त्यहाँका एक व्यवसायीले पाँच वर्षसम्म बन्धक बनाएर राखेका थिए। नेपाली कामदारले थाहा पाएपछि उनको गत १५ जेठमा उद्धार गरिएको थियो।

'बन्धक बनाइएपछि उनीमाथि निरन्तर यौन हिंसा र श्रमशोषण भएको देखिन्छ। उनकी सात वर्षीया छोरीमाथि समेत यस्तो भइरहेको रहेछ,' उद्धारमा खटिएका युवा मनोज धामीले भने। महिलालाई रातदिन श्रम गराउने र सात वर्षीय छोरीलाई उनीबाट छुटाएर मालिकका छोराले आफूसँग राखेको अवस्थामा उद्धार गरेको उनले बताए।

३०-३५ जना नेपाली युवा, स्थानीय प्रहरी र भारतीय जनप्रतिनिधिसमेतको प्रयासमा सात वर्षीया छोरी र १० वर्षीय छोरासहित महिलाको उद्धार गरिएको धामीले बताए। धामी नेपाली जनउत्थान समाज नामक संस्थाका अध्यक्ष हुन्। 'बन्धक बनाएको सूचना पाएपछि उद्धार गरेका हौं,' उद्धारमा खटिएका बैतडी पाटन- १ का नरेश पाटन गाउँपालिका-४ का वडाध्यक्ष भन्छन्–

हामीले यतै बस्न सहयोग गर्छौं भनेका थियौं, तर उहाँले अप्ठ्यारो मान्नुभयो कि खै के सोच्नुभो। त्यसपछि मोबाइल अफ छ, समाजिक सञ्जालमा पनि सक्रिय देखिनुहुन्न।

विकले भने, 'तीनैजनालाई २१ जेठमै नेपाल पठाइएको हो।' एकपटक बन्धक बनाएको सूचना महिलाले पठाएकी थिइन्। तर, मालिकले थाहा पाएपछि उनको मोबाइल थुतेर राखिदिँदा उद्धार गर्न नसकिएको विकले बताए।

सँगै काम गर्ने भारत उत्तर प्रदेशकै युवाले समाजिक सञ्जालबाट पुनः आफूसहित नेपाली महिलालाई बन्धक बनाएको सूचना दिएपछि उद्धार गरेको उनले जानकारी दिए। उद्धार सुरक्षाको हिसाबले जोखिमपूर्ण रहेको हुँदा प्रहरी र स्थानीय विधायकलाई समेत साथमा लगेको विकले बताए। विकका अनुसार महिलाका श्रीमान्लाई कुटपिट गरेर बेपत्ता पारिएको खुलेको थियो। त्यहाँ काम गर्ने एकजना मजदुर र महिलाबाट सो कुरा खुलेको उनले बताए। 'उनका श्रीमान्लाई कुटपिट गरेर गाडीमा राखेर जंगलमा लगेर छोडिएको रहेछ। उनी अहिले मानसिक सन्तुलन गुमाएर सडकमा माग्दै हिँड्छन् भन्ने थाहा पाएका छौं,' विकले भने। कर्नाटक राज्यको मन्डियामा जमिन भाडामा लिएर गौशाला खोलेका बसिया गौडा भन्ने व्यक्तिले बन्धक बनाएकी महिलाले उद्धारकर्ता त्यहाँ पुग्दा तारबाट हाम फालेको भिडियोमा समेत देख्न सकिन्छ।

■ नेपाल फर्किएपछि सम्पर्कविहीन

उद्धार गरेर नेपाली संघसंस्थाले ३० हजार भारतीय रुपैयाँ संकलन गरेर महिलासहित दुई बालबालिकालाई नेपाल पठाएका थिए। महेन्द्रनगरमा रहेका उनका आफन्तकहाँ केही समय बसेर असारमा उनी बैतडी पुगेकी थिइन्। गाउँ फर्किएपछि उनका छोरा र छोरीको पढाइका लागि सहयोग गर्ने भन्दै स्थानीय विद्यालयमा भर्ना गरिदिएको पाटन- ४ का वडाध्यक्ष दीपकसिंह विष्टले बताए। आफन्तहरूले उनलाई बस्न दिएको र बच्चाहरूलाई पढ्न नगरपालिकाले तत्काल २० हजार सहयोग गर्ने निर्णय गरेको विष्टले जानकारी दिए। पछि आफन्तकोमा बस्न अप्ठ्यारो मानेर १२ साउनमा धनगढी जाने भन्दै हिँडेको स्थानीयले बताए। 'हामीले यतै बस्न सहयोग गर्छौं भनेका थियौं, तर उहाँले अप्ठ्यारो मान्नुभयो कि खै के सोच्नुभो,' एक आफन्तले भनिन्, 'त्यसपछि मोबाइल अफ छ, समाजिक सञ्जालमा पनि सक्रिय देखिनुहुन्न।' उनका अनुसार भारतमा काम गर्ने शाही थरका कुनै व्यक्तिले नेपालमै काम खोजिदिने भन्दै बोलाएका थिए।

■ भारतमा असुरक्षित नेपाली महिला र बालबालिका

रोजगारीका लागि परिवारसहित भारतका विभिन्न ठाउँ पुग्ने नेपाली कामदारका साथमा जाने महिला र बालबालिका सुरक्षित नरहेको दुई दशकदेखि कर्नाटक क्षेत्रमा काम गर्दै आएका नरेश विक बताउँछन्। 'महिला र बालबालिकासँग सम्बन्धित थुप्रै घटना हुन्छन्, सकेको सहयोग हामी पनि गर्छौं,' विक भन्छन्, 'लोग्ने काममा जाँदा उनीहरूका श्रीमतीलाई प्रलोभन वा दबाब दिएर भगाउने र पछि छोराछोरीसमेतले दुःख पाउने गरेको पाइन्छ।' यस्ता घटनामा भारतीय र नेपाली पनि सक्रिय रहने उनले बताए।

केही समयअघि डडेल्धुरा आलीताल-४ की महालक्ष्मी रानाको क्रूर र अमानवीय ढंगले हत्या गरिएको थियो। उनको हत्यापछि शरीर ३० टुक्रा बनाएर फ्रिजमा राखेको अवस्थामा प्रहरीले फेला पारेको थियो।

केही दिनअघि मात्र बझाङकी बोहरा थरकी एक महिलाको दुई वर्षको बच्चासहित सडकबाट उद्धार गरिएको थियो। उनकै देवर पर्ने युवकको जिम्मा लगाएर नेपाल पठाइएको थियो।

प्रकृतिमाथिको छेडखानी : विपत्तिको मार्ग

विज्ञानले प्रकृतिका नियमको खोज गरेर हाम्रो जीवनस्तर उकास्दै जगदम्बाको काख अझै न्यानो र आरामदायी पार्ने हो



● उदयराज खनाल


अग्रलेख

दसैंको 'या देवी सर्वभूतेषु' अझै कानमा गुञ्जिएकाले जगन्माता प्रकृतिका केही रूपको चर्चा गर्न मन लागेर लेख्दै छु। महाकाल कहलिएका शिवलाई समेत उत्तानो पार्ने यो शक्तिसामु विश्व नै विवश छ। गत वर्षको यसैताका मेक्सिकोका आदिवासी 'अज्टेक'हरूको धार्मिक विश्वासमा आधारित नाटक हेर्ने अवसर मिल्यो। पहिलो घम्साघम्सीमा सजिलै विजयी भएका देवपक्षलाई परास्त पार्न थप शक्ति बटुलेर दलबलसहित फर्किएको खलनायकले कुटिल चालबाट जितेर आफ्नो अधर्मी अधिनायकत्व कायम गर्छ। मर्माहत नायक अन्धलोकमा भौंतारिँदा भेटेका देवीको सक्रियतामा शक्ति विस्तार गरेर 'असत'माथि आक्रमण गर्छन्। देव थकित भएर ढल्ने वेलासम्म पनि देवी डटेर असतलाई परास्त पारेपछि युद्धको उन्मादमा नायकमाथि नै जाइ लाग्छिन्। अनुनय विनयबाट देवीलाई शान्त पारेर आफू दुईको कल्याणकारी सत्ता कायम गर्दा अनुयायी र विपक्षी सबै नतमस्तक हुन्छन्। अज्टेक साम्राज्य त हजार वर्षजसो अघि स्थापित भएको हो, तर उनका पुर्खा सुदूर उत्तरपूर्वी एसियाबाट अमेरिका छिर्ने क्रम ४० हजार वर्षअघिदेखि थालेर २० हजार वर्षअघिसम्म कम्तीमा तीनपटक ओहोरोदोहोरो गरेपछि एसियासँग सम्पर्क टुटेको प्रमाण भेटिएका छन्। यसर्थ, मानव उत्पत्तिसँगै 'मातृका'को यस्तो कथावाचन थालिएको हुनुपर्छ।

युरोपदेखि साइबेरियाभर भेटिने ४० हजार वर्षसम्म पुराना 'भिनस फिगुरिन' भनिएका अजिमा र हारतीमाताका जस्ता साना आकृतिले यस धारणालाई थप बल दिन्छ। बच्चाहरूको हेरचाह गर्ने जिम्मा लिएर मानव समाजको विकासमा ठुलो योगदान गरेकी हजुरआमा पूजित हुनु स्वाभाविक हो। माताबाट मात्र प्रसारित 'माइटोकन्ड्रियल डिएनए'बाट आदिमाता खोज्ने वैज्ञानिकहरूले अफ्रिकास्थित कालाहारीमा दुई लाख वर्षअघि रहेको एक मरुद्यान (ओएसिस) पहिल्याएका छन्। त्यहाँका केही हजारको समूहबाट मानव विश्वभरि फैलिएको निष्कर्ष निकालिन्छ। नौ लाख वर्षजसो अघि आधुनिक मानवको आगमनभन्दा पहिले अफ्रिकामा बस्ने हाम्रो एक अज्ञात पुर्खा (हुन सक्छ, अग्नि नियन्त्रण र ढुंगाको बन्चरो तिखार्ने प्रविधिको बलमा अफ्रिकादेखि जावाद्वीपसम्म पुगेको, परशुरामको अवतारजस्तो, होमो इरेक्टसको कुनै प्रजाति)को जनसंख्या केही लाखबाट एक हजारमा झरेकाले मानव लोपोन्मुख अवस्थाबाट गुज्रेको थियो। ७० हजार वर्षजसो अघि पनि मानवको संख्या एक हजार जोडी मातापितामा झरेको संकेत छ।

नवपाषाण युगको सुरुतिर लैंगिक अनुपातमा ह्रास आएर १७ महिलामा एक पुरुष मात्र बाँकी थिए। कृषिक्रान्तिले स्थायी बसोवास गराएर पितृसत्ता निम्ताएका कारण सन्तानोपत्तिका लागि अन्य गाउँबाट महिला ल्याउँदै आफ्ना छोरीलाई पर पठाउँदाको नतिजा भन्छन्। विभिन्न कालका यस्ता प्रलयंकारी घटनाबाट मानवजातिलाई उभारेको श्रेय पनि मातालाई नै दिनुपर्छ। ६० हजार वर्षजसो अघिबाट विभिन्न लहरमा उत्तरी अफ्रिकादेखि युरेसियाभरि आधुनिक मानव (होमो सेपियन्स) फैलियो। त्यहाँ बसोवास गर्ने 'नियान्डर्थल' र 'डेनिसोवन' भनिएका प्रजाति (मेरो विचारमा दानव र राक्षस) कति मानवमै समाहित भए भने एक्लिएका समूह लोप भए। विशेषमा, दक्षिणी अफ्रिका बाहिरका सारा मानवको अनुवंशमा पाँच-सात प्रतिशत देन थिने प्रजातिको छ। यसरी जहाँ पुग्यो त्यहाँकासँग मिसिँदै आएका केही हजार मातापिताका हामी सन्तानमध्ये कसैले पनि फलानो जातजातिको शुद्धता दाबी गर्नु हास्यास्पद त छ नै, अमानवीय, अवैज्ञानिक, अविवेकी पाखण्ड हो।

प्राण, चेतना, ज्ञान, बुद्धि, शक्ति, धनसहितका सारा भौतिकता प्रकृतिकै रूप हो। प्रकृतिबाहेक केही सोच्न पनि सकिन्न, यद्यपि भ्रमित बुद्धि विपरीत हुन सक्छ। वैज्ञानिक विधिद्वारा प्रमाणित ज्ञानको जति उपयोग गर्‍यो, उति नै समृद्ध र शक्तिशाली बनिन्छ। विज्ञान प्रविधिका कुरा निरस लाग्ने भएकाले वेदमा पञ्च महाभूतको प्राविधिक ज्ञानलाई देवासुर संग्रामको चाखलाग्दो कथासँगै बुनिएको हो। चार तत्त्वको बयान गर्ने पाश्चात्य दर्शनमा आकाश थप्नुपर्ने बोध निकैपछि भयो। भृगुले अथर्ववेदमा मन, प्राण, भूत इत्यादिको स्रष्टा काल भएको बताए। लिपि आविष्कारकका प्रतीक व्यासले वेदलाई लिपिबद्ध गर्नुभन्दा धेरैअघिदेखि मौखिक रूपमा प्रसारित हुँदै आएको थियो। काललाई आकाशकै एक दिशा जनाउने कपिल मुनिले सांख्य सूत्र, 'दिक्कालावाकाशादिभ्य'ले, सापेक्षताको पूर्वाभास दिन्छ। उनको यो द्वैतवादी दर्शनअनुसार दिक्कालीन पुरुषको मोहले प्रकृतिको त्रिसाम्यता विकृत भएर रजोगुणको वरपर सत्व र तम गुण प्रधान भौतिकता उत्पन्न हुन्छ। आइन्सटाइनले विशेष सापेक्षताद्वारा चार आयामिक दिक्कालीन आकाशको प्रस्तावबाट पृथ्वी, जल, वायुजस्ता सबै पिण्डित पदार्थ त चौथो



महाभूत शक्तिकै भिन्न रूप भएको प्रमाणित गरे। उनैको सामान्य सापेक्षतासँगै दिक्कालको गुरुतात्विक वक्रताबराबर पदार्थको ऊर्जा-पिण्ड हुने स्थापित गरेर सांख्यको द्वैधतालाई पनि एकीकृत गर्छ। सर्वभूति दिक्कालको जालोमा स्वतः उत्पन्न हुने कम्पनरूपी गुरुत्वाणु (ग्राभिटोन)हरूको अन्तर्क्रियाबाट निर्माण भएको पदार्थ आफ्नै ऊर्जाबराबरले 'वकृत दिक्कालको उपत्यका'तिर गुरुत्वाकृष्ट भएर ब्रह्माण्डका विशाल संरचना निर्माण गरे।

> औद्योगिक क्रान्तिले प्रकृतिमाथि विजय गर्ने भ्रान्ति पैदा गरेको थियो। सारा प्राकृतिक अवस्थालाई ध्वस्त पारेर धर्तीमाताको छातीमा चिर्दै खनिज निकाल्ने, नदीनाला सुकाउने र दुर्गन्धित पार्ने, वन फँडानी गर्ने, वायुमण्डलमा धुवाँको मुस्लो हाल्नेजस्ता दुष्कार्य गरेर जलवायु परिवर्तनको संघारमा पुऱ्यायो।

अणुको बाहिरी क्षेत्रमा भेटिने पिण्डित कण 'विद्युताणु (इलेक्ट्रोन)', र उसैको सर्वाधिक हलुका युगल 'न्युट्रिनो'लाई सत्वगुणी जोडीको एक उदाहरण माने, यसका क्रमशः गह्रुँगो संस्करण रजोगुणी 'मुओन' र तामसी 'टाओन'हरूको आआफ्नै जोडी छन्। दुर्बल अन्तर्क्रियाद्वारा तुरुन्तै इलेक्ट्रोनमा क्षयित हुने पछिल्ला दुईको के काम, थाहा छैन। इलेक्ट्रोनले गर्ने विद्युत् (चुम्बकीय अन्तर्क्रियाको आधारमा हाम्रा बत्ती, टिभी, कम्प्युटर, मोबाइल इत्यादि चल्छन्। ऋणात्मक र धनात्मक चार्जले सजित यो दुई ध्रुवीय अन्तर्क्रियाको मध्यस्त गर्ने प्रकाशाणु (फोटोन) हो। अणुका केन्द्रमा रहने प्रोटोन र न्युट्रोनहरूभित्र अप र डाउन नाम पाएका युगल क्वार्कलाई तीन-तीनको संख्यामा बन्धित राख्ने त्रिध्रुवीय (रातो हरियो र निलो चार्जका) सबल अन्तर्क्रियाको मध्यस्त ग्लुओनले गर्छन्। यी सत्वगुणी क्वार्क जोडीका पनि अति ऊर्जित अन्तर्क्रियामा मात्र देखा पर्ने रजोगुणी (चार्म र स्ट्रेन्ज) तथा तामसी (टप र बटम) दाजुहरू छन्। सबै कणका प्रतिकण भए पनि बिरलै देखिन्छन्।

सामान्य सापेक्षतामा पाँचौं आयाम थप्यौं भने गुरुत्वसहित विद्युतीय अन्तर्क्रिया पनि देखा पर्छ। त्यसैले आदिम सर्वभूत कणिक नभएर दश आयमिक धागोको टुक्राजस्तो सूत्रात्मक भए, सितारको तार हल्लिँदा विभिन्न सुर निस्केजस्तै, त्यो धागोका विभिन्न कम्पनले गुरुत्वाणुसहित सबै जानिएका कण प्रसार गर्छ। ब्रह्माण्डको 'बिग बांग' उत्पत्तिकालमा चार आयामिक दिक्काल फैलिँदा अन्य आयाम खुम्चिएर विद्युतीय चार्जजस्ता आन्तरिक भौतिक गुणको रूप लिन्छन्। दश आयामको धागोलाई हाम्रो चार आयामिक अवस्थामा खुम्चाउने व्यक्तिपिच्छेको विधि भए पनि यी सबैले एघार आयामिक साबुनको फोकाजस्तो मेम्ब्रेनको सतहमा पुऱ्याएबाट 'एम थियोरी'को प्रादुर्भाव भयो। बहुआयामलाई यसरी खुम्च्याउँदा जस्तो अवस्था पनि निर्माण हुन सक्ने भएकाले हामी समानान्तर ब्रह्माण्डको विष्णुमायामा जेलिएका त छैनौं भन्ने गम्भीर प्रश्न उठेको छ। अझ, विग्नरले बनाएको एक 'क्वान्टम द्विविधा (पेराडक्स)' अनुसार त दुई व्यक्तिले एउटै घटना अवलोकन गरेर भिन्न परिणाम निकाल्न सक्छन्।

अणुवादी कणादमुनिले दुई हजार वर्षभन्दा पुरानो वैशेषिक दर्शनमा दिक्काल मन र आत्मालाई पञ्चतत्त्वमा थपेर नवद्रव्य बनाए। दिक्कालीन आदिभूतबाहेक अन्य केही नभएकाले आधुनिक विज्ञानले बयान गर्न नसकेको जीवत्व र चैतन्यलाई पनि मेम्ब्रेनमा केही आयाम थपेर बुझ्न सकिन्छ कि ? जीवत्व प्रादुर्भाव गर्न आवश्यक रसायन र विशेषमा डिएनए र आरएनएले विभिन्न प्रोटिन उत्पादन गर्ने निर्देशन बनाउन प्रयोग गर्ने पाँच अक्षर (न्युक्लियोबेसेस), सबै अन्तरिक्षभरि भेटिएका छन्। ब्रह्माण्डको विशाल संरचनाका प्रत्येक खगोलीय पिण्डलाई अर्कोसँग जोड्ने 'कस्मिक वेब'को जालो, हाम्रो शरीरका प्रत्येक न्युरोनलाई जोड्ने स्नायु प्रणालीको जालोजस्तै स्वचिन्तन गर्न सक्नेबारे गहन अध्ययन आवश्यक छ। यसर्थ, चेतना र जीवत्वलाई प्रश्रय दिने क्षमता ब्रह्माण्डको कुनै पनि अनुकूल क्षेत्रमा निहित हुनुपर्छ। ऋग्वैदिक नासदीय सूक्तको व्यापक परिमार्जित अर्थ लगाउँदा शून्य दिक्कालीन गहिराइमा स्वकम्पनको प्रश्वासले तपित एकबाट गुरुत्वाकर्षक रश्मिन जालो स्वतः फैलिएकोबारे जान्ने, त्यही एक हो कि, उसलाई पनि थाहा छैन।

जति 'थियोरी अफ एवरिथिङ'को कुरा गरे पनि सारा चराचरकी सर्वादि जननी, सर्वआयामिक प्रकृतिमाताको सर्वभूति सर्वशक्ति सर्वव्यापी सर्वज्ञानी सर्वात्मिक स्वरूपको सर्वचित्तका सबै भेद खोल्न निकै कठिन छ। विज्ञानले प्रकृतिका नियमको खोज गरेर हाम्रो जीवनस्तर उकास्दै जगदम्बाको काख अझै न्यानो र आरामदायी पार्ने हो। औद्योगिक क्रान्तिले प्रकृतिमाथि विजय गर्ने भ्रान्ति पैदा गरेको थियो। सारा प्राकृतिक अवस्थालाई ध्वस्त पारेर धर्तीमाताको छातीमा चिर्दै खनिज निकाल्ने, नदीनाला सुकाउने र दुर्गन्धित पार्ने, वन फँडानी गर्ने, वायुमण्डलमा धुवाँको मुस्लो हाल्नेजस्ता दुष्कार्य गरेर जलवायु परिवर्तनको संघारमा आयौं। युरोपका सम्पन्न राष्ट्रहरूले त प्रकृतिसँगै गतिशील भएर अनुकूलता प्राप्त गर्न मात्र सम्भव भएको कुरा बुझ्न थाले। विशाल सहरमा वृक्षरोपण गरेर हरित पार्ने, चौंडा सडकलाई सानो पारेर जलाशय र कुलो बनाउने, प्राकृतिक पार्कमा यताको ढुंगा-बालुवा उता सार्न पनि नपाउने गरे। हामी भने पुर्खाले बनाएका सुन्दर सहरका पोखरी पुर्दै, हजारौं वर्ष पुराना भूक्षय निरोधक खेतका गह्रा भत्काउँदै, सके खोलानाला सुकाउँदै, अन्यथा सानो ढलको धरोमा परिणत गर्दै, बाटो र बस्ती बनाउँछौं। कुनै योजना र गहन अध्ययनविना जसले चाह्यो उसले एक्स्काभेटर लग्दै संवेदनशील पहाड खोस्रेर आफ्नो बाटो आफैं बनाएर विनाशिलो पहिरो निम्ताउँछौं। अनि, कमिसनको लोभमा झनै तीव्र चुरे दोहन गर्नेले अन्तर्राष्ट्रिय मञ्चमा गोहीको आँसु बगाउँदै भन्छन्, 'हामीले नखाएको विष लाग्यो, पैसा लेऊ।'

---

३ प्रश्न

सरुवारोग विशेषज्ञ
डा. शेरबहादुर पुनलाई



डेंगु संक्रमण पहाडी र हिमाली जिल्लासम्म पुग्नुको कारण के होला ?

पाँच-६ वर्षअगाडिसम्म पहाडी जिल्लामा डेंगु संक्रमण थिएन। अन्यत्रबाट संक्रमण भएर आएका व्यक्तिलाई रैथाने लामखुट्टेले टोक्दा मान्छेबाट लामखुट्टेमा संक्रमण सर्दै गयो। जसबाट लामखुट्टेमा एकपछि अर्को जनेरेसन डेंगु फैलिँदै जाँदा पहाडी क्षेत्रमा रैथाने लामखुट्टेबाट मान्छेमा संक्रमण हुन थालेको हो। अबका दिनमा लामखुट्टेको टोकाइबाट बच्नुबाहेक डेंगु संक्रमणबाट बच्ने उपाय रहेन। यसबाहेक मानिसका क्रियाकलापले एडिज जातको लामखुट्टे हुर्किने वातावरणसमेत बन्दै गइरहेकाले मौसमी संक्रमण बिस्तारै 'इन्डेमिक'मा परिवर्तित हुँदै गएको हो।

डेंगु संक्रमणको उपचार कति आवश्यक छ ?

डेंगु एउटा भाइरल फिबर हो, जसमध्ये थोरै प्रतिशतमा मात्रै गम्भीर खालको समस्या निम्त्याउँछ। तर, रैथाने लामखुट्टे नै संक्रमित हुँदा पटक-पटक संक्रमण हुने जोखिम बढेर गयो। जसले डेंगु फिबरका कारण अन्य स्वास्थ्य समस्या गम्भीर बनाउँदै लाने जोखिम उच्च रहन्छ। जस्तै, प्लाज्मा लिकेज अर्थात् रक्तस्राव हुने, अत्यधिक पेट दुख्ने, लगातार बान्ता आउने, सास फेर्न गाह्रो हुने, गिजा वा नाकबाट रगत बग्ने, थकान, बान्ता वा दिसामा रगत देखिने, मुख सुक्खा हुने, छालाको रङ पहेँलो हुनेजस्ता समस्या देखिन सक्छन्। यस्ता लक्षण देखिएमा तुरुन्तै उपचारको खाँचो हुने भएकाले बेवास्ता गर्नुहुँदैन। डेंगु संक्रमण भइसकेपछि अधिकांशले लक्षण बेवास्ता गर्ने कारणले समेत ज्यान जानेसम्मको जोखिम रहन्छ।

रोकथाम र नियन्त्रण किन प्रभावकारी हुन नसकेको होला ?

संक्रमण दर बढेपछि घरवरपर र छरछिमेकमा डेंगु खोज र नष्ट गर भन्ने अभियान मात्र डेंगु नियन्त्रणका लागि पर्याप्त छैन। बढ्दो सहरीकरण वा निर्माण स्थल, बाटो, सडक, चौर वा झाडी वा जतासुकै लामखुट्टे हुर्किने वातावरण छ। पूर्ण रूपमा रोकथाम वा नियन्त्रणका लागि विद्यालयस्तरदेखि नै नियन्त्रणका उपायबारे ज्ञान दिनु आवश्यक छ।

प्रेरक प्रसंग

चोरीबाट जोगाउने कसरी ?

एक निजी इन्जिनियरिङ कम्पनीको कार्यक्षेत्रमा निकै धेरै बिजुलीका प्यानल लगाइएका थिए। कम्पनीका कर्मचारीले प्यानलनजिक रहेर घन्टौं काम गर्नुपर्थ्यो। काम गर्दैगर्दा जतिसुकै सावधानी अपनाए पनि कर्मचारीलाई करेन्ट लागिरहन्थ्यो। विद्युतीय झड्काले कम्पनीका कर्मचारी निकै हैरान थिए। यस समस्याबाट छुटकारा पाउन कम्पनीले विशेष बैठक आयोजना गऱ्यो र करेन्टको झड्काबाट बच्ने अनेकौं उपायमाथि विचार विमर्श गरियो। अन्त्यमा प्यानलको छेवैमा रबरका 'इन्सुलेटिङ म्याट' राख्ने निर्णय भयो। त्यसमाथि टेकेर काम गर्दा कर्मचारीलाई करेन्ट लाग्ने समस्या हुँदैनथ्यो। यो उपाय सस्तो र प्रभावकारी दुवै देखिएकाले तत्काल यसलाई कार्यान्वयन गरियो। यसबाट कर्मचारीलाई करेन्ट लाग्ने समस्या त समाधान भयो। तर, कम्पनीको सो कार्यक्षेत्र खुला स्थानमा रहेको हुनाले म्याट चोरी हुने समस्या बढ्यो। त्यसका लागि सुरक्षा गार्ड राख्नु थप खर्चिलो हुन्थ्यो। त्यसैले कम्पनीका अधिकारी पुनः चिन्तामा परे।



म्याट चोरी हुने समस्याबाट कसरी छुटकारा पाउने भन्ने विषयमा लामो छलफल हुँदा पनि समाधान निस्किन सकिरहेको थिएन। अचानक एक सामान्य स्तरका कर्मचारीले भने- हाम्रो म्याट चोरी हुनबाट जोगाउन एउटा उपाय काम लाग्न सक्छ। हामी ती प्रत्येक म्याटलाई चार-पाँच टुक्रा पारेर काटौं र एकै स्थानमा मिलाएर राखौं। हामीले काटिएका टुक्रामाथि पनि टेकेर काम गर्न सकिहाल्छौं। तर, त्यसरी काटिएका म्याट अरूका लागि कुनै कामका हुँदैनन्। यस्तोमा त्यसलाई कसले चोरी गर्ला र ? त्यसपछि तिनै कर्मचारीले भनेजसरी नै प्रत्येक म्याटलाई चार-पाँच टुक्रा पारेर काटियो। त्यस दिनदेखि म्याट चोरी साँच्चै रोकियो।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

यिनको उपचार कसले गर्ने ?

'बिरामी छन् सरकारी औषधि उद्योग' शीर्षकको समाचार पढेपछि केही लेख्न मन लाग्यो। यो देशमा जुनसुकै उद्योग निजी क्षेत्रले चलाउँदा विष्णुमतीका मुलाझैं मौलाउँछन्, फस्टाउँछन्, कहिल्यै घाटामा जाँदैनन्। तर, तिनै उद्योग सरकारले चलाउँदा भने जहिल्यै घाटामा जान्छन्। जहिल्यै जीर्ण देखिन्छन्। उपचारै गर्न कठिन हुने गरी दीर्घरोगी बन्छन्। आखिर किन ? के यस्तो अवस्थाबारे सरकारले कहिल्यै सोचेको छ ? के यस्ता उद्योगको समयमै उपचार गरेर तिनलाई नाफामा लान सकिन्न ? के सरकारले यस्ता सरकारी उद्योगको व्यवस्थापन सुधारेर यिनलाई पुनर्जीवन दिन सक्दैनन् ?

● **सञ्चिता केसी**, अनामनगर, काठमाडौं

सर्वोच्चले ठिक गऱ्यो

सर्वोच्च अदालतले प्रधानमन्त्री केपी शर्मा ओलीले पार्टीका लागि जग्गा दानमा लिनु प्रथम दृष्टिमै कानुनविपरीत भएको भनी रोक लगाउने गरी गरेको निर्णय स्वागतयोग्य छ। सत्तारुढ दलका लागि कसैले अर्बमाथिको सम्पत्ति दान दिन्छ र आफ्नै खर्चमा पार्टी कार्यालयसमेत बनाइदिन्छु भन्छ भने उसले बदलामा केही न केही त पक्कै लिन्छ। त्यसैले, यो प्रस्ट देखिने 'घुस' नै थियो। यसमा रोक लगाएर सर्वोच्चले ठिक गरेको छ।

● **कोपिला तामाङ**
कपुरधारा, काठमाडौं

बक्यौता उठाउनैपर्छ

विद्युत् प्राधिकरणले लामो समयसम्म अटेर गरी करोडौंको विद्युत् महसुल नबुझाउने उद्योगहरूको लाइन काटेर ठिक गरेको छ। हामीजस्ता सर्वसाधारणले केही महिना महसुल बुझाउन सकेनौं या ढिलो भयो भने विनासूचना लाइन काटिन्छ र काटिएको लाइन पुनः जोड्न बक्यौता महसुलसँगै चर्को जरिवानासमेत तत्काल तिर्नुपर्छ। तर, उद्योगीहरूलाई प्राधिकरणले जरिवानामा छुट दिइसकेको छ। साथै, एकैपटक सम्भव नभए किस्ताबन्दीमा तिर्नसमेत सहुलियत दिएको छ। त्यसैले, बक्यौता उठाउनैपर्छ।

● **गोविन्द वली**
घोराही, दाङ

धरहरा चढ्न अनलाइन फर्म किन ?

धरहरा चढ्न अनलाइन फर्म भर्नुपर्ने भनेको सुन्दा अचम्म लाग्यो। जहाँ अनलाइन सेवा सुरु गर्नुपर्ने हो, त्यहाँ छैन, जहाँ आवश्यक नै छैन, त्यहाँचाहिँ अनलाइनका नाममा जनतालाई दुःख दिने काम गरेको देख्दा अचम्म लाग्छ। नेपालमा अनलाइन फर्म भर्न जान्ने कति प्रतिशत छन् ? के अबदेखि धरहार चढ्न मन लाग्ने गाउँतिरका मान्छेले चढ्नै नपाउने हो ? जसको अनलाइनमा पहुँच छैन, जसले अनलाइन फर्म भर्न जान्दैन, के त्यसले धरहरा चढ्न नपाउने हो ? कि धरहरा चढ्नकै लागि साइबरसम्म धाएर पैसा तिरेर फर्म भराउनुपर्ने हो ? यो नियम कसले के कारण लगायो थाहा भएन। हो, कम्प्युटर युगमा हरेक चिज अनलाइनबाटै चल्नुपर्छ भन्ने मान्यता राख्नु गलत होइन, तर कहाँ राख्ने, कुन प्रयोजनका लागि राख्ने, त्यो त विचार गर्नुपऱ्यो नि ! सरकारमा बसेर ठुल्ठुला भाषण छाँटेर मात्र जनताको समस्या हल हुँदैन।

दसैंको वेला बसको टिकट काट्न घन्टौं लाइन बस्नुपऱ्यो। अस्पतालमा टिकट काट्न घन्टौं लाइन बस्नुपर्छ। सवारी साधनको नवीकरण गर्ने घन्टौं लाइन बस्नुपर्छ। मालपोत कार्यालयमा कर तिर्न लाइन बस्नुपर्छ, बरु त्यहाँ अनलाइन सिस्टम बसाल न। नचाहिने ठाउँमा अनलाइनका नाममा जनतालाई किन दुःख दिन्छौ ? अनलाइन फर्म भर्नुपर्छ भनेर पहिल्यै सूचना प्रकाशित गरेको पनि छैन। त्यहाँ बसेका कर्मचारीलाई केही सोध्यो भने उत्तर दिन गाह्रो मान्छन्। यसरी त जनतामाथि अत्याचार थोपरिएन र ?

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी काठमाडौं
ghimirepuru@gmail.com

संघ परिवारले आह्वान गर्ने एकतामा प्रश्न

'बँटेंगे तो कटेंगे'जस्ता साम्प्रदायिक नारा सामान्य हुनुले भारत गान्धीवादी सहिष्णुताका आदर्शबाट च्युत भएको देखाउँछ

देश / विदेश



● सञ्जयकुमार झा

राष्ट्रिय स्वयंसेवक संघ (संघ परिवार) को पछिल्लो नारा 'बँटेंगे तो कटेंगे' (विभाजित भए नासिन्छौं) हिन्दुमाझ डर र उत्तेजना जगाउन प्रयोग गरिँदै छ। यो नाराले हिन्दु समुदायमा हुने विभाजनले हिंसा निम्त्याउँछ भन्ने सुझाव दिन्छ। हिन्दुत्व राजनीतिले लगातार तेस्रो कार्यकालमा सत्तामा पकड जमाउँदा अल्पसंख्यक विशेषतः मुसलमानले गम्भीर सीमान्तीकरणको सामना गर्नुपरिरहेका वेला बहुसंख्यक हिन्दु समुदायबिच भय उत्पन्न गराउन यो रणनीति आएको छ। विडम्बना के छ भने बहुसंख्यकको आत्मविश्वास र सुरक्षालाई प्रोत्साहन गर्नुको सट्टा यो नाराले हिन्दुमाझ कथित पीडित हुनुको भावनालाई बढाइरहेको छ। वास्तवमा सत्तामा पूर्ण नियन्त्रण हुँदा शासक शक्तिले बरु अधिक सहिष्णुता र करुणालाई प्रोत्साहित गर्न सक्छन्, जुन स्वस्थ समाजका लागि आवश्यक छ।

भारतीय जनता पार्टी (भाजपा) ले काल्पनिक अल्पसंख्यकको खतरा देखाएर भयग्रस्त हिन्दु बनाउँदै छ, जहाँ मुख्य तारो मुसलमान छन्। यो 'खतरा'ले आफूइतर समुदायमाथि घृणा बढाउँछ र गान्धीको सहिष्णुता एवं शान्तिपूर्ण सहअस्तित्वको दृष्टिकोणलाई कमजोर बनाउँछ। उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथले प्रचलनमा ल्याएको 'बटेंगे तो कटेंगे'जस्ता नाराले भाजपा नेताको विभाजनकारी भाष्यलाई बलियो बनाउँछ र राजनीतिक प्रतिद्वन्द्वीलाई हिन्दु एकताका लागि आह्वान गरिएको दबाबलाई चुनौती दिन असहज बनाइदिन्छ। तर, वास्तविक प्रश्न संघ परिवार कस्तो प्रकारको एकता खोजिरहेको छ भन्ने हो ?

भारतीय एकताको सबैभन्दा ठुलो उदाहरण महात्मा गान्धीको नेतृत्वमा भएको स्वतन्त्रता आन्दोलन थियो। यसमा भाजपाको वैचारिक आधार राष्ट्रिय स्वयंसेवक संघ (आरएसएस) टाढा रह्यो र पछि गान्धीको हत्या निम्त्याउने वातावरणलाई प्रोत्साहन गरेको भन्दै प्रतिबन्ध लगाइयो। के आरएसएस-भाजपाले सर्वोच्च अदालतले अपराध मानेको बाबरी मस्जिद भत्काउँदाको जस्तो एकता खोज्छ ? आरएसएस स्थापनाको सय वर्ष पूरा हुँदै गर्दा यसको एकताको अवधारणामा प्रश्न उठ्छ। के यो नाजी जर्मनीमा एडोल्फ हिटलरले भन्ने गरेको एकताबाट प्रेरित हो ? आरएसएस नेता एमएस गोलवालकरले एकपटक जर्मनीको 'नश्ल गौरव'को प्रशंसा गरेका थिए। र, यसलाई भारतका लागि प्रेरणाका रूपमा हेरेका थिए। यो 'नश्ल गौरव'ले अन्ततः विश्वव्यापी प्रकोप निम्त्यायो र सामूहिक त्रासदीको नेतृत्व गऱ्यो।

योगी आदित्यनाथको बटेंगे तो कटेंगे भन्ने नाराको अर्थ हिन्दुलाई परिचालित गराउनु हो भन्नेमा दुई मत छैन। किनभने महाराष्ट्रको भाषणमा उनले सडकमा नमाज रोकेको र मस्जिदका लाउडस्पिकर हटाएका जस्ता मुसलमानविरुद्ध कामको डिङ हाँकेका थिए। उनको शासन मोडेल मुठभेड, बुलडोजर र अल्पसंख्यकमाझ भय पैदा गर्नमा निर्भर छ। केन्द्रीय मन्त्री गिरिराज सिंहले यही नारा दोहोऱ्याएका थिए। उनले हिन्दुलाई मुसलमानलगायत 'घुसपैठिया'बाट हुने आक्रमणविरुद्ध 'आत्मरक्षा'का लागि घरमा हतियार राख्न आग्रह गरेका थिए। र, उनले मुसलमान 'शत्रु'विरुद्ध हिन्दु एकता आवश्यक रहेको नभए 'बटोगे तो कटोगे' भनेका थिए। भारत गान्धीवादी सहिष्णुताका आदर्शबाट च्युत भएको छ वा छैन भन्ने प्रश्नको उत्तरका लागि यी उदाहरण पर्याप्त छैनन् र ?

प्रधानमन्त्री मोदी र आरएसएससहित भाजपा नेताले यस नारालाई समर्थन गरेका छन्। आमहिन्दुले यसलाई वैचारिक आधार दिने संघ परिवारले प्रचार गर्ने गरेको एकतामा निहित विचारधारा



चित्र : परिप्लब चक्रवर्ती/द वायर

र राजनीतिक उद्देश्यलाई आलोचनात्मक ढंगले गर्नुपर्छ। के यो एकताले समानता, न्याय र भ्रातृत्वका संवैधानिक मूल्यलाई चुनौती दिन्छ ? के संविधान र न्यायपालिका सत्ताको अधीनमा रहने अधिनायकवादी बहुसंख्यकवाद सिर्जना गर्नु एकता हो ? के आफूइतर धर्मका व्यक्तिलाई 'शत्रु' करार गर्नु एकता हो ? जब नेता कटेंगे भन्छन्, तब 'काट्ने' आक्रमणकारी कसलाई भनिएको हो ? पाकिस्तान, चीन वा अन्य कुनै मुलुक ? यदि बाह्य आक्रमणकारीको खतरा हो भने त्यो एकताको छातामुनि भारतका सबै नागरिक अटाउनुपर्छ। यदि खतरा घरभित्रकै हो भने के यी नारा लगाउनेले अल्पसंख्यकलाई 'आक्रमणकारी' भनिरहेका हुन् ? के शिख वा मुसलमान वा जैन वा बौद्ध वा इसाई वा पारसी हिन्दुलाई सिध्याउन लागिपरेका छन् ? के आरएसएस-भाजपाले यो योजनाबारे कुनै प्रमाण भेटेको छ ? छैन, बिल्कुल छैन। आरएसएस-भाजपाले राजनीतिक शक्ति आर्जन गर्न काल्पनिक एजेन्डा निर्माण गरेर अल्पसंख्यकलाई बदनाम गरिरहेको छ। के गैरहिन्दू बहुसंख्यक वा अल्पसंख्यकको हित राष्ट्रिय हितसँग बाझिन्छ ? हो भने संविधानको रक्षा गर्ने शपथ लिएको सत्तारुढ दलले यो दाबी नै कसरी गर्न सक्छ ?

सूक्ष्म रूपमा हेर्दा राष्ट्रवादी एजेन्डा नभई पार्टीगत एजेन्डा हो। यी नेताले भारतीयको सांस्कृतिक र सामाजिक सुरक्षा राजनीतिक विचारको स्वतन्त्रता प्रोत्साहनमा नभई भाजपाप्रतिको बफादारीमा निर्भर रहेको संकेत गर्छन्। यिनले नागरिकको धार्मिक अभ्यासको विविधतामा उपेक्षा गर्दै राजनीतिक अनुरूपता खोज्छन्। यिनले जनतालाई राजनीतिक प्रयोजनका काम लाग्ने विचारविहीन रोबोटका रूपमा हेर्न चाहन्छन्। मोदी सरकारका पूर्वकेन्द्रीय अल्पसंख्यक मन्त्री मुख्तार अब्बास नक्वीजस्ता मुसलमान भाजपासँग रहँदा 'सुरक्षित' हुन्छन्, जबकि गिरिराज सिंहजस्ता भाजपा नेताको आक्रामकतालाई अस्वीकार गर्नेमा हिन्दु हुने ल्याकत हुँदैन।

आरएसएस-भाजपाका लागि राजनीति र विचारधारा इच्छाअनुसार बदलिने औजार मात्र हुन्। यो कहिले 'सबका साथ, सबका विकास'जस्ता समावेशी नारादेखि 'बटेंगे तो कटेंगे' जस्ता विभाजनकारी बयानबाजीका रूपमा प्रकट हुन्छन्, अर्थात् एक दिन सहअस्तित्व र अर्को चरम ध्रुवीकरण। एकताले विभाजनलाई कम गर्नुपर्छ। 'बटेंगे तो कटेंगे' भारतीयको नभई भाजपाको नारा हो।

(झा राजनीतिक टिप्पणीकार हुन्)
द वायरबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com



शुभ दीपावली
तथा छठ पर्व २०८१ को
शुभ उपलक्ष्यमा हार्दिक मंगलमय शुभकामना

नयाँ पत्रिका
www.nayapatrikadaily.com
LIC
CareEdge RATINGS NEPAL
नेपाल बैंक लिमिटेड NEPAL BANK LIMITED
Coco Cafe
Trishakti Security P. Ltd.
DATA CARE CENTER KATHMANDU, NEPAL
THE RISING TRADERS
PK
CARE DENTAL & SKIN CARE CENTER PRIVATE LIMITED
Ramailo.com
INGRAM International
Nepa INTERNATIONAL PVT. LTD.
GlobalJob COMPLETE HR SOLUTION
KAMALA KARKI
PRESIDENT Educational Consultancy
OLI & ASSOCIATES
NEXUS WORLD EDUCATION
Global CHOICE EDUCATION for global certification
Dynamic Holdings
siec S.I.E.C EDUCATION NEPAL PVT. LTD.
Awarded International Education Pvt. Ltd.
OSOM
Krish Salon Hair & Beauty
4 NATIONS INTERNATIONAL Pioneer in Education & Visa Services
IMI Int'l Management Institute of Nepal
KINGS
STARTUP EDUCATION
Murphy Education Pvt.Ltd.
Himalayan Business Group Education & Migration Services
The plan Education One Team, One Dream
AISA International Nepal Pvt. Ltd.
3BEES GROUP EDUCATION & MIGRATION
SELF APPLY CENTER
TRICKY & TIPSY BARTENDING BARISTA ACADEMY
Vibe Education Achieving Excellence Together
Amani
EDUCATE INTERNATIONAL
INSTA Insta Education and Visa Services
STUDENT WORLD
Red Cherry COFFEE
Elmira Int'l Education
XCEL International Education
MERCY EDUCATION
COCOON EDUCATION & MIGRATION
abritti media pvt.ltd.
ITALIAN ESPRESSO ACADEMY NEPAL
NIMASA

STAR MALL
aspire for better
Putalisadak, Kathmandu
9851198344, 01-4012506
starmallktm@gmail.com

अर्थ पत्रिका

नयाँ पत्रिका
बिहीबार १५ कात्तिक ०८१

भन्सार जाँच नगरी वस्तु आयात गर्न पाइने नीलो मार्ग लागू गर्ने तयारी

नीलो मार्गबाट भित्रिएका वस्तुको परीक्षण चार वर्षसम्म गर्न सकिने, चार आर्थिक वर्षदेखि कारबाहीमा नपरेका व्यवसायीले नीलो मार्गको सुविधा लिन पाउने

■ के हो नीलो मार्ग ?

बस्तु आयात गर्दा अहिले रातो, पहेँलो र हरियो तीन मार्ग कार्यान्वयनमा छन् । रातो मार्गमा राजस्व चुहावट र तस्करीको उच्च जोखिमका वस्तुहरूको जाँचपास हुन्छन् । यो मार्गबाट वस्तु र कागजात दुवै जाँच हुने गरेको छ । पहेलो मार्गको सुविधा लिने आयातकर्ताको कागजात मात्रै जाँच हुने गरेको छ । हरियो मार्गको सुविधा लिने आयातकर्ताले कुनै पनि जाँच प्रक्रियाको सामना गर्नुपर्दैन । त्यस्तै अब तस्करीको कम जोखिममा रहेका वस्तुहरूलाई आयात पछि परीक्षण गर्न पाउने गरी नीलोमार्ग कार्यान्वयनमा ल्याउन लागिएको हो ।

पवन तिमिल्सिना/नयाँ पत्रिका

सरकारले जाँच नगरी वस्तु आयात गर्न पाउने नीलो मार्ग कार्यान्वयनमा ल्याउने तयारी गरेको छ । नीलो मार्गबाट आएका वस्तु आयातकर्ताले स्वघोषणा गरी जाँचपास गर्न पाउनेछन् । वस्तु आयातपछि परीक्षण गर्ने घोषणा गरेका आधारमा सामान भित्र्याउन पाइने भन्सार विभागले जानकारी दिएको छ ।

विभागले चालू आर्थिक वर्ष ०८१/८२ मा अन्तर्क्रिया कार्यक्रममार्फत नीलो मार्ग अध्ययन प्रतिवेदन कार्यान्वयन गर्न योग्य वस्तु, कम्पनी, संघसंस्था र भन्सार उपशीर्षक पहिचान गर्ने जनाएको छ । भन्सार जाँचपासपछिको परीक्षण भने भन्सारबाट सामान भित्रिएको चार वर्षभित्र गर्नुपर्ने व्यवस्था छ । यद्यपि, भन्सार ऐनले विभागका महानिर्देशकको अनुमति लिई चार वर्षपछि पनि परीक्षण गर्न सक्ने सुविधा दिएको छ ।

पछिल्ला चार आर्थिक वर्षदेखि पहेँलो मार्गबाट जाँचपासको सुविधा लिएर कारबाहीमा नपरेका आयातकर्तामध्ये विश्वसनीय आयातकर्ताबाट नीलो मार्गको सुरुवात गर्ने विभागको योजना छ । पहेलो मार्गको सुविधा लिने आयातकर्ताले ल्याउने सामानको कागजात मात्रै जाँच हुने गरेको छ । हाल रातो, पहेँलो र हरियो तीन मार्ग मात्रै कार्यान्वयनमा छन् । रातो मार्गमा राजस्व चुहावट र तस्करीको उच्च जोखिममा रहेका वस्तुहरूको जाँचपास हुने गरेको छ । यो मार्गबाट वस्तु र कागजात दुवै जाँच हुने गरेको छ । हरियो मार्गको सुविधा लिने आयातकर्ताले कुनै पनि जाँच प्रक्रियाको सामना गर्नुपर्दैन । तस्करीको कम जोखिममा रहेका वस्तुहरूलाई आयात गरिसकेपछि त्यसलाई पछिसम्म परीक्षण गर्न पाउने गरी नीलोमार्ग कार्यान्वयनमा ल्याउन लागिएको हो ।

भन्सारको जाँचपास प्रक्रियामा सुधार ल्याउने योजनामध्येको एउटा नीलो मार्गबाट जाँचपास गर्ने प्रणाली रहेको भन्सार विभागका महानिर्देशक हरिशरण पुडासैनीले जानकारी दिए । उनले भने, 'हाल म्यानुअल तरिकाले जाँचपास प्रक्रिया चलिरहेको छ । अब स्वचालित प्रणालीमा लैजान खोजिएको छ । जोखिमका आधारमा प्रणाली आफैंले कुन वस्तु कुन मार्गबाट जाँचपास गर्ने निर्धारण गर्नेछ ।'

उनले यो प्रणालीबाट वस्तुको शीघ्र जाँचपास हुन गई व्यापार लागत घट्न जाने बताए । उनले भने, 'यो प्रणाली लागू भएपछि व्यापार सहजीकरण र प्रोत्साहन हुने विश्वास छ ।'

विभागले चालू आर्थिक वर्षमा पुनः छड्के गरी हरियो र पहेँलो मार्गमध्येबाट कम्तीमा ५० प्रतिशत प्रज्ञापनपत्र जाँचपास हुने व्यवस्था मिलाउने उल्लेख छ । मेची, विराटनगर, वीरगन्ज, भैरहवा, कृष्णनगर, नेपालगन्ज, त्रिभुवन विमानस्थल, रसुवा र तातोपानी भन्सार कार्यालयमा मासिक १० पटक पुनः छड्के गर्ने र बाँकी भन्सार कार्यालयमा मासिक पाँचवटा कन्साइन्मेन्टमा पुनः छड्के गर्ने योजना रहेको विभागले जानकारी दिएको छ ।



■ आव ०७९/८० मा जाँचपास मार्गको तथ्यांक

जाँचपास मार्ग	प्रज्ञापनपत्र (प्रतिशतमा)	राजस्व (प्रतिशतमा)	वैदेशिक व्यापार (प्रतिशतमा)
हरियो	११.४	२६.१	२०.८३
पहेँलो	२९.५१	३०.८७	४६.४७
रातो	५९.०९	४३.०२	३२.६९
कुल	१००	१००	१००

■ ०८३ को जेठसम्ममा ०.०५% प्रज्ञापनपत्रको जाँचपासपछि परीक्षण गर्ने लक्ष्य

भन्सार सुधार तथा आधुनिकीकरण योजना २०७८-२०८३ अनुसार ०८२ को जेठसम्म १२ वटा प्रमुख भन्सार कार्यालयमा रातो, हरियो, नीलो र पहेँलो मार्ग स्थापित गरिसक्ने उल्लेख छ । त्यस्तै त्यतिवेलासम्म वैदेशिक व्यापारको ८० प्रतिशत अंश (मूल्यगत) भौतिक परीक्षणविना जाँचपास भएको हुने लक्ष्य तय गरिएको छ । ०८३ जेठसम्म जोखिमका आधारमा वार्षिक ०.०५ प्रतिशत प्रज्ञापनपत्रहरूको जाँचपासपछिको परीक्षण हुने लक्ष्य छ । यो योजनाले सातवटा भन्सार कार्यालयमा नीलो मार्गबाट वस्तु जाँचपासको सुरुवात गर्ने उल्लेख गरेको छ ।

■ अध्ययन भन्छ- कानुन बाधक छैन, कुनै एउटा कार्यालयबाट पाइलटिङ गर्नु

भन्सार विभागका तत्कालीन उपमहानिर्देशक रमेश अर्याल (हाल ठूला करदाता कार्यालयका प्रमुख कर प्रशासक)को संयोजकत्वमा गठित अध्ययन कार्यटोलीले गत वर्ष २२ असोजमा नीलो मार्ग कार्यान्वयनमा ल्याउन अध्ययनसहितको प्रतिवेदन तयार गरेको थियो । प्रतिवेदनले भन्सार ऐनमा स्पष्ट व्यवस्था भएकाले यसको प्रक्रिया अगाडि बढाउन कानुनी रूपमा कुनै बाधा नपर्ने निष्कर्ष निकालेको थियो ।

ऐनको दफा २० को उपदफा (२)मा भन्सार अधिकृतले छनोट प्रणालीबमोजिम मालवस्तु जाँचपास गर्न सक्ने व्यवस्थाअन्तर्गत सोही उपदफाको खण्ड (ग)मा "मालवस्तु तथा तत्सम्बन्धी कागजातसमेत जाँच नगरी जाँचपासपछिको परीक्षण गर्ने गरी घोषणाका आधारमा मात्र जाँचपास गर्ने' उल्लेख छ ।

यद्यपि, नीलो मार्गबाट वस्तु जाँचपास भइसकेपछि कागजात परीक्षण गर्ने कार्यलाई व्यवस्थित गर्नुपर्ने देखिएको प्रतिवेदनले औंल्याएको थियो । प्रतिवेदनमा भनिएको छ, 'यस प्रणालीको प्रयोग गर्दा विभागबाट विश्वसनीय आयातकर्ता छनोट गर्नुपर्ने हुन्छ । यसका लागि केही परिसूचकहरू तयार गरी त्यसका आधारमा परिपालनाको उच्च अवस्था पहिचान गरी विभागीय निर्णय गरी कार्यान्वयनमा जान सकिन्छ । एकैपटक सबै भन्सार कार्यालयबाट नीलो मार्गको प्रयोग गर्नुभन्दा क्रमिक रूपमा अगाडि बढाउनुपर्ने देखिन्छ ।'

अध्ययनले भन्सार प्रक्रियापछि नीलो मार्गबाट आएका वस्तुहरूको जोखिमको कसीमा शतप्रतिशत राखेर परीक्षण गर्ने कि आंशिक मात्र परीक्षण गर्ने भन्ने विषय मुख्य रूपमा यकिन गर्नुपर्ने निष्कर्ष निकालेको थियो ।

नीलो मार्गको प्रारम्भ कुनै एक प्रमुख भन्सार कार्यालयबाट पाइलटिङको रूपमा परीक्षण गरी क्रमशः विस्तार गर्दै लैजान सिफारिस गरिएको थियो । भन्सार जाँचपास परीक्षण कार्यालयमा दक्ष जनशक्ति व्यवस्थापन तथा निरन्तर क्षमता विकास गर्नुपर्ने र भन्सार जाँचपास परीक्षण कार्यालयमा सूचना प्रविधि, भौतिक पूर्वाधारको विकास गर्नुपर्ने प्रतिवेदनको सिफारिसमा उल्लेख छ ।

■ राजस्वमा रातो मार्गबाट आयात हुने वस्तुको हिस्सा बढी

भन्सार विभागका अनुसार कुल भन्सार राजस्वमा रातो मार्गबाट जाँचपास हुने वस्तुको आयातको ठुलो वर्चस्व देखिन्छ । आर्थिक वर्ष ०७९/८० मा कुल राजस्वमा रातो मार्गबाट आयात हुने वस्तुबापतको राजस्व ४३.०२ प्रतिशत छ । त्यस्तै, पहेँलो मार्गबाट आयात भएका वस्तुको हिस्सा ३०.८७ प्रतिशत र हरियो मार्गबाट हुने आयातको हिस्सा २६.१ प्रतिशत छ । त्यस्तै, कुल प्रज्ञापनपत्रमध्ये ५९.९ प्रतिशत पनि (राजस्वको उच्च जोखिम) रातो मार्गबाट जाँचपास भएका छन् । पहेँलो मार्गबाट २९.५१ प्रतिशत र हरियो मार्गबाट ११.४ प्रतिशत प्रज्ञापनपत्र जाँचपास भएको विभागले जानकारी दिएको छ ।

यद्यपि, कुल वैदेशिक व्यापारमा भने (कम जोखिम रहेको) पहेँलो मार्गबाट हुने वस्तु जाँचपासको वर्चस्व बढी देखिन्छ । कुल व्यापारमध्ये पहेँलो मार्गबाट आएका वस्तुको हिस्सा ४६.४७ प्रतिशत, रातो मार्गबाट आएका वस्तुको हिस्सा ३२.६९ प्रतिशत र (न्यून जोखिम रहेको) हरियो मार्गबाट २०.८३ प्रतिशत रहेको तथ्यांकले देखाएको छ ।

भन्सार जाँचपासलाई स्वचालित बनाउने योजना छ

● **हरिशरण पुडासैनी**, महानिर्देशक, भन्सार विभाग



भन्सार सुधारको प्रक्रियामध्येको नीलो मार्गबाट जाँचपास एउटा प्रक्रिया हो । हाल म्यानुअल तरिकाले जाँचपास प्रक्रिया चलिरहेको छ । अब स्वचालित प्रणालीमा लैजान खोजिएको छ । जोखिमका आधारमा प्रणाली आफैंले कुन वस्तु कुन मार्गबाट जाँचपास गर्ने निर्धारण गर्नेछ । जरिवाना तथा कारबाहीमा नपरेका विश्वसनीय व्यवसायीलाई अधिकृत व्यावसायिक व्यक्तिको रूपमा वर्गीकरण गर्ने तयारी भइरहेको छ । यसका लागि कार्यविधि नै बनाएर अघि बढ्ने सोचेका छौं ।

एमसिसीको सडक परियोजना पनि अघि बढ्यो

पूर्व-पश्चिम राजमार्गको ४० किमि लामो धानखोला-लमही खण्ड मर्मत गर्न पनि ग्लोबल टेन्डर आह्वान

मिलन विश्वकर्मा/नयाँ पत्रिका

मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसिसी)को अनुदानअन्तर्गतको अर्को परियोजना पूर्व-पश्चिम राजमार्गको ४० किमि लामो धानखोला-लमही खण्ड मर्मत गर्न पनि ग्लोबल टेन्डर आह्वान गरिएको छ । मिलेनियम च्यालेन्ज एकाउन्ट (एमसिए) नेपालले बुधबार एक सूचना जारी गर्दै उक्त परियोजना निर्माणका लागि टेन्डर आह्वान गरेको हो ।

इच्छुक कम्पनीहरूले आगामी १६ डिसेम्बर (१ पुस)सम्म प्रस्ताव पेस गर्न सक्नेछन् । टेन्डर पेस गर्ने कम्पनीले तीन लाख डलरबराबरको बैंक ग्यारेन्टी पनि पेस गर्नुपर्नेछ । बैंक ग्यारेन्टी विदेशी बैंकको हुनुपर्नेछ । नेपालस्थित विदेशी बैंकका शाखाले पनि बैंक ग्यारेन्टी दिन सक्नेछन् ।

यसैअन्तर्गत मुग्लिन-नारायणगढ सडक पनि मर्मत गरिँदै छ । सडक मर्मतमा ४४ मिलियन डलर खर्च हुने अनुमान छ । अहिलेलाई भने धानखोला-लमही खण्डको मात्रै टेन्डर आह्वान गरिएको हो । तर, यो खण्डमा मात्रै कति खर्च हुने अनुमान गरिएको छ खुलाइएको छैन ।

४० किमि लामो धानखोला-लमही खण्डलाई फुल डेप्थ रिक्लेमेसन (एफडिआर) र सुपर पेभ प्रविधिमार्फत मर्मत गरिँदै छ । जलवायुमैत्री सडक मर्मत प्रविधि नेपालमै पहिलो पटक प्रयोग गर्न लागिएको हो । यो प्रविधिले सडक बलियो, टिकाउ र वातावरणीय रूपमा दिगो हुने दाबी छ । एफडिआर पुरानो र क्षतिग्रस्त सडक संरचनालाई पुनः प्रयोग गर्ने प्रविधि हो । पुरानो सडक सतह र आधार तहलाई मिलाएर नयाँ बिटुमिन सामग्री थपेर सडक मर्मत गरिन्छ । सुपर पेभ प्रविधिसमेत जोड्दा सडकलाई वातावरणमैत्री र दिगो बनाउन सहयोग गर्छ ।

यो परियोजनाको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत भइसकेको छ । साथै, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले पनि उक्त सडक मर्मत गर्न स्वीकृत दिइसकेको छ । सडकलाई चाहिने जग्गा यसअघि नै प्राप्त भइसकेको छ । अब टेन्डर प्रक्रिया पूरा गरेर यसको निर्माण अघि बढाउन सकिनेछ ।

नेपाल सरकारको १९ करोड ६७ लाख डलर र एमसिसीको ५० करोड डलर अनुदानबाट ४०० केभी क्षमताका ३१५ किमि लामो चार प्रसारण लाइन, ४०० केभी क्षमताका तीन सबस्टेसन र पूर्व-पश्चिम राजमार्गको ४० किमि सडक खण्डलगायतका सडक विशेष रूपमा मर्मत गरिँदै छ । ५० करोड डलर अनुदानका लागि अमेरिकासँग सेप्टेम्बर २०१७ मा सम्झौता भएको थियो । जुन सम्झौता १५ फागुन ०७८ (२७ फेब्रुअरी २०२२) मा संसद्बाट अनुमोदन भएपछि २०८० भदौ १३ (२०२३ अगस्ट ३०)देखि कार्यान्वयनमा प्रवेश (इन्ट्री इन्दु फोर्स) गराइएको थियो । सम्झौताअनुसार कार्यान्वयन सुरु भएको पाँच वर्षभित्र अर्थात् २९ अगस्ट २०२८ (१२ भदौ २०८५) भित्र एमीससी परियोजनाहरूको निर्माण सम्पन्न गरिसक्नुपर्नेछ । नभए, खर्च हुन बाँकी रकम एसिसीले पठाउनेछैन ।

हालसम्म एमसिए नेपालले तीन सबस्टेसन र १८ किमि लामो 'न्यु बुटवल-नेपाल-भारत सीमा' प्रसारणलाइन बनाउन बनाउन ठेकेदार कम्पनी छनोट गरिसकेको छ । १८ किमि लामो प्रसारणलाइन बनाउन १४ भदौमा भारतको ट्रान्सरेल लाइटिङ लिमिटेडसँग एक करोड २३ लाख ६० हजार डलरमा ठेक्का सम्झौता भएको छ । २१ महिनामा निर्माण कम्पनीले परियोजना बनाइसक्नुपर्नेछ ।

एमसिए नेपालले तीन सबस्टेसनको निर्माणका लागि भने ठेक्का सम्झौता गरेको छ । यसअन्तर्गत रातमाटे, दमौली र बुटवलमा ४००-४०० केभी क्षमताका तीन सबस्टेसन बन्दै छ । ती तीनवटै सबस्टेसन निर्माणका लागि ठेक्का सम्झौता भइसकेको छ ।

भारतको टेक्नो इलेक्ट्रिक एन्ड इन्जिनियरिङसँग रातमाटे सबस्टेसन पाँच करोड १५ लाख डलरमा र नयाँ दमौली सबस्टेसन तीन करोड ८८ लाख ९० हजार डलरमा बनाउने गरी सम्झौता गरेको थियो । रातमाटेको असार १ गते र नयाँ दमौलीको साउन १६ गते ठेक्का सम्झौता भएको थियो । यस्तै, नयाँ बुटवल सबस्टेसन बनाउन तीन करोड ५५ लाख १० हजार डलरमा लिंकसन इन्डिया प्रालिसँग २७ वैशाखमा सम्झौता भएको थियो ।



■ बाँकी प्रसारणलाइनको टेन्डर यसै वर्ष

एमसिए नेपालले बाँकी तीन प्रसारणलाइन निर्माणका लागि यसै वर्ष २०२४ भित्र पुनः टेन्डर आह्वान गर्ने जानकारी दिएको छ । एमसिएले योबाहेक लप्सीफेदी-रातमाटे-न्यु हेटौंडा (११७ किमि), रातमाटे-न्यु दमौली (९० किमि) र न्यु दमौली-न्यु बुटवल (९० किमि) प्रसारणलाइन बनाउँदै छ ।

एमसिएले उक्त सबै प्रसारणलाइन निर्माणका लागि १२ मंसिर ०७९ देखि ७ जेठ ०८० सम्म टेन्डर आह्वान गरेको थियो । तर, त्यसमा न्यूनतम वित्तीय प्रस्ताव नै अनुमानित लागतभन्दा ६५ प्रतिशतभन्दा बढीको परेपछि २६ असोजमा टेन्डर रद्द गरिएको थियो । त्यसमा 'न्यु बुटवल-नेपाल-भारत सीमा' प्रसारण लाइनको गत चैतमा टेन्डर आह्वान गरेर ठेक्का सम्झौता गर्ने चरणमै पुगे पनि तीनवटाको पुनः टेन्डर हुन बाँकी छ । तर, त्यसको टेन्डर यसै वर्षभित्र आह्वान हुने बताइएको छ ।

क्यानको बजेट ३४ अर्ब १२ करोड

काठमाडौं/ नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान)को चालू आर्थिक वर्ष ०८१/८२ को ३४ अर्ब १२ करोड १६ लाख रुपैयाँको बजेट र नीति तथा कार्यक्रम स्वीकृत भएको छ । बुधबार पर्यटनमन्त्री एवं क्यानका सञ्चालक समिति अध्यक्ष बद्री पाण्डेको अध्यक्षतामा बसेको ४२५औं बैठकले बजेट एवं नीति तथा कार्यक्रम स्वीकृत गरेको हो ।कुल बजेटमध्ये पुँजीगततर्फ ११ अर्ब ५२ करोड २५ लाख, कार्य सञ्चालनतर्फ ६ अर्ब ५२ करोड ७१ लाख र मूल्य अभिवृद्धि कर तथा अन्य वित्तीय व्यवस्थासमेतका लागि १६ अर्ब सात करोड २० लाख रुपैयाँ विनियोजन गरिएको क्यानले जनाएको छ ।

आन्तरिक लेखा परीक्षणले औंल्यायो साढे २१ अर्ब बेरुजु

काठमाडौं/ सरकारको आन्तरिक लेखापरीक्षणले साढे २१ अर्ब बेरुजु औल्याएको छ । गएको आर्थिक वर्ष सरकारले गरेको कुल २७ खर्ब २८ अर्ब ६२ करोडको कारोबारमा २१ अर्ब ५१ करोड ९६ लाख रुपैयाँ बेरुजु देखिएको हो । महालेखा नियन्त्रक कार्यालयका अनुसार आर्थिक वर्ष २०८०/८१ मा सरकारको कुल प्राप्ती १३ खर्ब ३५ अर्ब २२ करोड ७४ लाख रहेको र कुल भुक्तानी १३ खर्ब ९३ अर्ब ३९ करोड ४२ लाख थियो । जसको ०.७९ प्रतिशत बेरुजु देखिएको हो ।

कार्यालयले बुधवार महालेखा परीक्षकलाई केन्द्रीय लेखाको एकीकृत वित्तीय विवरणको बुझाएको हो । उक्त विवरणले आन्तरिक लेखापरीक्षणबाट कायम भएको बेरुजु गएको आर्थिक वर्षको तुलनामा ५ अर्ब ६० करोडले घटेको देखाएको हो । गत आवमा यस्तो बेरुजु २७ अर्ब ११ करोड रुपैयाँ बराबर रहेको थियो ।

कार्यालयका अनुसार उक्त आवमा नियमित गर्नुपर्ने बेरुजु ९ अर्ब १३ करोड ५० लाख, असुल गर्नुपर्ने बेरुजु १ अर्ब ९२ करोड ९६ लाख र पेश्की बेरुजु १० अर्ब ४५ करोड ४९ लाख रहेको छ ।

Bagamati Province Government
Ministry of Physical Infrastructure Development
Urban Development and Building Office
Hetauda, Makawanpur, Nepal

Invitation for Bids

Date of publication : 2081/07/15 (2024-10-31)

1. **Urban Development and Building Office** has allocated funds towards the cost of construction of the works mentioned in the table and intends to apply part of funds to cover eligible payments under the contract as described in table below. Bidding is open to all eligible Nepalese bidders.
2. **Urban Development and Building office, Hetauda, Makawanpur, Bagmati Pradesh** invites electronic bids from duly eligible and qualified registered bidders for the procurement of following works under NCB. Some of the details are in the bidding document.

S. N.	Contract ID No.	Description of Work	Average Annual Construction Turnover (Excl. Vat.)	Financial Resources (Liquid/Credit Facility) NRs.	Minimum Work Experience of Similar Size and nature(excl. VAT)	Bid Security Amount (NRs.)	Bid document Price (NRs.)	Intended Completion Date
1.	UDBO/ MAK/NCB/ WORKS/ 2081/82-01	Construction of Top floor of Hetauda Hospital Building (Block-06) Hetauda, Makawanpur	539.0 lakhs	180.0 lakhs	144.0 lakhs	10.50 lakhs	5000/-	Ashad 15, 2082

S. N.	Contract ID No.	Description of Work	Estimated amount (incl. Vat and P.S) (NRs.)	Bid Security Amounts (NRs.)	Bid document Price (NRs.)	Intended Completion Date
1.	UDBO/MAK/ NCB/WORKS/ 2081/82-02	Asphalt Concreting And Overlaying Works At Budhha Chowk Marga- 2, Bharatpur-07 And Pension Camp Chowk Bharatpur-04, Chitwan	34,99,564.46	90,000.00	3000/-	Chaitra 29, 2081
2.	UDBO/MAK/ NCB/WORKS/ 2081/82-03	Construction of drain works at kumari chowk-gyan darsan - kerunga ghol - purano santi bidhya mandir , bharatpur-11	44,99,999.80	1,15,000.00	3000/-	Chaitra 29, 2081

3. All bidders shall submit their bid electronically only. Electronic bid must be submitted through PPMO's e-GP system **https://www.bolpatra.gov.np/egp** on or **before 12:00Noon; on (2081/08/16) (2024-12-01)** Detail electronic bid submission procedure is as e-GP directives of PPMO.
4. Eligible bidders may obtain further information from **www.bolpatra.gov.np/eGP or at Urban Development and Building office, Hetauda, Makawanpur. 057-520344, udbomak@gmail.com.**

Office Chief

बिजनेस ईन्टररेष्ट ग्रुप अफ ईण्डष्ट्रिज लिमिटेड
दर्ता.नं. २५७२४६/०७७/०७८
का.जि.का.म.न.पा वडा नं-३, रानीबारी, काठमाण्डौ
फोन नं:०१-४९५३८४६
इमेल: info@bigindustriesnepal.com

चौथो वार्षिक साधारण सभा सम्बन्धि सूचना

(दोश्रो पटक प्रकाशित मिति २०८१/०७/१५)

यस कम्पनीको मिति २०८१/०७/१३ गते बसेको संचालक समितिको बैठकको निर्णय बमोजिम देहायका विषयहरुमा छलफल तथा निर्णय गर्न कम्पनीको चौथो वार्षिक साधारण सभा निम्न स्थान, मिति र समयमा संचालन हुने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुलाई उपस्थितिका लागि कम्पनी ऐन २०६३ को दफा ६७ को उपदफा २ बमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

वार्षिक साधारण सभा हुने स्थान, मिति र समय

स्थान : लेमन ट्रि प्रिमियर, बुढानिलकण्ठ न.पा १, तौलुङ, काठमाण्डौ ।
मिति : २०८१/०८/१० सोमवार
समय : अपरान्ह १:०० बजे ।

छलफलका विषयहरु

क) साधारण प्रस्ताव:

१) आ.व. २०८०/०८१ को संचालक समितिको प्रतिवेदन उपर छलफल गरि पारित गर्ने सम्बन्धमा ।
२) आ.व. २०८०/०८१ को लेखापरिक्षकको प्रतिवेदन र अनुसूची सहितको वित्तीय विवरणहरु उपर छलफल गरि पारित गर्ने सम्बन्धमा ।
३) कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व.२०८१/०८२ को लागि लेखापरिक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
४) संचालकको नियुक्ति अनुमोदन गर्ने सम्बन्धमा ।
५) विविध ।

संचालक समितिको आज्ञाले
कम्पनी सचिव

आरबिबी, हिमालयन र सिटिजन्सको वित्तीय सचेतना

काठमाडौं/ विश्व लगानीकर्ता सप्ताह २०२४ का अवसरमा आरबिबी मर्चेन्ट बैंकिङ, हिमालयन क्यापिटल र सिटिजन्स क्यापिटलले छुट्टाछुट्टै लगानीकर्ता शिक्षा एवं वित्तीय सचेतना कार्यक्रम गरेका छन् ।



आरबिबी : यस कम्पनीले ६ देखि १२ कात्तिकसम्म देशैभर विभिन्न कार्यक्रम सम्पन्न गरेको छ । यही अवसरमा आरबिबीले श्रीराम नारायण अयोध्या उच्च मावि पिपरा, महोत्तरीमा प्लस टु अध्ययनरत विद्यार्थी तथा शिक्षकलाई वित्तीय शिक्षा प्रदान गरेको छ । राष्ट्रिय वाणिज्य बैंक पिपरा शाखा प्रमुख सन्तोषकुमार ठाकुर, शाखाका कर्मचारी भगवान चौधरी, विद्यालयका अध्यक्ष लक्ष्मण मण्डलका साथै आरबिबीका प्रमुख कार्यकारी अधिकृत (सिइओ) बद्रीप्रसाद प्याकुरेलसहित लगायत सहभागी थिए ।

हिमालयन : कम्पनीले प्युठान नगरपालिका बिजुवार र माण्डवी गाउँपालिका, प्युठानमा लगानीकर्ता शिक्षा तथा जनचेतनासम्बन्धी कार्यक्रम सम्पन्न गरेको छ । क्यापिटलका प्रमुख सञ्चालन अधिकृत रामप्रसाद भट्टराईले लगानी गर्नुको आवश्यकता, लगानीका साधन, पुँजी बजार, हितग्राही खाताको आवश्यकता, धितोपत्रको प्राथमिक निष्कासनको प्रक्रिया, धितोपत्रको दोस्रो बजारको प्रकृति र सामूहिक लगानी कोषसम्बन्धी जानकारी प्रदान गरेका थिए ।

सिटिजन्स : विश्व लगानीकर्ता सप्ताहकै सेरोफेरोमा सिटिजन्स क्यापिटलले पनि लगानीकर्ता शिक्षा तथा सचेतना कार्यक्रम गरेको छ । क्यापिटलले १२ कात्तिकमा सिन्धुलीस्थित सिन्धुली बहुमुखी क्याम्पस तथा सिन्धुली उद्योग वाणिज्य संघमा कार्यक्रम गरेको हो । कार्यक्रममा क्याम्पसमा अध्ययनरत विद्यार्थी, शिक्षक तथा स्थानीय व्यवसायीको संलग्नता थियो ।

काठमाडौंबाहिरका लगानीकर्ताले पुँजी बजारमा सहभागी भई लगानी गर्न समस्या रहेको भन्दै क्यापिटलले लगानी व्यवस्थापक (पोर्टफोलियो म्यानेजर)को सेवा सिटिजन्स बैंकका देशभरका शाखा कार्यालयबाट प्रदान गर्दै आइरहेको जनाएको छ । सिटिजन्स क्यापिटल सिटिजन्स बैंकको सहायक कम्पनी हो ।

नेपाल बैंकको ब्रान्ड एम्बास्डरमा पुनको निरन्तरता



काठमाडौं/ नेपाल बैंक लिमिटेडले आफ्नो ब्रान्ड एम्बास्डरमा महावीर पुनलाई पुनः नियुक्त गरेको छ । ०७६ देखि ब्रान्ड एम्बास्डर नियुक्त भएका राष्ट्रिय आविष्कार केन्द्रका अध्यक्ष पुनसँगको सम्झौता अवधि पुनः एक वर्ष थप गरिएको बैंकले जनाएको छ ।

एक कार्यक्रमबिच बैंकका प्रमुख कार्यकारी अधिकृत तिलकराज पाण्डेय र पुनबिच ब्रान्ड एम्बास्डर नवीकरणसम्बन्धी सम्झौतामा हस्ताक्षर भएको छ । ब्रान्ड एम्बास्डर पुनले नेपाल बैंकजस्तो नेपालको बैंकिङ क्षेत्रको गौरवमय इतिहास बोकेको संस्थामा ब्रान्ड एम्बास्डरको रूपमा पुनः नियुक्त हुन पाएकोमा खुसी व्यक्त गरे ।

ग्लोबल आइएमई र इन्स्टेन्ट क्यासबिच रेमिट्यान्स सम्झौता

काठमाडौं/ ग्लोबल आइएमई बैंक र इन्स्टेन्ट क्यास एफजेडईबिच विश्वका विभिन्न देशबाट नेपालमा ग्लोबल रेमिटमार्फत सजिलै पैसा पठाउन सकिने गरी रेमिट्यान्स सम्झौता भएको छ ।

सम्झौताअनुसार देशबाहिर रहेका नेपालीले ग्लोबल आइएमई तथा अन्य बैंक तथा वित्तीय संस्थामा भएको बैंक खातामा सहज रूपमा रेमिटेन्स पठाउन सक्नेछन् ।

युनाइटेड फिनटेक सोलुसन्स एलएलसीको पूर्ण स्वामित्वमा रहेको इन्स्टेन्ट क्यासले फिनटेकको माध्यमबाट संसारभर रेमिटेन्स सुविधा प्रदान गर्दै आइरहेको छ । यसरी युएई तथा विश्वका विभिन्न देशबाट ग्लोबल रेमिटमार्फत पठाएको पैसा ग्लोबल आइएमई बैंकमार्फत लिन सकिन्छ ।

बाढीपीडित बालबालिकालाई एनसेल फाउन्डेसनको शैक्षिक सामग्री

काठमाडौं/ एनसेल फाउन्डेसनले बाढी प्रभावित बल्खु क्षेत्रआसपासका पाँच सयजना बालबालिकालाई शैक्षिक सामग्री वितरण गरेको छ । गत असोज ११ र १२ गते परेको अविरल वर्षाले निम्त्याएको बाढीले गर्दा नदी-किनारको बल्खु क्षेत्र डुबानमा परेको थियो । यसले गर्दा सो क्षेत्रका विद्यार्थीले आफ्नो किताब, कापीलगायत आफ्ना शैक्षिक सामग्री गुमाएका थिए ।



त्यस्तै, एनसेल फाउन्डेसनले बाढीपहिरोले असर गरेको काभ्रेको पनौती, रोशी र सर्लाहीको चक्रघट्टाका पीडित परिवारलाई राहत वितरण गरेको छ ।

फाउन्डेसनले रोशी गाउँपालिकाका वडा नं ७, ८ र ११ का दुई सय १५ परिवारलाई राहत वितरण गरेको छ भने पनौती नगरपालिकाका प्रभावित वडा नं ७ र ८ का ७० परिवारले राहत सहयोग प्राप्त गरेका छन् । बाढी प्रभावित चक्रघट्टा गाउँपालिका वडा नं ४ का ५० परिवारलाई पनि फाउन्ड्सनले हालै मात्र राहत वितरण गरेको जनाएको छ ।

त्यसैगरी एनसेल फाउन्डेसनसँगको सहकार्यमा जनकपुरस्थित तिरहुतिया गाछीमा मिथिला भेगका विविध लोक संगीत संस्कृतिको संरक्षण र पुनरुत्थान गर्ने उद्देश्यसहित आयोजना गरेको भूमि लोक उत्सव सफलतापूर्वक सम्पन्न भएको छ ।

सन नेपाल लाइफको मार्केटिङ म्यानेजर इन्स्टलेसन

काठमाडौं/ सन नेपाल लाइफ इन्स्योरेन्सले दुईदिने मार्केटिङ म्यानेजर इन्स्टलेसन कार्यक्रम गरेको छ । इन्स्योरेन्सले असोजसम्म नियुक्त हुने मार्केटिङ म्यानेजरका लागि उक्त कार्यक्रम आयोजना गरेको हो ।

कार्यक्रममा कम्पनीका प्रमुख कार्यकारी अधिकृत राजकुमार अर्याल, प्रमुख बजार अधिकृत गणेश चौलागाईं, ट्रेनर तथा लाइफ कोच रविन कटुवाललगायत प्रदेश प्रमुख तथा विभिन्न शाखा प्रमुखसहितको सहभागिता थियो ।

कार्यक्रममा कम्पनीकी ब्रान्ड एम्बासडर कुञ्जना घिमिरे (सुन्तली)ले अभिकर्तामार्फत सामाजिक रूपमा सेवा प्रदान गराउँदै व्यावसायिक रूपमा अर्थोपार्जन गर्न सकिने बताइन् ।

त्यस्तै, प्रमुख कार्यकारी अधिकृत अर्यालले डिजिटल युगमा डिजिटल साक्षरताको महत्त्वबारे चर्चा गरे । यस प्रतिस्पर्धात्मक युगमा डिजिटलाइजेसनले अभिकर्तालाई सफल बनाउन सके धारणा राखे ।

मुनलाइट हाइड्रोले आइपिओ ल्याउने

काठमाडौं/ मुनलाइट हाइड्रोपावर कम्पनीको आइपिओ निष्कासन लक्ष्मी सन्राइज क्यापिटलले गर्ने भएको छ । मुनलाइटले प्रतिकित्ता १०० अंकित दरका एक अर्ब ७६ करोड १० लाख पाँच हजार रुपैयाँबराबरको एक करोड ७६ लाख १० हजार ५० कित्ता आइपिओ जारी गर्दै छ । आइपिओ निष्कासन तथा बिक्री प्रबन्धकमा लक्ष्मी सन्राइज नियुक्त भएको छ ।

सम्झौतामा क्यापिटलका प्रमुख कार्यकारी अधिकृत (सिइओ) विजयलाल श्रेष्ठ र मुनलाइटका सिइओ अनन्त कार्कीले हस्ताक्षर गरेका हुन् । मुनलाइटले सिन्धुपाल्चोक जिल्लाको जुगल गाउँपालिकामा रहेको २२.१४ मेगावाट क्षमताको बलेफी-ए जलविद्युत् आयोजना निर्माणाधीन अवस्थामा छ ।

परियार सेवा समाजको पाँचौ राष्ट्रिय सम्मेलन हुने बारे सूचना

हाम्रो स्व: जातीय संस्था परियार सेवा समाजको पाँचौ राष्ट्रिय सम्मेलन यहि मिति २०८१ मंसिर १ र २ गते सुन्दर नगरी तथा पर्यटकीय स्थल चितवन जिल्लाको भरतपुरमा भव्य र सभ्य रुपमा सम्पन्न हुन गइरहेको हुँदा सम्पूर्ण प्रतिनिधि, पर्यवेक्षक र आम परियार बन्धुहरूमा उपस्थितिको लागि हार्दिक अनुरोध गरिन्छ ।

सम्पर्क :
संयोजक: डी.वी.परियार (९४१६६८०८९), सदस्य सचिव: बुद्धिमान परियार (९८४१३७३१०२)

आयोजक : परियार सेवा समाज पाँचौं राष्ट्रिय सम्मेलन
केन्द्रीय तदर्थ समिति, काठमाडौं, नेपाल (स्थाः २०५२)

MOUNTAIN HYDRO NEPAL LIMITED
Kathmandu, Nepal
Unaudited Statement Of Financial Position
As at 30 Ashwin, 2081 (16 October, 2024)

Particulars	This Quarter ending on 30th Ashwin 2081 (Unaudited)	Previous Quarter ending on 31st Ashadh 2081 (Unaudited)	Corresponding Previous year quarter Ending 30th Ashwin 2080 (Unaudited)
ASSETS			
NON CURRENT ASSETS			
Property, plant & equipment (Net block)	14,191,450	14,645,546	6,053,616
Intangible Assets	3,166,768,252	3,649,678,705	4,186,100,104
Intangible Assets under Development (IAUD)	-		
Financial assets			
Financial assets through other comprehensive income	50,000,000	50,000,000	50,000,000
CURRENT ASSETS			
Financial assets			
Cash & cash equivalents	3,185,198	3,232,757	655,881
Trade receivables	112,609,308	92,234,338	152,693,109
Other financial assets	2,751,500	23,409,827	856,464
Other current assets	83,975,254	75,515,149	77,568,232
TOTAL ASSETS	**3,433,480,963**	**3,908,716,323**	**4,473,927,407**
EQUITY & LIABILITIES			
EQUITY			
Equity share capital	1,250,000,000	1,250,000,000	1,250,000,000
Other equity			
Reserve & surplus	(924,100,457)	(536,493,099)	(428,562,325)
NON CURRENT LIABILITIES			
Long term borrowings	2,694,287,994	2,735,961,038	2,837,990,284
CURRENT LIABILITIES			
Financial liabilities			
Trade payables	67,217,761	85,836,252	513,785,763
Short term borrowings	234,929,973	261,399,018	184,278,919
Provision	2,507,953	4,717,953	-
Other current liabilities	108,637,738	107,295,162	116,434,765
TOTAL EQUITY & LIABILITIES	**3,433,480,963**	**3,908,716,323**	**4,473,927,407**

Unaudited Statement of Profit or Loss and Other Comprehensive Income **For the year ended 30 Ashwin, 2081 (16 October, 2024)**

Particulars	This Quarter ending on 30th Ashwin 2081 (Unaudited)	Previous Quarter ending on 31st Ashadh 2081 (Unaudited)	Corresponding Previous year quarter Ending 30th Ashwin 2080 (Unaudited)
INCOME			
Revenue	184,819,699	436,475,590	152,893,947
Cost of revenue	54,067,792	200,487,750	-
Revenue from operations (Net)	**130,751,908**	**235,987,840**	**152,893,947**
Other income	4,446	22,004,471	-
EXPENSES			
Employee benefit expenses	1,681,087	3,045,299	4,480,926
Royalty Expenses			3,082,936
Depreciation	270,785	1,005,386	41,040,839
Impairment Loss	448,904,212	-	-
Administrative expenses	504,415	6,083,516	1,272,160
Finance cost	65,642,763	285,143,425	87,098,421
Net profit/(loss) for the year	**(386,246,909)**	**(37,285,315)**	**15,918,665**

Note: (1) The figures are regrouped and rearranged where necessary.
(2) Financial Statements are prepared in accordance with the applicable Nepal Financial Reporting Standards(NFRS).
(3) The unaudited financial figure are subject to change from external auditors and regulatory authority.

धितोपत्र दर्ता तथा निष्कासन नियमावलि २०७३
(अनुसुचि-१४ ,नियम २६ को उपनियम (१) सँग सम्बन्धित)
आ.व २०८१।८२ को प्रथम त्रैमासीक प्रतिवेदन

१) **वित्तिय विवरण :**
क) माउन्टेन हाईड्रो नेपालको उपरोक्त त्रैमासिक अवधि सम्मको अपरिस्कृत वासलात, नाफा नोक्सानको विवरण यसै साथ पेश गरिएको छ ।
ख) **प्रमुख वित्तीय अनुपातहरू/परिसुचकहरू:**

प्रतिशेयर आम्दानि	(३०.९०)	प्रतिशेयर कुल सम्पत्तिको मुल्य	(११.२५)
प्रतिशेयर नेटवर्थ	२६.०७	मुल्य आम्दानि अनुपात	(९.१३)
तरलता अनुपात	०.४९		

२) **व्यवसायिक विश्लेषण:**
यस कम्पनीद्वारा निर्माण गरिएको तल्लो हेवा खोला ज.वि.आ.(२२.१ मे.वा) मिति २०७६।०४।२१ बाट संचालन भएकोमा मिति २०८१ असोज ११ र १२ गते देशभर परेको भारी वर्षाका कारण फेमे खोलाको बाँध र पावरहाउसमा क्षती पुगेको कारण हाल विद्युत उत्पादन बन्द छ भने पुनःनिर्माण कार्य सुरु गरिएको छ । गत वर्षको बाढीको क्षतीको कारण कम्पनीको वित्तीय परिसुचकहरूमा नकरात्मक असर परेको र यस अवधिमा पनि बाढीके कारण कम्पनीको अनुमानित रु ४४ करोड ८९ लाख भन्दा धेरै क्षती भई नेपाल लेखामान अनुसार नाफा नोक्सान विवरणमा लेखाङ्कन भई बीमा दाबी प्रकृयामा रहेको छ भने गत वर्षको बीमा दाबी रकम केहि मात्र प्राप्त हुदाँ बाँकी भुक्तानी प्राप्त हुने प्रकृयामा भएकाले बिगतको तुलनामा परिसुचकहरू (प्रतिशेयर आम्दानि, प्रतिशेयर कुल सम्पत्तिको मुल्य र प्रतिशेयर नेटवर्थ) फेरबदल भई वासलातमा उल्लेख भएका छन् । बीमा वपतको रकम प्राप्त् भए पश्चात् वित्तीय परिसुचकहरूमा सकरात्मक फेरबदल हुन सक्छन् ।

३) **कानुनी कारवाहि सम्बन्धि विवरण:**
क) यस कम्पनी र सिभिल निर्माणका ठेकेदार हिमाल हाइड्रो एण्ड जनरल कन्स्टक्सन लि. बिचको लेनदेन सम्बन्धि विवादको समाधानका लागि पुनःमध्यस्थता परिषदमा मुद्दा प्रकृयामा रहेको छ ।
ख) यस त्रैमासिक अवधिमा संस्थाको संस्थापक र संचालक विरुद्ध कुनै मुद्दा मामिला दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन ।
ग) कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको छैन ।

४) **संस्थाको शेयर कारोबार सम्बन्धमा:**
धितोपत्र बजारमा संस्थाको शेयर कारोवार नियमानुसार सामान्य प्रकृति बाटै भएको छ । यस त्रैमासिक अवधिमा संस्थाको शेयर को अधिकतम, न्यूनतम मुल्य, कारोबार भएको दिन तथा कारोबार संख्या नेपाल स्टक एक्सचेन्ज लि.को वेभसाइट अनुसार निम्न लेखिए बमोजिम रहेको छ ।

अधिकतम मुल्य रु.	२७९	कारोबार दिन	४७
न्यूनतम मुल्य रु.	२३४	कारोबार संख्या	१६,६०३
अन्तिम मुल्य रु.	२८२	कारोबार शेयर संख्या	३७,१३,५६८
कारोबार रकम रु.	१,१२,९३,६६,२६२.१०		

५) **समस्या र चुनौतिहरू:**
संस्थाले बहन गर्नु परेको समस्या र चुनौतिहरू विद्युत उत्पादन सम्बन्धि व्यवसायमा संलग्न अन्य संस्थाहरू सरह नै छन् र विशेषगरि हिउँदमा पानीको कमि र वर्षातमा बाढि पहिरोको जोखिम हुने गर्दछ । आईपर्ने समस्या र चुनौति समाधानका उपायहरू बारे संचालक समितिले समय समयमा समिक्षा गरि रणनिति बनाई सो को निराकरणको उपाय अवलम्वन गर्ने गरेको छ ।

६) **संस्थागत सुसासन:**
कम्पनीले संस्थागत सुशासनका लागि संस्थाको विनियमावली तयार भईरहेको छ र कर्मचारी वृद्धि विकासको लागि उचित व्यवस्था गरेको छ । प्रचलित कानुनको पूर्ण पालना गरि कम्पनीको काम कार्वाहीहरू संचालन भएका छन् ।

७) **सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषन:**
आजका मिति सम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य र तथ्य पूर्ण छन् र लगानि कर्ताहरूलाई सू-सूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाएको छैन ।

Government of Nepal
Ministry of Energy, Water Resources and Irrigation
Department of Water Resources and Irrigation
Water Induced Disaster Management Division
Jawalakhel, Lalitpur

Invitation for Online Bids

Date of publication: 2081/07/15 (31th October, 2024)

Water Induced Disaster Management Division invites electronic bids from eligible bidders for the following bid under National Competitive Bidding (NCB)- Single Stage Two Envelope Bidding procedure.

Name of Work	Turnover	Specific experience requirement	Minimum bid capacity (NRs)	Cost of bidding document	Bank Details	Last day of bid submission	Bid Opening date	Bid Security Amount
Protection Work at Thuli Bheri River, Dolpa **Contract ID: WIDMD/NCB/ Works/81-82/02**	**NRS. 67 millions.**	One contract of at least **NRs. 18 millions** that have been successfully or are substantially completed **in Irrigation/River training work.**	**44 millions**	**NRS. 5,000**	**Name of the Bank:** Nepal Bank Limited **Name of Office:** Department of Water Resources and Irrigation, Lalitpur **Office Code no:** 308033401 **Rajaswa Account No.:** 00101000000001001001 **Rajaswa (revenue) Shirshak no. :** 14229	**12:00 PM on 1st December 2024**	**13:00 PM on 1st December 2024**	**NRS. 12,30,000.00**
Manthali Bazar Protection Works, Ramechhap Contract ID: WIDMD/NCB/Works/81-82/03	NRS. 41 millions.	One contract of at least **NRs. 11 millions** that have been successfully or are substantially completed **in Irrigation/River training work.**	**27 millions**	**NRS. 5,000**	**Name of the Bank:** Nepal Bank Limited **Name of Office:** Department of Water Resources and Irrigation, Lalitpur **Office Code no:** 308033401 **Rajaswa Account No.:** 00101000000001001001 **Rajaswa (revenue) Shirshak no. :** 14229	**12:00 PM on 1st December 2024**	**13:00 PM on 1st December 2024**	**NRS. 12,30,000.00**

For more detail, please visit www.bolpatra.gov.np/egp or Water Induced Disaster Management Division, DWRI, Jawalakhel, Lalitpur.

मूल्य सूचि सम्बन्धी सूचना

यस उद्योगबाट उत्पादित निम्न ब्रान्डका मदिराहरु मिति २०८१।०७।१५ गते देखि लागू हुने गरी निम्न बमोजिमको मूल्यमा विक्री वितरण गरिने भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

दि नेपाल डिष्टिलरिज प्रा. लि.
बालाजु, काठमाडौं

क्र. सं.	ब्रान्डको नाम	मि.लि.	शक्ति UP	नेसनल डिस्ट्रिब्युटर्स मूल्य (मू.अ.क. समेत)	नेसनल डिस्ट्रिब्युटर्स कमिसन	डिस्ट्रिब्युटर्स मूल्य (मू.अ.क. समेत)	डिस्ट्रिब्युटर्स कमिसन	होलसेल मूल्य (मू.अ.क. समेत)	होलसेल कमिसन	खुद्रा विक्रेता मूल्य (मू.अ.क. समेत)	खुद्रा विक्रेता कमिसन	उपभोक्ता मूल्य (मू.अ.क. समेत)	
				प्रति कार्टुन	प्रति कार्टुन	प्रति कार्टुन	प्रति कार्टुन	प्रति कार्टुन	प्रति कार्टुन	प्रति कार्टुन	प्रति कार्टुन	प्रति कार्टुन	प्रति बोटल
१.	Khukri XXX RUM	७५०	२५	२०,४४७।३५	७२१।८३	२१,१६२।१८	१,४२८।०८	२२,५२७।२६	९०३।८९	२३,५०१।१५	१,९३८।८५	२५,४४०।००	२,१२०।००
		३७५	२५	२०,४४७।३५	७२१।८३	२१,१६२।१८	१,४२८।०८	२२,५२७।२६	९०३।८९	२३,५०१।१५	१,९३८।८५	२५,४४०।००	१,०६०।००
		१८०	२५	२०,४४७।३५	७२१।८३	२१,१६२।१८	१,४२८।०८	२२,५२७।२६	९०३।८९	२३,५०१।१५	१,९३८।८५	२५,४४०।००	५३०।००
		२०	२५	२४,१६२।४८	८३४।७२	२४,९२७।२०	१,६५०।५१	२६,६४७।७१	१,०६५।९१	२७,७१३।६२	२,२८६।३८	३०,०००।००	३००।००
२.	Khukri SPICED RUM	७५०	२५	२३,६७३।३३	८१२।८७	२४,४९३।२०	१,६२१।५६	२६,११४।७६	१,०४४।५२	२७,१५२।३५	२,२४०।६५	२९,४००।००	२,४५०।००
		३७५	२५	२३,६७३।३३	८१२।८७	२४,४९३।२०	१,६२१।५६	२६,११४।७६	१,०४४।५२	२७,१५२।३५	२,२४०।६५	२९,४००।००	१,२२५।००
		१८०	२५	२३,६७३।३३	८१२।८७	२४,४९३।२०	१,६२१।५६	२६,११४।७६	१,०४४।५२	२७,१५२।३५	२,२६४।६५	२९,४२४।००	६१३।००
		२०	२५	२७,८२९।१९	९४६।१३	२८,७७५।२४	१,८६२।६३	३०,६४४।८७	१,२२५।८०	३१,८७०।६७	२,६२९।३३	३४,५००।००	३४५।००
३.	Khukri WHITE RUM	७५०	३०	२३,६७४।३३	८१२।८७	२४,४९४।२०	१,६२०।५६	२६,११४।७६	१,०४४।५२	२७,१५२।३५	२,२४०।६५	२९,४००।००	२,४५०।००
		३७५	३०	२३,६७४।३३	८१२।८७	२४,४९४।२०	१,६२०।५६	२६,११४।७६	१,०४४।५२	२७,१५२।३५	२,२४०।६५	२९,४००।००	१,२२५।००
		१८०	३०	२३,६७४।३३	८१२।८७	२४,४९४।२०	१,६२०।५६	२६,११४।७६	१,०४४।५२	२७,१५२।३५	२,२६४।६५	२९,४२४।००	६१३।००
		२०	३०	२७,८२९।१९	९४६।१३	२८,७७५।२४	१,८६२।६३	३०,६४४।८७	१,२२५।८०	३१,८७०।६७	२,६२९।३३	३४,५००।००	३४५।००
४.	NUDE SUPERIOR VODKA	७५०	३०	२१,४४३।८७	९७२।९१	२२,४१६।७८	१,५३१।९८	२३,९४८।७६	१,१३७।५७	२५,०८६।३३	१,७९३।६७	२६,८८०।००	२,२४०।००
		३७५	३०	२१,४४३।८७	९७२।९१	२२,४१६।७८	१,५३१।९८	२३,९४८।७६	१,१३७।५७	२५,०८६।३३	१,७९३।६७	२६,८८०।००	१,१२०।००
		१८०	३०	२१,४४३।८७	९७२।९१	२२,४१६।७८	१,५३१।९८	२३,९४८।७६	१,१३७।५७	२५,०८६।३३	१,७९३।६७	२६,८८०।००	५६०।००
		२०	३०	२५,१७५।९६	१,१२२।३६	२६,२९८।३२	१,७६६।६३	२८,०६४।९५	१,३३३।०९	२९,३९८।०४	२,१०१।९६	३१,५००।००	३१५।००
५.	ARISTOCRAT	७५०	४०	११,८८८।३७	५८३।६१	१२,४७१।९८	९६०।६५	१३,४३२।६३	६७१।६४	१४,१०४।२७	७७५।७३	१४,८८०।००	१,२४०।००
		३७५	४०	११,८८८।३७	५८३।६१	१२,४७१।९८	९६०।६५	१३,४३२।६३	६७१।६४	१४,१०४।२७	७७५।७३	१४,८८०।००	६२०।००
		१८०	४०	११,८८८।३७	५८३।६१	१२,४७१।९८	९६०।६५	१३,४३२।६३	६७१।६४	१४,१०४।२७	७७५।७३	१४,८८०।००	३१०।००
६.	KARDA XXX	७५०	४०	११,१४४।६६	५४९।७५	११,६९४।४१	७३३।८२	१२,४२८।२३	६२१।४२	१३,०४९।६५	७५०।३५	१३,८००।००	१,१५०।००
		३७५	४०	११,१४४।६६	५४९।७५	११,६९४।४१	७३३।८२	१२,४२८।२३	६२१।४२	१३,०४९।६५	७५०।३५	१३,८००।००	५७५।००
		१८०	४०	११,१४४।६६	५४९।७५	११,६९४।४१	७३३।८२	१२,४२८।२३	६२१।४२	१३,०४९।६५	७७४।३५	१३,८२४।००	२८८।००

का.नि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.न. १७/०६९/०७०
बिहीबार १५ कार्तिक ०८१
www.nayapatrikadaily.com
नयाँ पत्रिका

साफ महिला च्याम्पियनसिपको फाइनलमा छैटौँपटक पनि चुक्यो नेपाल

घरेलु मैदानमै बंगलादेशसँग लगातार दोस्रोपटक फाइनलमा स्तब्ध

रमेश सुवेदी/नयाँ पत्रिका

१५ हजार ३७३ समर्थक र घरेलु टोली नेपाललाई २-१ ले स्तब्ध पार्दै बंगलादेशले बुधबार सातौँ दक्षिण एसियाली (साफ) च्याम्पियनसिपको उपाधि जितेको छ। बंगलादेशले लगातार दोस्रोपटक फाइनलमा नेपाललाई हराउँदै उपाधि रक्षा गरेको छ। सन् २०२२ मा दशरथ रंगशालामै भएको उपाधि भिडन्तमा नेपाल बंगलादेशसँग ३-१ ले स्तब्ध भएको थियो। घरेलु मैदानमा नेपालको उपाधि जित्ने लक्ष्य यसपटक पनि पूरा हुन सकेन। १४ वर्षको अन्तरमा नेपाली महिला फुटबल टोलीले समग्रमा १२ अन्तर्राष्ट्रिय फाइनल गुमायो। जसमध्ये ६ वटा साफ च्याम्पियनसिप नै रह्यो। नेपालले साफको सातमध्ये ६ साफ फाइनल खेल्यो। चार भारत र बंगलादेशसँग दुई फाइनल खेल नेपालले गुमाएको छ। सन् २०१६ मा मात्र नेपाल अन्तिम दुईमा पुग्न सकेन। त्यसवेला नेपाल सेमिफाइनलमा रोकिएको थियो।



सातौँ दक्षिण एसियाली (साफ) च्याम्पियनसिपको उपाधि विजेता बंगलादेश। तस्बिर : **ज्ञानेन्द्र कार्की**/ नयाँ पत्रिका

दोस्रो हाफमा तीन गोल

नेपाल र बंगलादेशले पहिलो हाफमा गोलरहित बराबरी खेलेका थिए। १५ हजार दर्शकका अगाडि दुवै टोलीका खेलाडी मध्यान्तरअघि नर्भस देखिन्थे। यद्यपि, नेपालको तुलनामा बंगलादेशले सुधारिएको प्रदर्शन गरेको थियो। नेपालको फिनिसिङ र मिडफिल्ड कमजोर देखियो। खेलको ५२औँ मिनेटमा मनिका चक्माले बंगलादेशलाई १-० को अग्रता दिलाइन्। नेपाली डिफेन्डरको गल्तीमा उनले सहजै गोल गरिन्। नेपालको डिबक्सभित्र आठ खेलाडी थिए। मनिकाले नेपालको डिफेन्स तोड्दै सहजै गोल गरिन्। बंगलादेशको अग्रता धेरै बेर रहेन। नेपालले चार मिनेटभित्र नै बराबरी गोल फर्कायो। अमिषा कार्कीले उत्कृष्ट बराबरी गोल फर्काउँदा घरेलु दर्शकले खुसी मनाए। अमिषाले प्रीति राईले निकालेको थ्रो बलमा बंगलादेशी गोलरक्षक रुक्मा चक्मालाई बिट गर्दै १-१ का लागि गोल गरिन्। खेलको ८१औँ मिनेटमा बंगलादेशले पुनः गोल गर्दै फाइनलमा २-१ को अग्रता बनायो। रितु पुर्ना चक्माले बक्सबाहिरबाट प्रहार गरेको बल स्विङ भएको थियो। नेपालकी गोलरक्षक अञ्जिला तुम्बापो सुब्बाले पहिलो बारमा बल छेक्ने कोसिस गरेकी थिइन्।

समान एक प्रहार पोलमा

पहिलो हाफको १० मिनेटमा रोमाञ्चक भिडन्त भएको थियो। दुवै टोलीका खेलाडी आक्रामक रूपमा प्रस्तुत भएका थिए। खेलको दोस्रो मिनेटमै बंगलादेशकी सविना खातुनको प्रहार क्रसबारमा लागेको थियो। खेलको १०औँ मिनेटमा नेपालकी अमिषा कार्कीले गरेको प्रहार बारमा लागेर फर्किएको थियो। दोस्रो हाफमा नेपालकी कप्तान अञ्जिलाले उत्कृष्ट बचाउ गर्दै फराकिलो गोल अन्तरको हार टारेकी थिइन्। खेलको ६८औँ मिनेटमा मारिया मान्डाले बक्सबाहिरबाट हानेको प्रहारलाई उनले पन्च गरेकी थिइन्। नेपालका मुख्य प्रशिक्षक राजेन्द्र तामाङले भारतविरुद्ध सेमिफाइनल खेलेको पहिलो रोजाइमा एक खेलाडीलाई फाइनलमा परिवर्तन गरेका थिए। रेखा पौडेलले भारतविरुद्ध दोहोरो पहँेलो कार्ड सामना गरेपछि फाइनल गुमाएकी हुन्। खेलमा दोस्रोपटक अग्रता गोलपछि बंगलादेशले बल पोसेसनमा पकड बनायो। उसले नेपाललाई आक्रमण बुन्ने अवसर दिएन।

अमिषालाई परिवर्तन गर्नु नै गल्ती भयो

राजेन्द्र तामाङ, प्रशिक्षक, नेपाल



नेपालको प्रदर्शन हेर्दा समग्रमा साफ च्याम्पियनसिप राम्रो भयो। दोस्रो हाफमा अमिषालाई परिवर्तन गर्नु नै ठूलो गल्तीजस्तो लाग्छ। बंगलादेशको दोस्रो गोल हुँदा हाम्रा गोलरक्षक तयार देखिएनन्। डिफेन्सबाट पनि राम्रो भएन। बंगलादेशीका लागि विजयी गोल गरेकी खेलाडीलाई अनिताले रोक्न सकिनन्। अगाडि सावित्रा भण्डारी एक्लैजस्तै देखियो। उनले सही समयमा बल पास नै पाउन नै सकिनन्। प्रतियोगितापछि एन्फाले महिला फुटबलबारे योजना बनाउनुपर्छ। साफजस्तो प्रतियोगिता खेल्न छोटो तयारीले पुग्दैन। यसका लागि राम्रो र लामो तयारी हुनुपर्छ। विजेता बंगलादेशको तयारी र योजना निकै राम्रो छ। नेपालले फिफा महिला विश्वकप खेल्ने योजना बनाएको छ। तर, यस किसिमको योजनाले सम्भव छैन।

प्रशिक्षकको पद छाड्ने घोषणा

नेपाली महिला राष्ट्रिय टोलीका मुख्य प्रशिक्षक राजेन्द्र तामाङले पद छाड्ने घोषणा गरेका छन्। लगातार दोस्रोपटक बंगलादेशसँग फाइनलमा हारेपछि तामाङले पद छाड्ने घोषणा गरेका हुन्। 'अब महिला टोलीसँग काम गर्दिनँ, आजको खेल अन्तिम हो,' उनले भने, 'राजीनामाभन्दा पनि अब छाड्छु ।' उनले प्रशिक्षण करिअरलाई निरन्तरता दिने बताएका छन्। 'अब म क्लबतिर जान्छु,' तामाङले भने, 'नेपाली टोलीमा अरू नयाँ मान्छे आउँछन्।' उनको प्रशिक्षण महिला टोलीले गत वर्ष वाफ च्याम्पियनसिप खेलेको थियो। त्यतिवेला नेपाली टोली फाइनलमा जोर्डनसँग पराजित भएको थियो।

प्रधानमन्त्रीद्वारा नेपाली टोलीको प्रशंसा



प्रधानमन्त्री केपी शर्मा ओलीले सातौँ साफ महिला फुटबलमा उपविजेता भएको नेपाली खेलाडीले उत्कृष्ट खेलेको भन्दै प्रशंसा गरेका छन्। दशरथ रंगशालामा नेपाल र बंगलादेशबिचको फाइनल खेल हेरेका प्रधानमन्त्री ओलीले सामाजिक सञ्जालबाट घरेलु खेलाडीको प्रशंसा गरेका हुन्। 'अब अर्को खेल जित्ने गरी मिहिनेत हुने विश्वास छ। उत्कृष्ट प्रदर्शन गरेको नेपाली टोलीलाई धन्यवाद छ,' उनले भने।

उपविजेता नेपाललाई काठमाडौं महानगरको २५ लाख पुरस्कार

काठमाडौं महानगरपालिकाले साफ महिला च्याम्पियनसिपको उपविजेता बनेको नेपाली महिला टोलीलाई २५ लाख रुपैयाँ प्रदान गरेको छ। महानगरका मेयर बालेन्द्र शाह र उपमेयर सुनिता डंगोलले बुधबारै एक कार्यक्रमबिच उपविजेता टोलीलाई चेक हस्तान्तर गर्दै पुरस्कृत गरेका हुन्।

सात संस्करण फाइनल नतिजा

सन्	विजेता	उपविजेता	गोल
२०१०	भारत	नेपाल	१-०
२०१२	भारत	नेपाल	३-१
२०१४	भारत	नेपाल	६-०
२०१६	भारत	बंगलादेश	३-१
२०१९	भारत	नेपाल	३-१
२०२२	बंगलादेश	नेपाल	३-१
२०२४	बंगलादेश	नेपाल	२-१

सात खेलपछि लिग २ मा नेपालको पहिलो जित

नयाँ पत्रिका

नेपालले आइसिसी विश्वकप लिग २ क्रिकेट प्रतियोगितामा सातौँ खेलपछि पहिलो जित निकालेको छ। अमेरिकामा चलिरहेको लिग २ मा नेपालले स्कटल्यान्डलाई पाँच विकेटले हराएको हो। जितसँगै नेपाल अंक तालिकाको सातौँ स्थानमा छ। नेपालले लिग २ मा १० खेलबाट ५ अंक बटुलेको छ। यसअघि नेपालले १७ फेब्रुअरीमा त्रिवि क्रिकेट मैदानमा नेदरल्यान्ड्समाथि नौ विकेटको सानदार जित निकालेको थियो। त्यसपछि नेपालले लिग २ मा ६ खेल गुमाएको थियो। एक खेल वर्षाका कारण रद्द भएको थियो।

अमेरिकाको डालासमा प्रतियोगिताको ३९औँ खेलमा स्कटल्यान्डले पहिलो ब्याटिङ गर्‍यो। नेपालले स्कटल्यान्डलाई ४१.४ ओभरमा १५४ रनमै रोक्यो। प्रत्युत्तरमा नेपाल २९.५ ओभरमा पाँच विकेटले विजयी भयो। नेपालले पाँच विकेटको क्षतिमा १५७ रन बनायो। खेल १२१ अघि नै सकियो।

आरिफको उत्कृष्ट प्रदर्शन

नेपाललाई महत्त्वपूर्ण २ अंक दिलाउन आरिफ शेखले उत्कृष्ट प्रदर्शन गरे। उनले लक्ष्य पछ्याएको ब्याटिङ इनिङ्समा ४२ बलमा ५१ रन बटुलेका थिए। यसैगरी बलिङमा नौ रन खर्चेर उनले एक विकेट हात पारे। फिल्डिङमा उनले दुई क्याचसमेत लिए। यसै प्रदर्शनका कारण उनी खेलकै म्यान अफ दी म्याच भए। नटआउट रहेका आरिफले आठ चौका प्रहार गरे। उनले छैटौँ विकेटका लागि गुल्सन झासँग ५७ रनको साझेदारी गरे। गुल्सनले ३० बलमा तीन चौका र एक छक्काको सहयोगमा २५ रन बनाए।

आरिफले स्कटल्यान्डविरुद्ध खेलेको अर्धशतकीय इनिङ्स करिअरकै सातौँ हो। उनले ५५ एकदिवसीय खेलमा एक हजार ९७ रन जोडेका छन्। नेपालको ब्याटिङमा ओपनर अनिल साह र आसिफ शेखले पहिलो विकेटका लागि ६.१ ओभरमा ३२ रनको साझेदारी गरेका थिए। अनिलले १९ बलमा एक छक्काको सहयोगमा १३ रन बनाए। १०.६ ओभरमा नेपालले कुशल मल्ललाई गुमाएको थियो। कुशलले सात रन जोडे। ओपनर आसिफ २१ रनमा आउट भए। उनले ३४ बलमा एक चौका प्रहार गरे। कुशल भुर्तेलले चौथो क्रममा खेल्दै ३४ बलमा २५ रनको योगदान दिए।

> नेपालले आइसिसी विश्वकप लिग २ मा अन्तिमपटक १७ फेब्रुअरीमा नेदरल्यान्ड्सलाई नौ विकेटले हराएको थियो

स्कटल्यान्डविरुद्ध कसिलो बलियो

नेपाली बलरले स्कटल्यान्डविरुद्ध कसिलो बलिङ गरे। लेग स्पिनर सन्दीप लामिछानेले १० ओभरमा एक मेडन राखी ४५ रन खर्चेर सर्वाधिक तीन विकेट लिए। सोमपाल कामीले ८.४ ओभरमा एक मेडन खेल्दै दुई विकेट लिए। करण केसीले २६ रन खर्चेदै दुई विकेट लिए। गुल्सन झाले दुई र आरिफले एक विकेट लिए।

स्कटल्यान्डको ब्याटिङमा मार्क वाटले सर्वाधिक ३४ रनको योगदान दिए। उनले आफ्नो इनिङ्समा तीन छक्का प्रहार गरेका थिए। ओपनर चार्ली टियर शून्यमा आउट भए। उनलाई करणले बोल्ड गरे। स्कटल्यान्डले इनिङ्सको पाँचौँ बलमै चार्लीको विकेट गुमाएको थियो। स्कटल्यान्डले पाँच विकेट गुमाउँदा स्कोर बोर्डमा ७० रन जोडेको थियो।



नेपालको अघिल्लो सात खेल

- २७ अक्टोबर २०२४, अमेरिका तीन विकेटले विजयी
- २४ सेप्टेम्बर २०२४, ओमानसँगको खेल वर्षा कारण रद्द
- २२ सेप्टेम्बर २०२४, क्यानडा पाँच विकेटले विजयी
- १८ सेप्टेम्बर २०२४, ओमान एक विकेटले विजयी
- १६ सेप्टेम्बर २०२४, क्यानडा १०३ रनले विजयी
- २५ फेब्रुअरी २०२४, नेदरल्यान्ड्स आठ विकेटले विजयी
- २१ फेब्रुअरी २०२४, नामिबिया दुई विकेटले विजयी

आइएसएफ जिम्नासाइडमा नेपालले जित्यो सात पदक

नयाँ पत्रिका

नेपालले आइएसएफ जिम्नासाइड समर गेम्समा तीन स्वर्ण, एक रजत र तीन कांस्यसहित सात पदक जितेको छ। बहराइनमा बुधबार सम्पन्न आइएसएफ जिम्नासाइडमा नेपालले पाँच खेलमा सहभागिता जनाउँदा बक्सिङ र तेक्वान्दोमा पदक हात पारेको हो। टेबुलटेनिस, ब्याडमिन्टन र पुरुष थ्री बाई थ्री बास्केटबलमा भने सहभागितामै सीमित बन्यो। नेपालले बक्सिङमा समान दुई स्वर्ण र कांस्य जितेको थियो। तेक्वान्दोका खेलाडीले राष्ट्रलाई समान एक स्वर्ण, रजत र कांस्य दिलाए।



बक्सिङको पुरुष ८० केजीमुनि नोर्बु थेन्डुप लामा र महिला ५४ केजीमुनि स्वस्तिका तिरुवाले स्वर्ण जिते। दुवै खेलाडीका यो पहिलो अन्तर्राष्ट्रिय स्वर्ण हुन्। बक्सिङकै पुरुष ४६ केजीमुनि रोहित जनाला र ८० केजीमुनि सूर्यान वैद्यले कांस्य हात पारे। बहराइनको मानामामा भएको प्रतिस्पर्धामा तेक्वान्दोमा उज्ज्वल वाग्लेले दोहोरो पदक जित्न सफल भए। नैकापस्थित ब्राइट फ्युचर माविमा अध्ययनरत उज्ज्वलले पुरुष ६८ केजीमुनि स्वर्ण र पुरुष एकल पुम्सेमा रजत जितेका हुन्। तेक्वान्दोकी निविता केसीले महिला एकल पुम्सेमा कांस्य जितिन्।

नेपालबाट ३२ खेलाडी

प्रत्येक दुई वर्षको अन्तरमा हुने यू-१८ उमेर समूहको आइएसएफ जिम्नासाइडको २० औँ संस्करणमा नेपालबाट पाँच खेलमा ३२ खेलाडी सहभागी थिए। बक्सिङ र तेक्वान्दोमा समान पाँच खेलाडीले भाग लिएका थिए। टेबुलटेनिसमा ६, पुरुष थ्री बाई थ्रीको बास्केटबलमा चार टोलीमा समग्रमा १५ खेलाडी थिए। ब्याडमिन्टनमा एक खेलाडीले सहभागिता जनाएको संघले जनाएको छ। १९७४ मा जर्मनीदेखि सुरु भएको आइएसएफ जिम्नासाइडमा नेपालले फ्रान्सको नोरमन्डीमा भएको १९औँ संस्करणमा पहिलोपटक सहभागिता जनाएको थियो।

रूपेशले जिते बुद्धिचाल उपाधि

काठमाडौं/ एफएम रूपेश जैसवालले तेस्रो नेपालभाषा मंकाः खलः राष्ट्रव्यापी च्यापिड रेटिङ बुद्धिचालको उपाधि जितेका छन्। ललितपुर महानगरपालिका-११ बाट खेलेका रूपेशले नौमध्ये सात खेलमा जित र दुई बराबरी खेल्दै उपाधि हात पारेका हुन्। उनले सर्वाधिक ८ अंक बनाए। प्रतिस्पर्धामा तीनजना खेलाडीले समान ७ अंक जोडेका थिए। डाइरेक्ट इन्काउन्टरमा राजन पुरी दोस्रो भए। राम्रो खेल प्रस्तुत गर्दै ७ अंक बनाएका थापाथली चेस पार्कका आशिष फुयाँल तेस्रो र ललितपुरका सुरोज महर्जन चौथो भएका छन्।

ललितपुरका ओलम्पियाड खेलाडी सिएम सजिन महर्जन ६.५ अंकका साथ पाँचौँ र आर बज्राचार्य छैटौँ स्थानमा रहे। पूर्वनेपाल च्याम्पियन सिएम केशव श्रेष्ठ सातौँ, युवा पुरुषोत्तम सिलवाल आठौँ र एफएम क्षितिज भण्डारी नवौँ स्थानमा रहेका छन्। महिला खेलाडीमा महिला च्याम्पियन सिन्दिरा जोशी ५.५ अंकका साथ शीर्ष स्थानमा रहिन्। शान्ति धिमाल ५ अंकका साथ दोस्रो र ४ अंक जोडेकी सोनी डंगोल तेस्रो भएको आयोजकले जनाएको छ। ललितपुर जिल्लाबाट रत्न व्यञ्जनकार पहिलो र सानुराज बज्राचार्य दोस्रो भएका छन्।



न्युजिल्यान्डका गुप्तिल विराटनगरमा अनुबन्ध

नयाँ पत्रिका

तीनवटै फर्म्याटमा २३ अन्तर्राष्ट्रिय शतक बनाएका न्युजिल्यान्डका सर्वाधिक अनुभवी मार्टिन गुप्तिल एनपिएल खेल्ने अहिलेसम्मकै ठुला नाम गरेका विदेशी खेलाडी

न्युजिल्यान्डका भेट्रान खेलाडी मार्टिन गुप्तिलले विराटनगर किंग्सबाट नेपाल प्रिमियर लिग (एनपिएल) खेल्ने भएका छन्। १५ मंसिरदेखि सुरु हुने एनपिएलका लागि विराटनगरले न्युजिल्यान्डका अनुभवी खेलाडी गुप्तिललाई अनुबन्ध गरेको मंगलबार सामाजिक सञ्जालमार्फत जानकारी दिएको छ। ३८ वर्षीय गुप्तिलले एकदिवसीय विश्वकपमा दोहोरो शतकीय इनिङ्स खेलेका छन्। एनपिएलमा अनुबन्ध भएका विदेशी खेलाडीमध्ये गुप्तिल अहिलेसम्मकै ठुला नाम गरेका हुन्।



गुप्तिल विराटनगरले अनुबन्ध गरेको तेस्रो विदेशी खेलाडी हुन्। यसअघि विराटनगरले ओमानका कप्तान तथा अलराउन्डर अकिब इल्यास र क्यानडाका कप्तान निकोलस किर्टोनलाई अनुबन्ध गरिसकेको छ। गुप्तिलले इन्डियन प्रिमियर लिग (आइपिएल) मा मुम्बई इन्डियन्स, सनराइजर्स हैदराबाद र पन्जाब किंग्सबाट प्रतिस्पर्धा गरिसकेका छन्।।

उनले करिअरमा समग्रमा २३ अन्तर्राष्ट्रिय शतकीय इनिङ्स खेलेका छन्। उनले टेस्टमा तीन, एकदिवसीयमा १८ र टी-२० आईमा दुई शतक प्रहार गरेका छन्।

कर्णालीमा बाबर



कर्णाली याक्सले दोस्रो विदेशी खेलाडीका रूपमा हडकडका अनुभवी बाबर हायातलाई अनुबन्ध गरेको छ। कर्णालीले ३२ वर्षीय खेलाडी हायातलाई भित्र्याएको सामाजिक सञ्जालबाट जानकारी दिएको हो। बाबरले हडकडका लागि ७९ टी-२० आईमा एक हजार ९१० रन बनाएका छन्। उनको स्ट्राइक रेट १३२.२७ रहेको छ। हडकडका लागि उनले दुई शतक र १० अर्धशतक बनाएका छन्। उनले सन् २०२४ मै नेपालविरुद्ध नै ११० रन बनाएका थिए। हायातको आगमनले टोली बलियो भएको कर्णालीका मुख्य प्रशिक्षक ज्ञानेन्द्र मल्लले बताएका छन्। 'बाबर हायात निकै अनुभवी खेलाडी हुन्।

न्युजिल्यान्डका स्कट सुदूरपश्चिममा



एनपिएलमा सुदूरपश्चिम रोयल्सले न्युजिल्यान्डका बलिङ अलराउन्डर स्कट कुगेलेइनलाई अनुबन्ध गरेको छ। न्युजिल्यान्डका लागि टेस्ट, एकदिवसीय र टी-२० आईमा प्रतिस्पर्धा गरेका स्कटले यसै वर्ष मात्र अस्ट्रेलियाविरुद्ध टेस्ट खेलेका थिए। तीव्र गतिको बलिङ गर्ने क्षमता भएका स्कट ठूला सट खेल्न सक्छन्। उनले सन् २०११ देखि प्रथम श्रेणी क्रिकेट खेल्दै आएका छन्। टी-२० क्रिकेटमा १६८ विकेट लिएका स्कटले ब्याटिङमा एक हजार २२ रन बटुलेका छन्।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com